# अध्याय-एक

## परिचय

### १.१ अध्ययनको पृष्ठभूमि

बालबालिकाको आदत, कुशल बानीहरु प्राप्त गर्न बालविकास केन्द्रमा र सहयोगी कार्यकर्ता र बालबालिका विच हुने मनोरन्जनात्मक अन्तरक्रियालाई शिक्षण सिकाइ क्रियाकलाप भनिन्छ । जहाँ बालक हाँस्छ, रमाउँछ, गीत गाउँछ, सहयोगी कार्यकर्ता सँगै विभिन्न क्रियाकलापमा संलग्न भइ ज्ञान, आदत, बानीहरु निर्माण गर्दछ । साथै साथी, सहयोगी कार्यकर्ता, विषयवस्तु र केन्द्रको वातावरणका बीचको अन्तरक्रियाबाट सिकाइ अनुभव प्राप्त गर्दछ । बालकले स्वतन्त्र रुपमा खेल, गीत संगीतबाट सिक्छ, विभिन्न बालसामग्रीबाट अनुभव प्राप्त गर्दछ । यसरी सिक्दा सहयोगी कार्यकर्ता वा शिक्षिकाले सहजीकरण गर्दछिन् । यसैलाई प्रारम्भिक बालविकास केन्द्रमा शिक्षण सिकाइ क्रियाकलाप भनिन्छ ।

प्रारम्भिक बालविकास केन्द्रमा शिक्षण सिकाइ क्रियाकलाप सञ्चालन पछि बालबालिकाको शारीरिक, मानसिक, संवेगात्मक र बौद्धिक पक्षको विकास हुन्छ । विद्यालय आउने बानी वा आदतको विकास हुन्छ । स्वतन्त्र रुपमा अन्तर्निहत व्यवहार प्रस्फुटन हुने मौका पाउँछ, उसको स्वतन्त्र र व्यक्तिवादी भावनाको विकास हुन्छ भने अर्कोतिर सामूहिक कार्यमा संलग्न भई सहयोगात्मक र सामाजिक समायोजनका व्यावहारहरु सिक्न सक्दछ । यी कुराहरुले गर्दा प्रारम्भिक बालविकास केन्द्रमा शिक्षण सिकाइ क्रियाकलाप आवश्यक परेको हो । बालविकास केन्द्रको शिक्षण सिकाइ क्रियाकलापबाट व्यवहारमा आएको परिवर्तनले प्राथमिक कक्षाको शिक्षण सिकाइमा सहजता र सिकाइ उपलब्धिमा वृद्धि हुन्छ । नेपाल सरकार शिक्षा विभागको २०६१ को तथ्याङ्क अनुसार प्रारम्भिक बाल विकासको अनुभव नलिएको बालबालिकाको सोही दर ४२ को दाँजोमा ८३ देखाएको छ । यसबाट पनि सहजै अनुमान गर्न सकिन्छ कि प्रारम्भिक बालविकास कार्यक्रममा बालकका सर्वाङ्गीण विकास गर्ने क्रियाकलाप आवश्यक छ ।

पूर्व प्राथमिक कक्षाका बालबालिका बढी चुलबुले, खेल्न मन पराउने, गीत गाउने, कथा सुन्ने, आफ्नै संसारमा रमाउने हुन्छन् । त्यसैले यसमा बढी बाधा अड्चन नगरी डर धम्की आदि नदेखाई उनीहरुमा भएको जाँगरलाई कायम राख्न सहभागी आधार प्रक्रियाबाट सिकिने कुरा जोड दिइएको पाइन्छ । पाठ्यपुस्तक लिएर शब्द, वाक्य, कण्ठ गरेर घोक्न लगाउँदा दिर्घकालीन नहुने हुँदा सुनेर, छोएर, हेरेर र अनुसन्धान गर्न लगाएर सिकाउनुपर्ने साथै यसको लागि शिक्षकको परिश्रमको लगनीलता र मेहनतको पनि आवश्यकता पर्दछ ।

नेपालको शैक्षिक विकास क्रमलाई हेर्दा २००७ सालपछि मन्टेश्वरी नामको पूर्व प्राथमिक कक्षा बालकक्षाको सुरुवात भएको पाइन्छ । नेपालको शैक्षिक इतिहासमा प्रारम्भिक बालविकास शिक्षा

नयाँ र शिशु अवस्थामै हुर्केको शिक्षा हो । शिक्षाका इतिहासका पानाहरुलाई पल्टाउने हो भने नेपालको बालविकास शिक्षाको औपचारिकता लिन वि.सं. २०१८ सालको सर्वाङ्गीण राष्ट्रिय शिक्षा समितिलाई पर्खिनुपर्‍यो । यसले पहिलो पटक पूर्व प्राथमिक शिक्षाको आवश्यकता महशुस गर्‍यो । जसअनुसार बालमन्दिरको स्थापना भएको पाइन्छ । यसले खेलद्वारा सिक्ने सिद्धान्तभन्दा विद्यालय शिक्षा प्रविधिलाई बढी आत्मसात गर्‍यो । राष्ट्रिय शिक्षा आयोग २०४९ ले चार वर्ष पुगेका बालबालिकाको चौतर्फी विकासलाई ध्यानमा राखी एक वर्षे पूर्व प्राथमिक शिक्षाको व्यवथा गर्नुपर्ने कुरालाई जोड दियो । त्यस्तै २०५८ पनि बालविकास केन्द्रमा २ वर्षे पूर्व प्राथमिक शिक्षाको व्यवस्था गर्नुपर्ने र स्थानीय निकायले सञ्चालन र रेखदेख गर्नुपर्ने कुरामा जोड दिइयो । वर्तमान समयमा वा २०६१ पछि बालबालिकाको लागि सुहाउँदो बाल सुलभ वातावरण निर्माण गर्न सके उनीहरुको समग्र विकासमा योगदान गर्न सकिन्छ भन्ने अवधारणा अनुरुप बालविकास केन्द्र खोल्ने लहर चलेको छ । दुई तीन वर्ष अघिदेखि बजेट भाषण मार्फत् सरकारले नयाँ बालविकास केन्द्र खोल्ने अनुमति दिन संख्या र बजेट समेत तोक्ने गरेको छ ।

नेपालमा हालको बालविकास केन्द्र विस्तार र यसको अवस्था हेर्ने हो भने बालबालिकाका लागि मैत्रीपूर्ण अवस्था सिर्जना गर्नुपर्ने देखिन्छ । बालविकास केन्द्रको न्यूनतम स्तर कायम गरी प्रत्येक बालविकास केन्द्रमा बालबालिकासको स्तर सुहाउँदो शिक्षण सिकाइ र उपयुक्त भित्री र बाहिरी वातावरणको व्यवस्थापन हुनुपर्छ । बालकको सर्वाङ्गीण विकास हुन क्रियाकलाप गरी उपयुक्त सेवा प्रदान गर्नुपर्दछ । अहिले नेपालको प्रत्येक भूभागमा समुदायमा आधारित र विद्यालयमा आधारित बालविकास केन्द्र खोल्ने लहर नै आएको छ भने सरकारको पनि प्रत्येक वर्ष बालविकास केन्द्र थप गर्ने नीति रहेको छ ।

नेपाल सरकारको आर्थिक सर्वेक्षण २०६७/०६७ अनुसार आ.व. २०६५/६६ सम्म चौबिस हजार सात सय त्रिहत्तर वटा बालविकास केन्द्र स्थापना भइसकेका छन् भनेको छ भने २०६६/०६७ मा करिब दुई हजार बालविकास केन्द्र खोल्ने लक्ष्य राखेको पाइन्छ । नेपाल सरकारको विद्यालय क्षेत्र सुधार कार्यक्रम अनुसार प्रारम्भिक बालविकास केन्द्रमा बालमैत्री वातावरण सृजना गर्न तथा मातृभाषामा सिक्न पाउने बालअधिकार सुनिश्चित गर्न सिकाइको माध्यमको रुपमा प्रयोग गर्नुपर्दछ भनेको छ । नेपाल सरकारको विद्यालय क्षेत्र सुधार अनुसार प्रारम्भिक बालशिक्षा तथा विकास कार्यक्रममा बालबालिकाको पहुँच तथा सहभागिता बढाउन पिछडिएको क्षेत्रमा कार्यक्रम विस्तार गरिने, न्यूनतम मापदण्ड हासिल गर्न सिकाइ तथा बालविकासका लागि आवश्यक साधन स्रोत तथा बालमैत्री वातावरणको व्यवस्था गर्ने, सरकारले चारवर्षका बालबालिकाका लागि खर्च व्यहोर्ने, सहयोगी कार्यकर्ताको नियुक्ती बालविकास केन्द्र सञ्चालन निर्देशिका अनुसार गर्ने जस्ता रणनीतिक क्रियाकलापले बालविकास केन्द्रले लिने, प्रारम्भिक बालविकास केन्द्र सञ्चालनका लागि वा शिक्षण सिकाइ क्रियाकलाप सञ्चालनका लागि छुट्टै कक्षा कोठा,

सुरक्षित, सफा र बालमैत्री पूर्ण हुनुपर्ने, भर्ना भएका प्रत्येक बालबालिकालाई शैक्षिक सामग्रीको व्यवस्था हुनुपर्ने र तालिम प्राप्त सहजकर्ता हुनुपर्ने भनि प्रस्ताव गरेको देखिन्छ ।

नेपालमा विगत केही वर्षदेखि प्रारम्भिक बालविकास केन्द्रको विस्तार र प्रभावकारी शिक्षण सिकाइमा निकै जोड दिइएको पाइन्छ । संस्थागत तथा आवासिय विद्यालयहरुको नर्सरी तथा किन्डरगार्डेन विद्यालय शिक्षा सञ्चालन गरी जनरुचि बढाएको पाइन्छ । महिलाहरु घरबाहिरको काममा बढी संलनता बढ्दै गएको परिप्रेक्ष्यमा यस किसिमको शिक्षाप्रति अभिभावको चासो र आकर्षण बढेको छ भने ग्रामीण क्षेत्रमा सामुदायिक विकास परियोजनाहरुका माध्यमबाट बाल कक्षा खोल्न प्रोत्साहत गरिएको पाइन्छ ।

विश्वभरी नै बाल अधिकार, बाल स्वतन्त्रता तथा बाल स्वच्छन्दताको संरक्षण गरी बालमैत्री वातावरण तयार गरी बाल विकासमा जोड दिइएको परिप्रेक्ष्यमा नेपालमा पनि यसको प्रभाव र विस्तार हुन अनौठो होइन । अतः बालविकास केन्द्रको विस्तार मात्रै पनि समस्याको निकास नभएकोले बालमैत्री कक्षा शिक्षण वा सफल शिक्षण सिकाइ क्रियाकलाप आजको आवश्यकता हो ।

यसरी बालबालिकाको विकासलाई प्रमुख केन्द्र विन्दुको रुपमा लिएर बालविकास कार्यक्रम संचालन गर्ने अभियान चल्दै जाँदा बालविकास केन्द्रमा बालविकासलाई वास्तवमा केन्दमा राखिएको छ कि छैन ? के कस्ता क्रियाकलाप भएका छन् ? बालविकासको शिक्षाको शुरुवातबाट हालसम्म के के हुँदै आयो ? भन्ने मूल प्रश्न एकातिर छन् भने अर्कोतिर विगतदेखि स्थापना गरेर सञ्चालन गरिएका बालविकास केन्द्रमा दयनिय अवस्था भएको कुरा समाचार माध्यम पत्रपत्रिका र स्वयं सरोकारवालाबाट सुनिएको छ । विद्यालयमा आधारित बालविकास केन्द्रका सहयोगी कार्यकर्ताले अन्य कक्षामा पनि शिक्षण सिकाइ गर्दै आएका छन् भने कतिपय ठाउँमा न्यूनतम योग्यता नपुगेका, तालिम अप्राप्त सहयोगी कार्यकर्ता भर्ना गरिएको छ । जसबाट सोचेजस्तो शिक्षण सिकाइ क्रियाकलाप हुन सकेको छैन । नेपाल सरकार शिक्षा मन्त्रालयले एकातिर बालविकास केन्द्र खोल्ने कुरालाई प्रोत्साहन गरेको छ भनि अर्कोतिर बालमैत्री वातावरणमा बालकलाई सिक्न उत्प्रेरित गर्ने, शिक्षण र सो अनुसार बालकले सिक्ने वातावरण मिलाएर सरसफाइ, सुरक्षा, शिष्टाचार र चारित्रिक गुण विकास गर्ने क्रियाकलाप गर्नुपर्दछ भनेको छ, तर बजेटको अभाव लगायत अन्य माथि उल्लेखित कारणबाट शिक्षण सिकाइ क्रियाकलाप भइरहेको छैन भन्ने कुरा आइरहेको छ । यी र यस्तै पृष्ठभूमिको आधारमा यो अध्ययन भएको हो ।

### १.१.१ अध्ययन क्षेत्रको पृष्ठभूमि

नेपालको पश्चिमाञ्चल विकास क्षेत्रको धौलागिरी अञ्चलका चारओटा जिल्लाहरु मध्ये एउटा जिल्ला पर्वत हो । यो जिल्लालाई सुगम पहाडी जिल्लाको रुपमा लिइन्छ । नेपालकै चौथो सानो जिल्लाले चिनिने यस जिल्लाको क्षेत्रफल ४९४ वर्ग कि.मी. रहेको छ । २८°०५' उत्तरी अक्षांश र ८३°३५' पूर्वी देशान्तरका बीचमा रहेको पर्वत जिल्लाबाट अन्नपूर्ण, धौलागिरी, माछापुच्छ्रे तथा धौलाश्री जस्ता हिमशृङ्खला समेत अवलोकन गर्न सकिन्छ । प्राकृतिक मनोरम दृष्यले भरिपूर्ण एवं पर्यटकीय स्थल पञ्चासे सँगै जोडिएको देवी पार्वतीद्वारा स्थापित प्राचीन शिवलिङ्ग रहेको गुप्तेश्वर गुफा पनि यही जिल्लामा रहेको छ । चर्चित अल्पेश्वर गुफा, सहस्र धारा झरना, कालीगण्डकी र मोदीको दोभान प्रसिद्ध तीर्थस्थल मोदीवेनी, पोखेरा बाग्लुङ राजमार्गलाई छातीमा राखेको सुन्दर नगरी कुश्मा बजार, डिमुबा बजार, पातीचौर तथा मालढुंगा पनि यसै जिल्लामा पर्दछन् । नेपालकै अग्लो तथा लामो झोलुङ्गे पुल पनि यसै जिल्लामा रहेको छ । धान, गहुँ, मकै, कोदो जस्ता अन्नबालहिरु लगायत विभिन्न जीवजन्तु, वन्यजन्तु, अमूल्य जडिबुटी तथा ठूला र अग्ला पर्वतहरु यहाँका विशेषताहरु हुन् ।

अध्ययन क्षेत्रको रुपमा लिएको पशुपति उ.मा.वि. स्रोतकेन्द्र अन्तर्गतका तीनओटा बालविकास केन्द्र, अध्ययनकर्ताको आफ्नै गा.वि.स. र छिमेकी गाविसमा पर्दछ । अध्ययनकर्ताले ती बालविकास केन्द्रमा के कस्तो शिक्षण क्रियाकलाप भइरहेको छ ? कस्तो योग्यता र क्षमता भएका सहयोगी कार्यकर्ता कार्यरत छन् भनि यथार्थ अवस्था पहिचान गर्न अध्ययन क्षेत्र रोजेको थियो । त्यहाँ बालबालिकाले कसरी सिकिरहेका छन् उनीहरुको व्यवहारमा के कस्तो परिवर्तन देखिँदै आएको छ । सवल र दुर्वल पक्षहरु के के छन् खोजी गरी आफ्नो क्षेत्रको यथार्थ अवस्था पत्ता लगाउन अध्ययनकर्ताले उक्त क्षेत्र रोजेको हो । नमुनाको रुपमा छनोट भएका त्यस क्षेत्रमा संख्यात्मक रुपमा ब्राह्मण, क्षेत्री र दलित समुदायको बाहुल्यता देखिन्छ भने बालविकास केन्द्रमा बालबालिकाको संख्या पनि सन्तोषजनक रहेको देखिन्छ ।

## १.२ समस्याको कथन

यो अध्ययन विद्यालयमा आधारित प्रारम्भिक बालविकास केन्द्रका सहयोगी कार्यकर्ताबाट गरिने शिक्षण र बालक सिक्ने तरिका वा सिकाइतिर उन्मुख छ । अनुसन्धानकर्ताबाट कक्षा अवलोकन, अन्तर्वार्ता, प्रश्नावली, समूह छलफल गरी प्रस्तुत अध्ययनका बारेमा ठोस निश्कर्षमा पुग्ने प्रयास गरिएको छ । प्रारम्भिक बालविकास केन्द्रमा शिक्षण सिकाइ क्रियाकलाप प्रभावकारी बनाउन विभिन्न तालिम गोष्ठीहरु भइरहेका छन् । विभिन्न विधिबाट सामग्री निर्माण र बालकलाई स्वतन्त्र रुपमा सांगितिक र मनोरञ्जनात्मक एवं सहभागितामूलक सिकाइ प्रदान गर्न बालमैत्री वातावरण सृजना गर्ने कुरामा जोड दिएको छ । तर वर्तमान अवस्थाको अध्ययन गर्ने

हो भने प्रारम्भिक बालविकासको अवधारणा अनुरुप व्यवहारमा परिवर्तन ल्याउन शिक्षण सिकाइ क्रियाकलाप भएको पाइँदैन ।

प्रारम्भिक बालविकास केन्द्रमा अध्ययन गर्ने स.का. को तालिम र न्यूनतम योग्यताको अभाव छ भने विवाहत स.का. हुनुपर्ने त्यो पनि छैन । बालविकास केन्द्रमा सिकाइ केन्द्र छुट्टाएर शिक्षण सिकाइ गरेको पाइँदैन । बालविकासका विभिन्न पक्ष जस्तैः इन्द्रियको  विकास, वौद्धिक तथा दिमागको विकास, सामाजिक विकास, संवेगात्मक विकासका क्रियाकलाप नभएको, भौतिक व्यवस्थापन जस्तैः बालमैत्री फर्निचर, उपयुक्त कक्षाकोठा, पिङ, चाकाचुली, चिप्लेटी आदि व्यवस्थापन नभएकोले सोचे अनुरुप शिक्षण सिकाइ हुन सकेको छैन । यसबाट शिक्षण सिकाइलाई क्रियाकलाप प्रभावित भएको छ । फलस्वरुप, शिक्षण सिकाइ क्रियाकलापलाई प्रभावकारी बनाउन शिक्षा मन्त्रालय अन्तर्गतका संस्था र विभिन्न गैरसरकारी संस्थाहरुले बेलाबेलामा तालिम, गोष्ठी, सेमिनार गर्दै आइरहेका पनि छन्, तापनि प्रारम्भिक बालविकासको शिक्षण सिकाइ क्रियाकलापका मुख्य विषयहरु, कक्षाकोठा व्यवस्थापन वा सिकाइ केन्द्र व्यवस्थापन, सिकाइ वातावरण व्यवस्थापन, शिक्षिकामा लगानी, शारीरक, बौद्धिक, मानसिक, संवेगात्मक विकास गर्ने क्रियाकलाप जस्तै : इन्द्रियको लागि, हातको लागि, सामाजिक समायोजनको लागि, दिमागको लागि सहयोगात्मकको लागि आदि, बालबालिकाको उपस्थिति, सहभागिता र सक्रियता, शिक्षण सिकाइको अनुगमन र मूल्याङ्कन प्रभावकारी हुन नसकेको हालत छ भन्ने कुरा पत्रपत्रिका, समाचार माध्यम र प्रतिवेदनबाट देख्न र सुन्न पाइन्छ ।

त्यसैले यिनै समस्याहरुलाई मध्यनजर गर्दै यथार्थ अवस्था के छ भनि **"प्रारम्भिक बाल विकास केन्द्रमा शिक्षण सिकाइ क्रियाकलाप"** शीर्षकमा यो अध्ययन गरिएको थियो ।

### १.३ अनुसन्धानात्मक प्रश्नहरु

प्रारम्भिक बालविकास केन्द्रको शिक्षण सिकाई क्रियाकलाप सम्बन्धी अध्ययन अनुसन्धान गर्न निम्नलिखित अनुसन्धानात्मक प्रश्न राखिएको थियो :-

**योजना**

(क) शिक्षण सिकाइ क्रियाकलापको लागि वार्षिक योजना, एकाइ योजना, दैनिक योजना आदिको निर्माण र सो अनुसार कार्य के कसरी गरिएको छ ?

(ख) समय विभाजन र कार्य विभाजन अनुसार शिक्षण सिकाइ क्रियाकलाप कसरी गरिएको छ ?

**व्यवस्थापन**

(ग) बालविकास केन्द्रको कक्षा कोठा व्यवस्थापन के कसरी गरिएको छ ?

(घ) प्रारम्भिक बालविकास केन्द्रमा शैक्षिक तथा खेल सामग्रीको उपलब्धता र प्रयोगको अवस्था के छ ?

**शिक्षण सिकाइ क्रियाकलाप**

(ङ) बालबालिकाको सामाजिक, बौद्धिक, शारीरिक, संवेगात्मक विकास गराउन खालका क्रियाकलाप के-के गराइएको छ ?

(च) स्वन्त्र खेल, मनोरञ्जन, नाटक, संगीत आदि विभिन्न विधिको माध्यमबाट कसरी शिक्षण सिकाइ क्रियाकलाप सञ्चालन गरिएको छ ?

(छ) विषयवस्तु अनुसारका क्रियाकलाप (दिमागको लागि, शरीरको लागि, इन्द्रियको लागि, सामाजिक समायोजनको लागि, हातको लागि, सहयोगात्मकको लागि आदि) के कसरी सञ्चालन भएको छ ।

(ज) प्रारम्भिक बालविकास केन्द्रको शिक्षण सिकाइको क्रियाकलापमा सहयोगी कार्यकर्ताको नियमितताको अवस्था के छ ?

(झ) प्रारम्भिक बालविकास केन्द्रको शिक्षण सिकाइ क्रियाकलापमा बालबालिकाको नियमितता र सक्रियता के कस्तो छ ?

(ञ) शिक्षण सिकाइ क्रियाकलापको सवल र कमजोर पक्षहरु के के हुन् ?

**मूल्याङ्कन**

(ट) मूल्यांकन प्रक्रिया के छ ?

(ठ) पृष्ठपोषणको अवस्था कस्तो छ ?

## १.४ अध्ययनको उद्देश्य

प्रारम्भिक बालविकास केन्द्रमा शिक्षण सिकाइ क्रियाकलाप सम्बन्धी अध्ययनका लागि निम्नानुसारका उद्देश्यहरु थिए :

(क) प्रारम्भिक बालविकास केन्द्रमा शिक्षण सिकाइ क्रियाकलापको अवस्था पहिचान गर्नु ।

(ख) प्रारम्भिक बालविकास केन्द्रको शिक्षण सिकाइ क्रियाकलापको सवल र दुर्वल पक्षहरुको पहिचान गर्नु ।

## १.५ अध्ययनको औचित्य

प्रारम्भिक बालविकास केन्द्रमा हुने शिक्षण सिकाइ क्रियाकलापले बालकको व्यवहार सिकाइ उपलब्धिमा महत्वपूर्ण प्रभाव पारिरहेको हुन्छ ।

बालकको सम्पूर्ण पक्षको विकास तथा स्वतन्त्रतापूर्व गरेर सिक्ने अवसर दिलाउने उद्देश्यले प्रारम्भिक बालविकास कार्यक्रम सञ्चालन गर्ने प्रयासको थालनी भएको हो । तर त्यस अनुसार

शिक्षण सिकाइ भएको पाइँदैन । बालविकास केन्द्रका सहयोगी कार्यकर्ताले परम्परागत रुपमा नै परम्परागत विधिबाट शिक्षण गर्ने गरेको पाइन्छ भने विद्यालयका अन्य कक्षामा गएर पढाउने गर्दा बालबालिकालाई पूर्ण समय दिन नसकेको पनि देखिन्छ । एकातिर यस्ता कमजोरीहरु छन् भने अर्कोतिर बालविकास केन्द्रमा वर्णनात्मक तरिकाले व्याख्यात्मक तरिकाले पढ्ने पढाउने गर्दा बालकको सर्वाङ्गिण विकास हुने क्रियाकलाप सञ्चालित छैनन् । सिकाइ केन्द्र व्यवस्थापन गरी बालमैत्री शैक्षिक सामग्रीको अनुभवबाट शिक्षण हुनुपर्ने त्यो हुन नसकि रहेको अवस्थामा त्यहाँबाट माथिल्लो कक्षामा जाने बालकका व्यवहारहरु सुहाउँदा हुँदैनन् । जसले गर्दा भविष्यमा उसको सिकाइ उपलब्धि सोचेजस्तो हुँदैन । त्यसको असर त्यहाँका सरोकारवाला समुदाय र राष्ट्रमा समेत पर्दछ ।

अतः यस यस अध्ययनले बालविकास केन्द्रमा शिक्षण सिकाइ क्रियाकलापको वास्तविक अवस्था के छ ? सवल पक्षहरु के के छन् र कमजोरी के के छन् पहिचान गर्ने भएकोले बालविकास केन्द्रका अभिभावक, व्यवस्थापन समिति, समुदाय, विद्यालय, स्रोतकेन्द्र, जिल्ला शिक्षा कार्यालय शिक्षा विभाग आदिलाई शिक्षण सिकाइमा भएका कमी कमजोरी सुधार गरी विद्यार्थीको व्यवहार परिवर्तन र सिकाइ उपलब्धी वृद्धि गर्ने उपायहरु पहिचान गर्न महत्वपूर्ण हुनेछ । जसले गर्दा दिर्घकालीन रुपमा उपयुक्त शिक्षण सिकाइ क्रियाकलाप सञ्चालन गर्न आवश्यक उपायहरु खोजी गर्न समेत अग्रसर हुन्छन् । अध्ययनले देखाएको कुराहरुका आधारमा कार्य हुँदा शिक्षण सिकाइमा सुधार भई बालकको अपेक्षित व्यवहारमा प्राप्त हुन्छ । भोली बन्ने सुयोग्य बालकको जग दरिलो हुन्छ । यसबाट अभिभावक र समुदाय प्रत्यक्ष रुपमा लाभान्वित हुन्छन् भने सहयोगी कार्यकर्तालाई प्रभावकारी शिक्षण सिकाइ गर्न गराउन महत्वपूर्ण मार्ग निर्देशन हुनेछ । त्यसैले यो अध्ययन औचित्यपूर्ण हुनेछ भन्ने अपेक्षा गरिएको छ ।

### १.६ अध्ययनको परिसीमा

कुनै पनि अध्ययन कार्य सञ्चालन गर्नुपूर्व के कति क्षेत्र भित्र रहेर अध्ययन कार्य सञ्चालन गर्ने भन्ने कुरा निश्चित गरिन्छ, जसलाई अध्ययनको सिमाङ्कन भनिन्छ । यस अध्ययन अनुसन्धान कार्यलाई उपलब्ध स्रोत, साधन, प्रविधि र समयलाई मध्यनजगर राख्दै निम्नलिखित सिमाभित्र रही सञ्चालन गरिएको थियो ।

१) यो अध्ययन पर्वत जिल्लाको पशुपति उ.मा.वि. स्रोतकेन्द्र, राम्जा ठाँटी अन्तर्गत सामुदायिक विद्यालयमा सञ्चालित ३ वटा बालबाविकास केन्द्रमा भइरहेको शिक्षण सिकाइ क्रियाकलापमा कक्षाकोठा व्यवस्थापन अन्तर्गत भौतिक व्यवस्थापन र सिकाइको केन्द्रहरु जस्तैः भाषा केन्द्र, गोटी केन्द्र, गणित केन्द्र, विज्ञान केन्द्र, संगीत केन्द्र र सृजनात्मक केन्द्रको व्यवस्थापन र ती केन्द्रमा हुने शिक्षण सिकाइ क्रियाकलाप हेरिएकोले ती केन्द्रहरुमा सीमित गरिएको थियो ।

२) यो अध्ययनमा ३ देखि ५ वर्ष भित्रको उमेर समूहका बालबालिकाका विभिन्न पक्षको विकास अन्तर्गत इन्द्रियको लागि, शरीरको लागि, हातको लागि, सहयोगात्मकको लागि, सामाजिक समायोजनको लागि र संवेगात्मक विकासको लागि के कस्ता शिक्षण सिकाइ क्रियाकलाप भएका छन् भनी ती पक्षहरमा सीमित रही अध्ययन गरिएको थियो ।

३) तीनवटै बालविकास केन्द्रका स.का.को प्रस्तुति, नियमितता, बालबालिकाको नियमितता अभिभावक, प्र.अ. र अन्य निकायको अनुगमन निरीक्षण आदिमा सीमित गरिएको थियो ।

## १.७ शब्दावलीको परिभाषा

**बालविकास केन्द्र :** ३ देखि ५ वर्ष उमेर समूहका बालबालिकाको व्यवहार परिवर्तनको लागि शिक्षण सिकाइ क्रियाकलाप सञ्चालन गर्ने स्थान ।

**सिकाइ केन्द्र :** बालबालिकाको उमेर, क्षमता, रुचि अनुसार विषयवस्तु छनोट गरी सुहाउँदो वातावरणमा स्वयम् सक्रिय बनाइ सिकाइ प्राप्त गर्ने बालविकास कक्षाकोठा भित्रका स्थान वा केन्द्र ।

**सहयोगी कार्यकर्ता :** बालविकास केन्द्रमा अध्यापनरत शिक्षिका वा सहजकर्ता ।

**पूर्व प्राथमिक शिक्षा :** प्राथमिक शिक्षा प्रवेश गर्नु अगाडि दिइने शिक्षा ।

**बालबालिका :** प्रारम्भिक बालविकास केन्द्रमा अध्ययन गर्ने ३ देखि ५ वर्ष उमेर समूहका केटाकेटीहरु ।

**शिक्षण सिकाइ क्रियाकलाप :-** अपेक्षित व्यवहार प्राप्तिका लागि विभिन्न विधि प्रयोग गरी बालविकास केन्द्रभित्र गरिने सहयोगी कार्यकर्ता र बालबालिकाका क्रियाकलाप, जसमा सहयौगी कार्यकर्ता, बालबालिका, विषयवस्तु, केन्द्र वातावरण र सामग्री आदिबीच अन्तरक्रिया गरी बालबालिकाले सिकाइ अनुभव प्राप्त गर्दछन् ।

# अध्याय-दुई

## पूर्व साहित्यको समीक्षा

### २.१ सैद्धान्तिक समीक्षा

प्रारम्भिक बालविकास केन्द्रमा सञ्चालन गरिने शिक्षण सिकाइ क्रियाकलापसँग सम्बन्धित विभिन्न शिक्षाविद्को सैद्धान्तिक विचारलाई अध्ययन गरी निम्नानुसार समीक्षा गरिएको छ ।

प्रकृति प्रेमी शिक्षाविद् रुसोका अनुसार पहिलो ५ वर्षको उमेरमा बालकहरुलाई किताबी ज्ञानले उनीहरुको स्वच्छ विचारलाई दुषित पार्ने हुँदा बालविकास हुने खालका शारीरिक क्रियाकलापलाई जोड दिनुपर्दछ । शिक्षकले किताबी ज्ञान नदिने, प्राकृतिक वातावरणमा शिक्षा दिने, स्वतन्त्रतापूर्वक सिक्ने कार्यमा सहयोग गर्ने, ज्ञानेन्द्रियहरुको स्वभाविक विकास गराउने, बालकलाई अवलोकन र क्रियाकलापबाट सिकाउने, गाली, दण्ड र सजाय नदिने र शिशुलाई माया गर्ने जस्ता सैद्धान्तिक कुराहरुमा ध्यान दिनुपर्दछ । (शिक्षा विभाग, २०५९)

यसबाट के भन्न सकिन्छ भने प्राकृतिक वातावरणमा स्वतन्त्रतापूर्वक ज्ञानेन्द्रियको विकास हुने गरी बालकलाई सिक्न दिनुपर्छ ।

मन्टेश्वरीको विचारमा प्रत्येक बालकको जन्मैदेखि बौद्धिक क्षमता हुन्छ तर वातावरणले विभिन्नता दिन्छ । उपयुक्त वातावरण भएमा बालकको मानसिक र बौद्धिक विकास तीव्र गतिमा हुन्छ । त्यसैले बाल्यकालमा सिकाइलाई टेवा पुऱ्याउने वातावरण पनि बनाउनु पर्दछ । जसको लागि बालकलाई प्राकृतिक वातावरण तथा घरबाहिरको वातावरण सित खेल्न प्रोत्साहन गर्ने जस्तो : माटो, पानी, बालुवा, रुख, फुल आदि । उदाहरणको लागि माटोबाट आकार बनाउने, पात र फुलको चित्र कोर्ने र सजावट गर्ने, मन्टेश्वरीको विचारमा स्वतन्तता बालबालिकाहरुको मौलिक अधिकार हो र सोही वातावरणमा मात्र बालबालिकाहरु आत्म निर्भर हुने कोशिस गर्दछन् । त्यसैले स्वतन्त्र वातावरणमा बालबालिकाहरुको व्यक्तिवादी भावनाको विकास गर्नु मन्टेश्वरी शिक्षाको उद्देश्य हो । मन्टेश्वरीले मांशपेशीको तालिमलाई प्रारम्भिक बाल शिक्षाको महत्वपूर्ण अंगको रुपमा लिएका छन् । शरीरका विभिन्न अंगहरुको मांशपेशीलाई अभ्यास गराइ राख्नु पर्दछ । यसो गर्नाले मांशपेशीहरु मजबुत हुन्छन् । जसको फलस्वरुप हिंड्ने, दगुर्ने, लेख्नेजस्ता क्रियाकलापमा सन्तुलन आउँछ । ज्ञानेन्द्रीयहरु ज्ञानका प्रवेशद्वार भएकोले ज्ञानेन्द्रीयको अभ्यासले तर्कपूर्ण चिन्तन र युक्तिपूर्ण निर्णय दिन सक्ने हुन्छन् । यसकारण सानै उमेरदेखि ज्ञानेन्द्रियको तालिम नितान्त आवश्यक छ । (शिक्षा विभाग, २०५९)

यसबाट के भन्न सकिन्छ स्वतन्त्र वातावरणमा व्यक्तिवादी भावनाको विकास गर्न ज्ञानेन्द्रियहरु क्रियाशील हुने शिक्षण सिकाइ क्रियाकलाप गर्नुपर्दछ ।

फ्रोबेलको विचारमा शिशु शिक्षामा जोड दिनुपर्दछ । शिक्षा स्वः विकासका रुपमा हुनुपर्दछ र सामाजिक जीवनलाई महत्व दिनुपर्दछ । खेल र गीतद्वारा शिक्षा दिने सिद्धान्तमा जोड दिँदै व्यक्तिको स्वतन्त्र विकास हुन दिनु पर्दछ । जसअनुसार आमा पनि खेल्ने शिशु गीत गाउने, राम्रो काम वापत स-सानो उपहार दिने, सर्वाङ्गीण विकासको लागि रुचि हुने सामाग्री प्रयोग गर्ने जस्तैः कागज काट्ने, चित्र बनाउने, खेलौना बनाउने, टोकरी बनाउने, सुकुल बुन्ने, खेलौना बनाउने, धागोमा उन्ने आदि । अत फ्रोबेलको भनाइमा शिक्षक एक साथी, दाज्यु, दिदी तथा अभिभावक एवं संरक्षकको रुपमा हुनुपर्दछ, जसबाट शिशु निर्धक्क आफ्नो विचार अनुसार भाव व्यक्त गर्न सक्ने हुन्छ । (शिक्षा विभाग, २०५९)

यसबाट के भन्न सकिनछ भने खेल, गीत, संगीतद्वारा शिक्षा दिने सिद्धान्तमा जोड दिँदे बालकको स्वतन्त्र विकास हुने शिक्षण सिकाइ क्रियाकलाप गर्नुपर्दछ ।

शैक्षिक जनशक्ति विकास केन्द्रद्वारा प्रकाशित शिक्षक स्रोत सामग्री (२०६४) मा उल्लेख भए अनुसार मनोवैज्ञानिक इरिक्सनको बाल व्यवहार सम्बन्धी मनोसामाजिक सिद्धान्तका विभिन्न चरणहरु मध्ये ३ देखि ६ वर्षसम्म बालबालिकाका प्रयत्नलाई प्रोत्साहित गरेमा आफ्नो दक्षताप्रति आत्मविश्वास हुने व्यक्तितव तयार हुन्छ । आलोचना र आफ्ना कियाकलापमा नसोचेको परिणाम पाएमा हिच्किचाउने, पछि हटेने र अनिश्चतताको विकास हुन्छ । त्यसैले यस अवस्थामा बालबालिकाका हरेक क्रियाकलापलाई प्रोत्साहित वा परिवर्तन गर्नुपर्दछ । तर रोकावट गर्नुहुँदैन । उनको यस सिद्धान्त र बालबालिकामा हुने मनोसामाजिक व्यवहार विकासका बारेमा शिक्षक शिक्षिका सचेत भएको खण्डमा शिक्षण सिकाइ क्रियाकलाप सहज हुन्छ ।

यथार्थवादी दर्शन अनुसार जुनसुकै शिक्षण सिकाइ क्रियाकलापमा प्रत्यक्ष अवलोकन हुन आवश्यक हुन्छ । बालबालिकाको शिक्षण सिकाइमा एकातिर इन्द्रियहरुको प्रयोग गरिनछ भने अर्कोतिर प्रत्यक्ष अवलोकनद्वारा शिक्षण गरिन्छ । शिक्षणमा वस्तुगत ज्ञानका लागि रचिएका विषयवस्तुको प्रस्तुती गरे पनि ती विषयवस्तुहरुको प्रत्यक्ष अवलोकन वा साक्षात्कार गराइन्छ । यथार्थवादीहरु इन्द्रिय ज्ञानलाई बढी जोड दिने भएकाले कक्षा शिक्षणमा बालबालिका सामु विषयवस्तुको अवलोकन गराइन्छ । यस्तो कक्षा शिक्षणमा आगमन विधिको प्रयोग गरिन्छ, विषयवस्तुलाई अवलोकन गराइन्छ, विद्यार्थी त्यस विषयवस्तुलाई देखेर, चाखेर, सुनेर वा अनुभव गरेर त्यस वस्तुबाट जानकारी प्राप्त गर्दछन् । यसको अतिरिक्त यथार्थवादी कक्षा शिक्षणमा प्रदर्शन विधि, प्रयोगात्मक विधि, छलफल, वादविवाद विधिहरु पनि आवश्यकता अनुसार प्रयोग गरिन्छ । कुनै विषयवस्तु सिकाउँदा विद्यार्थीको इन्द्रियहरुलाई सजग गराउनुका साथै उसको आत्मालाई सक्रिय बनाइन्छ । त्यसपछि विद्यार्थीमा विषयवस्तुप्रति रुचि जान्छ र शिक्षण सिकाइ प्रभावकारी हुन्छ भन्ने विश्वास यथार्थवादी दर्शनको रहेको छ (सिंह, २०६५) ।

यस सिद्धान्तका अनुसार बालबालिकालाई विषयवस्तुको अवलोकन गर्न लगाएमा जसबाट बालबालिकाले नयाँ व्यवहार हासिल गर्दछन् साथै यस्तो कक्षा शिक्षणा प्रदर्शन विधि, आगमन

विधि, प्रयोगात्मक विधि, छलफल तथा वादविवाद विधि, इन्द्रिय र आत्मालाई सक्रिय बनाउने गरी प्रयोग गरिनुपर्दछ जसले शिक्षण सिकाइ रुचिकर र प्रभावकारी हुन्छ ।

माथि उल्लेखित विभिन्न शिक्षाविद्को भनाइ र प्रस्तुत गरिएका सामग्री अनुसार बालविकास केन्द्रमा हुने शिक्षण सिकाइ क्रियाकलापको सिद्धान्त भनेको बालकको सर्वाङ्गीण विकास हुने क्रियाकलाप सञ्चालन गर्दा स्वतन्त्रतापूर्वक अवलोकन, अनुभव र ज्ञानेन्द्रियको अभ्यासबाट व्यवहार परिवर्तन गर्नुपर्दछ । कक्षा शिक्षणमा प्रदर्शन, प्रयोगात्मक, छलफल, वादविवाद, परियोजना र सहभागितामूलक विधि प्रयोग गर्नुपर्छ । खेल, गीत र संगीतबाट शिक्षा दिने सिद्धान्तमा जोड दिँदै बालकको स्वतन्त्र विकास हुन दिनु पर्दछ ।

## २.२ सम्बन्धित अध्ययनको समीक्षा

प्रारम्भिक बालविकास केन्द्रको शिक्षण सिकाइ क्रियाकलापसँग सम्बन्धित पूर्वकार्यको अध्ययन गर्दा प्राप्त भएको कुरालाई समीक्षा गरी निम्नानुसार प्रस्तुत गरिएको छ ।

सेरिड (२०५५) ले शिशु शिक्षा कार्यक्रमको प्रभावकारिता शिर्षकमा शिशु शिक्षा कार्यक्रमको पहिचान गर्न गरेको अध्ययन अनुसार शिशु कक्षा नपढी प्राथमिक तह पढ्नेको तुलनामा बाल कक्षा पढेर प्राथमिक तह पढ्नेको औसत उपलब्धि १५% ले बढी छ भने रमाइलो वातावरणमा पढ्ने, लेख्ने, सिपको विकास, साथी बनाउने र गुणस्तरीय साथी बनाउने आदि कार्यमा बालकक्षा महत्वपूर्ण भएको पाइएको छ ।

जोशी (२०५९) सेरिडले प्रकाशित गरेको विकासको निम्ति शिक्षा लेख संग्रहमा "प्रारम्भिक बालबालिकाहरुका लागि उपयुक्त सिकाइ सिद्धान्त" अन्तर्गत बालकले जन्मेपछि नै सिक्न सुरु गर्दछ । सिक्ने प्रक्रिया निरन्तर चलिरहन्छ । सबै बालकले एकै किसिमले सिक्न सक्दैन । ५ वर्षसम्मको बालकले ज्ञानेन्द्रीय र शरीरको प्रयोगबाट सिक्दछन्, १० वर्षको बालकले ठोस वस्तुको प्रयोग गरेर सिक्दछ र १५ वर्षको बालकले मस्तिष्कले सोचेर गुनेर सिक्दछ । त्यस्तै कुनै बालकले ढिलो गतिमा त बालकले छिटो सिक्दछन् । प्रारम्भिक अवस्थाका बालबालिका पढेर, सुनेर, हेरेर भन्दा नक्कल गरेर, खेलेर र अनुभव गरेर सिक्दछन् । अनुभव गरेरसिकेको बढी प्रभावकारी हुन्छ । एक अनुसन्धान कताृका अनुसार पढेर १० प्रतिशत सुनेर २६ प्रतिशत सुनेर र हेरेर ५० प्रतिशत र अनुभव ९० प्रतिशत सिकाइ हुन्छ । त्यसैले अनुभवबाट सिक्ने क्रियाकलाप बढी प्रभावकारी हुन्छ ।

सेरिड (२०६२) समुदायमा आधारित बालविकास केन्द्रहरुमा सययोगी कार्यकर्ताहरुको प्रभावकारी भूमिका पहिचान गर्न गरेको कार्यगत अनुसन्धान अनुसार वाल्यावस्थामा बालकको उचित स्याहार-सुसार, आहार, बिहार र असल शिक्षामा ध्यान पुऱ्याउनु पर्दछ । प्रारम्भिक अवस्थामा गरिएको सर्वाङ्गीण विकाससँग सम्बन्धित क्रियाकलापले भोली एउटा सभ्य, कर्तव्यनिष्ठ प्रतिभाशाली योग्य र चरित्रवान सन्तान देख्न सकिन्छ । मानव विकास जग प्रारमिभक

बालविकास भएकोले जग सवल र दरिलो पार्न अभिभावकले समयमा नै सोच पुऱ्याउनु पर्दछ भन्ने कुरामा जोड दिइएको छ ।

ढुंगाना (२०६३) ले काठमाडौं जिल्लालाई आधार मानेर प्रारम्भिक बालविकास केन्द्र र यसको वर्तमान अवस्था सम्बन्धी अध्ययन गर्नुभएको रहेछ । उहाँको अध्ययनको उद्देश्य बालविकास केन्द्रको वर्तमान अवस्था पहिचान गर्ने र समस्याको खोजी गर्ने रहेछ । उक्त अध्ययनको लागि उद्देश्यमूलक ढंगबाट १४ वटा बालविकास केन्द्र छनोट गर्नुभएको रहेछ । बालविकास केन्द्रको स्थलगत अवलोकन, प्र.अ. शिक्षकसँग अन्तर्वार्ता आदिबाट सूचना संकलन गरी सूचना संकलन गर्नुभएको रहेछ । प्राप्त सूचनाको विश्लेषण गर्दा बालबालिकाहरुको शारीरिक, मानसिक, सामाजिक र संवेगात्मक व्यवहारलाई परिवर्तन गर्ने गरी शिक्षण सिकाइ क्रियाकलाप गर्ने गरेको तर तालिमको अभावले सबै क्रियाकलाप अपेक्षित रुपमा गर्न नसकेको उल्लेख गरेका छन् । उहाँले ती बालविकास केन्द्रमा शिक्षण सिकाइको लागि डोरी, सिटी, नेलकटर, ऐना, काइयो, साबुन, पानी, रुमाल, चार्ट, चित्र, तस्वीर, फूल, बल, रंगिन कागज, मादल आदि विधि प्रयोग गरेको पाइएको उल्लेख छ तर शिक्षण सिकाइको लागि बालविकास केन्द्रको आफ्नो भवन नभएको र विद्यार्थी संख्याको आधारमा कक्षाकोठा अप्रर्याप्त भएको निष्कर्ष निकालिएको छ ।

शैक्षिक जनशक्ति विकास केन्द्रद्वारा प्रकाशित शिक्षक स्रोत सामग्री (२०६४) (सजाय रहित शिक्षण सिकाइ तरिका) मा उल्लेख भए अनुसार बालबालिकाको सकारात्मक व्यवहार विकास गर्न शिक्षक र सहजकर्ताले आफू नमुना बनेर बालबालिकाले अनुकरण गर्न योग्य व्यवहार प्रदर्शन गर्नुपर्दछ । राम्रो कार्य गर्दा तुरुन्तै स्याबास, राम्रो, अति राम्रो आदि शब्दले प्रोत्साहन गरिदिनुपर्दछ । बालबालिकाको व्यवहारमा हरबखत ध्यान दिने र राम्रो काममा पुरस्कार दिनुपर्दछ । बालबालिकाको समान, सक्रिय र उच्च सहभागितामा तयार पारिएको नियम पनि पालना हुन्छ, जसबाट मिलेर बस्ने, मिलेर कार्य गर्ने, नेतृत्व ग्रहण गर्ने, पालो पर्खने अरुको विचारको सम्मान गर्ने सामूहिक भावनाको सिप सिक्दछ । सकारात्मक पृष्ठपोषण बालबालिका सम्मान कार्यक्रम र समावेशी वातावरण सिर्जना हुनुपर्ने कुरामा जोड दिएको छ ।

शैक्षिक जनशक्ति विकास केन्द्र द्वारा प्रकाशित शिक्षक स्रोत सामग्री (२०६४) मा उमेर अनुसार बालबालिकाहरुमा विकास हुने शारीरिक, कार्यमूलक, सामाजिक, बौद्धिक, संवेगात्मक, चारित्रिक विकास आदिको लागि सुहाउँदो वातावरण तयार गर्न अनुकूल प्रशिक्षण र अभ्यासको अत्यन्तै महत्वपूर्ण स्थान हुन्छ । शिक्षकमा यस सम्बन्धी ज्ञानको आवश्यकता पर्दछ । बालबालिकाहरुको आवश्यकता, चाहना, रुचि र क्षमताको पहिचान गर्नाले शिक्षण सिकाइ कार्यमा सहयोग पुग्दछ । गौतम, जयराम (२०६५ फागुन), शिक्षक मासिकमा प्रस्तुत गर्नुभएको बालविकास कक्षाको रिपोर्ट शीर्षकमा अनामनगर काठमाडौं स्थित सिटी मन्टेश्वरकि सञ्चालक पुष्पा रिजालको अनुभवमा बालबालिकाहरु छोएर पढेर, अभ्यास गरेर, सुँघेर, अनि चाखेर, धेरैले सिक्न सक्ने र माया गरेर सिकाएको देख्दा अभिभावक पनि सन्तुष्ट भएको कुरा उल्लेख छ । बालविकास कक्षाको संख्या बढाउने सरकारको नीति रहेको छ । तर यस्तो कक्षामा योग्य र सीपयुक्त

जनशक्ति तयार गर्न भने सकेको छैन । शिक्षकलाई उचित पारिश्रमिक छैन । शिक्षण सिकाइ प्रभावकारी बनाउन अरु कक्षाका शिक्षक भन्दा बढी खट्नुपर्ने हुन्छ । तलब र सुविधा कम हुँदा निजी स्कूलले सञ्चालन गरेका मन्टेश्वरी कक्षाको तुलनामा बालविकास कक्षाको शिक्षण सिकाइ क्रियाकलाप समेत प्रभावकारी बन्न सकेको छैन ।


अधिकारी (२०६७ मङ्सिर) शिक्षक मासिकमा प्रतिक्रिया र सुझाव अन्तर्गत प्रारम्भिक बालविकास केन्द्रमा अध्यापन गर्ने शिक्षक वा सहयोगी कार्यकर्ता भर्ना गर्दा न्यूनतम प्रवेशिका परीक्षा गरेको हुनुपर्ने, त्यस्ता कार्यकर्ताले एक वर्षे मन्टेश्वरी तालिम लिनैपर्ने अनिवार्य व्यवस्था मिलाउनुपर्ने र उनीहरुले पाउने सुविधा प्रा.वि. शिक्षक सरह हुनुपर्ने सुझाव दिएका छन् जसबाट सहयोगी कार्यकर्ता पेशापति प्रतिबद्ध भई उपलब्धिमूलक शिक्षण सिकाइ क्रियाकलाप गर्न समर्पित हुने देखिन्छ भन्ने कुरा उल्लेख गरिएको छ ।

रेग्मी (२०६७) ले काठमाडौंलाई आधार मानी पूर्व प्राथमिक विद्यालयमा मन्टेश्वरी, ननमन्टेश्वरी र मिश्रित शिक्षा प्रणालीको तुलनात्मक अध्ययन गर्नुभएको रहेछ जसमा प्राप्त निष्कर्ष अनुसार नेपालमा परम्परागत शिक्षा प्रणाली जस्तै रहेको प्रारम्भिक बालविकास केन्द्रमा बालबालिकाको सर्वाङ्गणि विकास हुने क्रियाकलाप सञ्चालित छैनन् । त्यसैले पाठ्यक्रम मानव साधन र भौतिक सुविधा तत्कालै आवश्यक छ। जसले बालबालिकालाई मन्टेश्वरी प्रणालीमा चलेका विद्यालयसँग प्रतिस्पर्धी बनाउन सघाउँछ । उच्च खानदानीका बालबालिका मन्टेश्वरी प्रणाली भएका स्कुलमा छन् ती महङ्गा पनि छन् । त्यहाँका बालबालिकामा सर्वाङ्गिण विकासका क्रियाकलाप सञ्चालन छन् । त्यसैले सामाजिक र आर्थिक अवस्थाका कारण मिश्रित शिक्षा प्रणाली उपयोग गर्दै बालविकास केन्द्रका सहयोगी कार्यकर्तालाई विज्ञबाट निरन्तर तालिम र उत्प्रेरणा दिने क्रियाकलाप सम्बन्धी तालिम दिनुपर्दछ । स.का.को पारिश्रमिक र सामाजिक सुरक्षा तथा आत्मियताको विकास तुरुन्ते गर्नुपर्ने । अनुगमन र मूल्यांकनको लागि आवश्यक व्यवस्था गर्नुपर्ने सुझाव दिइएको. छ ।

यसरी माथि गरिएको अध्ययनको समीक्षाबाट के भन्न सकिन्छ भने बालबालिकालाई स्वतन्त्र रुपमा अनुभवबाट सिक्न दिनुपर्दछ । इन्द्रियको विकास हुने खालका क्रियाकलाप गर्नुपर्दछ, गीत संगीत, खेल विधिबाट शिक्षण सिकाइ गर्नुपर्दछ, ठोस सामग्री प्रयोग गर्नुपर्दछ, स.का. ले योजना वा पूर्व तयारी गरेर उपयुक्त प्रस्तुतीकरण गर्नुपर्दछ र आन्तरिक र बाह्य वातावरणको उचित व्यवस्थापन गर्नुपर्छ । कक्षाकोठामा बालमैत्री भौतिक व्यवस्थापन गर्नुपर्दछ, सबै ठाउँमा यस्ता क्रियाकलाप नभएको हुँदा, के कस्तो छ भनी बालविकास केन्द्रको शिक्षण सिकाइ क्रियाकलाप शीर्षक छनोट गरी अध्ययन गरिएको हो ।

## २.३ अवधारणाात्मक ढाँचा

माथि उल्लेख गरिएको पूर्व साहित्यका समीक्षाबाट प्रारम्भिक बालविकास केन्द्रमा शिक्षण सिकाइ क्रियाकलाप शीर्षक छनोट गरी निम्नानुसारको अवधारणात्मक ढाँचा समेत तयार गरिएको थियो ।




अध्ययनको उद्देश्य र माथिको अवधारणात्मक ढाँचामा प्रस्तुत विषयवस्तु अनुरुप अध्ययन विधि तय गरी संकलन भएका सूचनाको विश्लेषण क्रमश गरिएको छ ।

# अध्याय-तीन

## अध्ययन विधि

वास्तवमा कुनै पनि अध्ययन वा अनुसन्धानलाई पूरा गर्नका लागि अपनाइने विधि नै अध्ययन विधि हो । यो परिमाणात्मक, गुणात्मक र मिश्रित गरी तीन किसिमका हुन्छन् । कुनै पनि अध्ययन अनुसन्धान गर्नु ज्यादै जटिल कार्य हो । अनुसन्धान गर्दा निश्चित विधि अपनाएर कार्य गरेमा जटिल कार्य पनि सरल र सहज हुन जान्छ । त्यसैले यस अध्ययनका प्रक्रिया, समस्या र घटनाले यथास्थिति र प्राकृतिक अवस्थामा नै अध्ययन गरिएको छ । साथै नियन्त्रण र परीक्षणको कृत्रिमतालाई हटाई तिनीहरुको स्वतन्त्र स्वरुपलाई नै अध्ययन गरिएको छ । अध्ययनको प्रकृति अनुसार गहिराइमा गएर व्याख्यात्मक सूचना संकलन भएको हुँदा व्याख्यात्मक वा वर्णनात्मक तरिकाले विश्लेषण गरिएको छ । गुणात्मक अध्ययन विधिले कुनै पनि समस्या वा घटनाको गहिराइमा गएर अध्ययन गरी त्यसको वास्तविकतालाई बाहिर ल्याउँछ । प्रस्तुत अध्ययनमा पनि प्रारम्भिक बालविकास केन्द्रको शिक्षण सिकाइ क्रियाकलापको अवस्था पहिचानका लागि सूचना संकलन गर्न यथार्थतमा आधारित भएर मानवीय सम्बन्ध स्थापित गरी सूचनाको गहिराइमा प्रवेश गरी वास्तविक सूचना संकलन गरिएको थियो ।

### ३.१ अनुसन्धानात्मक ढाँचा

अनुसन्धान ढाँचा अध्ययनको लागि गरिने व्यवस्थित, तार्किक आधारभूत तथा संगठित योजना हो । अनुसन्धान ढाँचा एउटा एउटा योजना हो जसले सूचनाका सान्दर्भिक स्रोतलाई उल्लेख गर्दछ, यो एउटा रणनीति हो जसले सूचना संकलनको विधि निश्चित गर्दछ, यो एउटा प्रक्रिया हो जसले अध्ययनको व्यवहारिकता, मितव्ययिता र वैधता बढाउँछ । (कोथारी, १९९०) यस अध्ययनलाई सहज र सरल ढंगबाट सम्पन्न गर्न वा सूचना संकलन गर्नका लागि निम्नानुसारको सूचना संकलन ढाँचा प्रयोग गरिएको थियो ।

| क्र.सं. | अध्ययनको उद्देश्य | सूचनाको स्रोत | साधन |
|---|---|---|---|
| १ | बालविकास केन्द्रमा शिक्षण सिकाइ क्रियाकलापको अवस्था पहिचान गर्नु | दस्तावेज | दस्तावेज अध्ययन |
| | | अवलोकन | अवलोक फाराम |
| | | सहयोगी कार्यकर्ता | अन्तर्वार्ता प्रश्नावली |
| | | विद्यालय प्र.अ. | अन्तर्वार्ता प्रश्नावली |
| | | बालबालिका | समूह छलफल |
| २ | बालविकास केन्द्रको शिक्षण सिकाइ क्रियाकलापका सवल र दुर्वल पक्षहरु पहिचान गर्नु | सहयोगी कार्यकर्ता | अन्तर्वार्ता प्रश्नावली |
| | | विद्यालय प्र.अ. | अन्तर्वार्ता प्रश्नावली |
| | | स्रोतव्यक्ति | असंरचित प्रश्नावली |
| | | अभिभावक | समूह छलफल |

### ३.२ जनसंख्या र नमुना छनौट

अध्ययन गरिने समूहसँग सम्बन्धित सम्पूर्ण सदस्यलाई जनसंख्या भनिन्छ भने उक्त जनसंख्यालाई प्रतिनिधित्व गर्न सक्ने गरी छनोट गरिएको त्यसको उपसमूहलाई नमुना भनिन्छ । कुनै पनि अध्ययनले प्रत्यक्ष वा अप्रत्यक्ष प्रभाव पार्ने समूह वा अनुसननकर्ताको रुचि अनुसारका एकै किसिमका व्यक्तिहरुको समूहलाई जनसंख्या भनिन्छ । नमुना जनसंख्याबाट झिकिएको एक सानो समूह हो जसले सम्पूर्ण जनसंख्याको प्रतिनिधित्व गर्दछ । अनुसन्धानकर्ता सम्पूर्ण जनसंख्याको अध्ययन र विश्लेषण गर्न असमर्थ हुने भएकोले आफ्नो अध्ययन कार्यका लागि सम्भव हुन सक्ने गरी जनसंख्याबाटै केही प्रतिनिधिमूलक एकाइहरुको छनोट गरिन्छ । त्यसलाई नमुना छनोट भनिन्छ । (खनाल, २०६६) नमुना छनोट सम्भावना रहित नमुना छनोट विधि अन्तर्गत सुविधाजनक नमुना छनोट विधि प्रयोग गरी आवश्यक सूचना संकलन गरिएको थियो । सीमित साधन र समयका कारण जनसंख्याको ठूलो हिस्सा वा समूहलाई समावेश गर्न नसकिएता पनि पर्वत जिल्लाभित्रको पशुपति उ.मा.वि. स्रोतकेन्द्रको विद्यालयमा आधारित ३ वटा बालविकास केन्द्रमा अध्यापन गर्ने सहयोगी कार्यकर्ता, प्रधानाध्यापक, अभिभावक, स्रोतव्यक्ति र बालविकास केन्द्रमा अध्ययन गर्ने बालबालिका नमुना जनसंख्याको रुपमा छनोट गरिएको थियो । नमुना छनोट ढाँचा निम्नानुसारको थियो ।

#### ३.२.१ क्षेत्र छनौट

प्रारम्भिक बालविकास केन्द्रमा शिक्षण सिकाइ क्रियाकलापको अवस्था पहिचान गरी त्यसका सवल र दुर्वल पक्षहरु पहिचान गर्न पर्वत जिल्लाको पशुपति उ.मा.वि. राम्जाठाँटी स्रोतकेन्द्र अन्तर्गत तीनवटा बालविकास केन्द्रको छनोट गरिएको थियो । अनुसन्धानकर्तालाई पायक पर्ने र कम लगानीमा वास्तविक सूचना प्राप्त गर्न सजिलो हुने भएकोले उक्त क्षेत्रलाई छनोट गरिएको थियो ।

#### ३.२.२ बालविकास केन्द्रको छनोट

प्रारम्भिक बालविकास केन्द्रको शिक्षण सिकाइ क्रियाकलापको अवस्था पहिचान गर्न पर्वत जिल्लाको पशुपति उ.मा.वि. स्रोतकेन्द्रका सामुदायिक विद्यालयमा सञ्चालित प्रारम्भिक बालविकास केन्द्रहरु मध्ये उद्देश्यमूलक नमुना छनोटबाट ३ वटा बालविकास केन्द्र छनोट गरिएको थियो । ती मध्ये पशुपति उ.मा.वि. स्रोतकेन्द्र राम्जाठाँटी अन्तर्गत पशुपति बालविकास केन्द्र राम्जाठाँटी, सरस्वती बालविकास केन्द्र दभाङ र सानीपोखरी बालविकास केन्द्र पकुवालाई उद्देश्यमूलक नमुना छनोट अनुसार छनोट गरिएको थियो । त्यसमा एउटा उच्च मा.वि. मा

आधारित, एउटा नि.मा.वि. मा आधारित र प्रा.वि.मा आधारित बालविकास केन्द्र थिए । छनोटमा परेका बालविकास केन्द्रको विववरणलाई अनुसूची १ मा राखिएको छ ।

### ३.२.३ विद्यालयका प्र.अ.को छनौट

प्रारम्भिक बालविकास केन्द्रको शिक्षण सिकाइ क्रियाकलापको अवस्था पहिचान गर्न छनोट भएका बालविकास केन्द्रका सम्बन्धित विद्यालयका १/१ जना प्रधानाध्यापक स्वतः छनोट गरिएको थियो । विद्यालयको प्रधानाध्यापक सम्बन्धी विवरण अनुसूची २ मा उल्लेख गरिएको छ ।

### ३.२.४ सहयोगी कार्यकर्ताको छनोट

प्रारम्भिक बालविकास केन्द्रको शिक्षण सिकाइ क्रियाकलापको अवस्था पहिचान गरी प्रारम्भिक बालविकास केन्द्रको शिक्षण सिकाइ क्रियाकलाप सञ्चालन गर्न सहयोगी कार्यकर्ताको भूमिका महत्वपूर्ण हुन्छ । उनले समाजका बालबालिकाले आफूले चाहेको दिशमा डोऱ्याउन सक्छिन् । सहयोगी कार्यकर्ता बालविकास केन्द्रमा हुने शिक्षण सिकाइको अवस्थासँर्ग पूर्व परिचित हुन्छिन् भने आन्तरिक र बाह्य व्यवस्थापनमा प्रत्यक्ष संलगन हुन्छिन् अतः प्रारम्भिक बालविकास केन्द्रको अवस्था पहिचान गरी सवल र दुर्वल पक्षहरु पहिचान गर्न छनोट भएका प्रत्येक बालबविकास केन्द्रका सहयोगी कार्यकर्ता स्वतः छनोट गरिएको थियो ।  छनोट भएका सहयोगी कार्यकर्ताको विवरण अनुसूची ३ मा उल्लेख गरिएको छ ।

### ३.२.५ अभिभावक छनौट

आफ्ना बालबालिका बालविकास केन्द्रमा प्रवेश गरेपछि के कस्ता सकारात्मक वा नकरात्मक व्यवहारहरु देखिए त्यो कुराको पहिचान अभिभावकलाई हुन्छ । त्यहाँको भौतिक वातावरण व्यवस्थापन जिम्मेवारी र जानकार पनि अभिभावक हुन्छ भने शिक्षण सिकाइको संलग्न सहयोगी कार्यकर्ता, प्र.अ.को कार्य व्यवहारमा पनि अभिभावकले चासो राख्ने भएकोले प्रारम्भिक बालविकास केन्द्रको शिक्षण सिकाइ क्रियाकलापको सवल र दुर्वल पक्षहरु पहिचान गर्न ३.२.२ अनुसार छनोट भएका प्रत्येक बालविकास केन्द्रसँग सम्बन्धित ५ जना महिला र ५ जना पुरुष अभिभावक समूह छलफलको लागि उद्देश्यमूलक नमुना छनोटबाट छनोट गरिएको थियो । ती मध्ये उपस्थित भएर समूह छलफलमा भाग लिएका अभिभावकहरुको विवरण अनुसूची ४ मा उल्लेख गरिएको छ ।

### ३.२.६ बालबालिकाको छनोट

प्रारम्भिक बालविकास केन्द्रको शिक्षण सिकाइ क्रियाकलापमा प्रत्यक्ष रुपले संलग्न र त्यसबाट प्रभावित तथा यस अध्ययनसँग सम्बन्धित आधिकारिक सत्य, तथ्य सूचना प्राप्त गर्नका लागि सम्बन्धित बालविकास केन्द्रका बालबालिका प्रमुख हुन्छन् । बालस्वभाव अनुसार उनीहरले देखेको कुरा भोगेको कुरा सहज रुपमा बताउने भएकोले बालविकास केन्द्रको प्रारम्भिक बालविकास केन्द्रको शिक्षण सिकाइ क्रियाकलापको अवस्था पहिचान गर्न ६ जना बालक र ६ जना बालिका समूह छलफलको लागि गोला प्रथाद्वारा छनौट गरिएको थियो । बालबालिकाको विवरण अनुसूची ५ मा उल्लेख गरिएको छ ।

### ३.२.७ स्रोतव्यक्तिको छनौट

आफ्नो स्रोतकेन्द्र भित्रका विद्यालयहरमा र ती विद्यालयमा वा समुदायमा सञ्चालित बालविकास केन्द्रमा शिक्षण सिकाइ क्रियाकलाप के कसरी भइरहेको छ ? शिक्षण सिकाइ क्रियाकलापको लागि आन्तरिक तथा बाह्य व्यवस्थापन के कस्तो छ ? विद्यालय वा समुदायको संलग्नतामा के के कार्य प्रगति भइरहेको छ ? के समस्याहरु छन् वा दुर्वल पक्ष के के छन् र सवल पक्षहरु के के छन् ? त्यसको अवलोकन अनुगमन, निरीक्षण गरी सम्बन्धित व्यक्ति संस्थालाई नजिकबाट पृष्ठपोषण दिने र त्यसको रिपोर्ट माथिल्लो निकायमा पुऱ्याउने जिम्मेवारी व्यक्ति नै स्रोतव्यक्ति भएकाले स्रोतव्यक्तिलाई महत्वपूर्ण सूचनाको स्रोतको रुपमा लिइएको थियो । त्यसैले प्रारम्भिक बालविकास केन्द्रको शिक्षण, सिकाइ क्रियाकलापको सवल र दुर्वल पक्षहरु पहिचान गर्न सम्बन्धित स्रोतकेन्द्रका स्रोतव्यक्तिलाई स्वतः छनोट गरिएको थियो ।

### ३.३ साधनको निर्माण

सूचना संकलनका लागि प्रयोग गरिने औजारलाई अध्ययनका साधनहरु भनिन्छ । कुनै पनि अध्ययनको उद्देश्य पूरा गर्न आवश्यक पर्ने सूचनाहरु संकलन गर्नका लागि विभिन्न औजारहरु निर्माण गरिन्छ जसलाई साधनको निर्माण भनिन्छ । सुचना संकलनको लागि प्रश्नावली, अवलोकन परीक्षा, अन्तर्वार्ता, दस्तावेज अध्ययन, अवस्था वा घटना अध्ययन, सर्वेक्षण मत संकलन, लक्षित समूह छलफल, सामाजिक मापनी, स्केलहरु, घटनावृत्त अभिलेख र थाहा नदिइ गरिने मापन आदि प्रयोग गरिन्छन् । खासगरी गुणात्मक मूल्याङ्कनमा गहन र सघन सूचना प्राप्त हुने साधनहरुको निर्माण र प्रयोग गरिन्छ । प्रस्तुत अध्ययनको उद्देश्य पूरा गर्नको लागि आवश्यक पर्ने सूचनाहरु सरल एवम् व्यवस्थित रुपबाट संकलन गर्न साधनहरु निर्माण गरिएको थियो । अध्ययनको लागि आवश्यक पर्ने साधनहरु सहपाठी साथीहरुसँग छलफल गरी प्राप्त सूचनाका आधारमा साथै शोध निर्देशकको सल्लाह र सुझावका आधारमा निर्माण गरिएको

थियो । यस अध्ययनसँग सम्बन्धित सूचनाहरु संकलन गर्न निम्न साधनहरु निर्माण गरी प्रयोग गरिएको थियो ।

### ३.३.१ अवलोकन फाराम

यस अध्ययनको लागि सहयोगी कार्यकर्ता तथा बालबालिकाद्वारा गरिने सम्पूर्ण क्रियाकलापलाई राखी तयार पारिएको फाराम नै अवलोकन फाराम हो । अवलोकन सहभागितामूलक र असहभागितामूलक दुई किसिमको हुन्छ अध्ययनकर्ता सम्बन्धित बालविकास केन्द्रमा शिक्षण सिकाइ क्रियाकलाप अवलोकन गर्न प्रत्यक्ष सहभागी भइ सहभागीतात्मक अवलोकन विधिको प्रयोग गरिएको थियो । जसका लागि अवलोकन फाराम निर्माण गरी शिक्षण सिकाइ क्रियाकलापको योजना, शिक्षण सिकाइको लागि आन्तरिक वातावरण वा सिकाइ केन्द्र व्यवस्थापन, बाह्य वातावरण व्यवस्थापन, सहयोगी कार्यकर्ताको प्रस्तुतीकरण, विषयवस्तुअनुसार (इन्द्रियको लागि, हातको लागि, दिमागको लागि, सहयोगात्मकको लागि सामाजिक समायोजनाको लागि र संगेगात्मक, विकासको लागि) का क्रियाकलाप दैनिक समय विभाजन र सो अनुसार कार्य र मूल्यांकन तथा पृष्ठपोषण जस्ता विषयवस्तु समावेश गरिएको थियो । बालविकास केन्द्रको शिक्षण सिकाइ क्रियाकलापको अवस्था पहिचान गर्नका लागि ३.२.२ अनुसार छनोट भएका प्रत्येक बालविकास केन्द्रमा अध्ययनकर्ता स्वयंले पाँच/पाँच दिनका दरले तीनवटा केन्द्रमा जम्मा पन्ध्र (१५) पटक अवलोकन गरी प्राप्त सूचनाहरुलाई अवलो.कन फाराममा भरिएको थियो । अवलोकन फारामलाई अनुसूची ६ मा उल्लेख गरिएको छ ।

### ३.३.२ अन्तर्वार्ता प्रश्नावली

प्रारम्भिक बालविकास केन्द्रमा भइरहेको शिक्षण सिकाइ क्रियाकलापको अवस्था पहिचान गरी सवल र दुर्वल पक्षहरुको खोजी गर्न योजना, पूर्वतयारी, भौतिक व्यवस्थापन, सहयोगी कार्यकर्ताको प्रस्तुतीकरण, आन्तरिक व्यवस्थापन अन्तर्गत सिकाइ केन्द्र, बाह्य वातावरणको अवस्था, विषयवस्तु अनुसार इन्द्रियको लागि, हातको लागि, शरीरको लागि, सहयोगात्मकको लागि, सामाजिक समायोजनका लागि क्रियाकलाप, मूल्याङ्कन, पृष्ठपोषण, सारांश जस्ता विषयवस्तु राखेर अन्तर्वार्ता प्रश्नावली निर्माण गरिएको थियो । सम्बन्धित विद्यालयका प्र.अ. र बालविकास केन्द्रका सहयोगी कार्यकर्तासँग अन्तर्वार्ता प्रश्नावली प्रयोग गरी अन्तर्वार्ता लिइएको थियो । अन्तर्वार्ता प्रश्नावली प्रश्नावलीलाई अनुसूची-७ र ८ मा उल्लेख गरिएको छ ।

### ३.३.३ अभिभावकसँग समूह छलफल

बालकको रुचि चाहना र आवश्यकता अनुसार क्रियाकलाप भएको छ छैन भन्ने कुरा नजिकबाट थाहा पाउने व्यक्ति अभिभावक भएको र विद्यालय तथा बालविकास केन्द्रका हरेक गतिविधिमा

संलगन हुने, सुझाव दिने, सहयोग गर्ने व्यक्ति पनि अभिभावक भएकोले बालविकास केन्द्रको शिक्षण सिकाइ क्रियाकलापका दुर्वल र सवल पक्षहरु पहिचान गर्न छनोट भएका अभिभावकबीच समूह छलफल गर्न समूह छलफल निर्देशिका तयार गरिएको थियो । उक्त निर्देशिका, भौतिक व्यवस्था, शैक्षिक सामग्री, शिक्षण सिकाइमा स.का. र बालबालिकाको नियमितता, सर्वाङ्गिण विकाससँग सम्बन्धित क्रियाकलाप, केन्द्र र समुदायबीचको सम्बन्ध, आर्थिक व्यवस्थापकका विषयवस्तु राखी तयार गरिएको थियो । अभिभावक समूह छलफलको लागि प्रयोग भएको निर्देशिकालाई अनुसूची ९ मा उल्लेख गरिएको छ ।

### ३.३.४ बालबालिकासँग समूह छलफल

प्रारम्भिक बालविकास केन्द्रको शिषण सिकाइ क्रियाकलापको मुख्य केन्द्रविन्दु वा लक्षित समूह बालबालिका भएकोले उनीहरु बालविकास केन्द्रको शिक्षण सिकाइमा संलग्न भएपछि प्राप्त अनुभव के कस्तो रहेको छ । शिक्षण सिकाइको वर्तमान अवस्था के छ ? उनीहरु के चाहन्छन् र के भइरहेको छ ? भन्ने प्रश्नहरुको खोजी गरी बालविकास केन्द्रको क्रियाकलापको अवस्था पहिचान गर्न आवश्यक पर्ने सूचना संकलन गर्न ३.२.६ अनुसार छनोट भएका बालबालिकाहरु बीच समूह छलफल गर्नका लागि बालमैत्री भौतिक व्यवस्थापन (फर्निचर, कार्पेट, सिकाइ केन्द्र झ्यालढोका आदि), शैक्षिक सामग्री, शिक्षण सिकाइमा नियमितता, स्वतन्त्रता, मनोरञ्जन सहभागीता र सक्रियता, आन्तरिक बाह्य वातावरण आदि विषयवस्तु समावेश गरी समूह छलफल सञ्चालन गरिएको थियो । समूह छलफल निर्देशिकालाई अनुसूची-१० मा उल्लेख गरिएको छ ।

### ३.३.५ प्रश्नावली

अन्तर्वार्ता र अवलोकनबाट प्राप्त नभएका सूचना प्राप्त गर्न तथा अन्तर्वार्ता र अवलोकनबाट प्राप्त सूचनाको त्रिकोणात्मक जाँच गरी वैधानिकता प्रदान गर्न प्रश्नावली उपयोग गरिएको थियो । प्रश्नावलीमा शिक्षण सिकाइ क्रियाकलाप योजना, क्रियाकलाप सञ्चालन, कक्षाकोठा व्यवस्थापन, बाह्य वातावरण, विषयवस्तु अनुसार क्रियाकलाप, नियमितता, बालबालिकाको सहभागिता र सक्रियता, मूल्याङ्कन, पृष्ठपोषण अनुगमन र निरीक्षण जस्ता विषयव्तु समावेश गरी निर्माण गरिएको थियो । खासगरी प्रारम्भिक बालविकास केन्द्र भएको शिक्षण सिकाइ क्रियाकलापको सवल र दुर्वल पक्षहरु पहिचान गर्न ३.२.७ अनुसार छनोट भएका स्रोतव्यक्तिलाई उक्त प्रश्नावली भर्न लगाएको थियो । गुणात्मक सूचना संकलन गर्नुपर्ने भएकोले असंरचित रुपमा केही थप प्रश्नहरु सोधेर सूचना संकलन गरिएको थियो । प्रश्नावलीको विवरणलाई अनुसुची-११ मा उल्लेख गरिएको छ ।

### ३.३.६ दस्तावेज अध्ययन

कुनै व्यक्ति वा संस्थाको मातहतमा रहेका लिखित तथा पूर्व प्रकाशित सङ्कलित तथ्याङ्कहरुको अध्ययन नै दस्तावेज अध्ययन हो । बालविकास केन्द्रमा शिक्षण सिकाइ क्रियाकलापको अवस्था पहिचान गर्न छनोटमा परेका बालविकास केन्द्रका दस्तावेज अध्ययन गरी सूचना संकलन गरिएको थियो ।

### ३.३.७ साधनहरुको वैधता

उद्देश्य अनुसार सूचना संकलन गर्न प्रयोग गरिने ३.३.१ देखि ३.३.५ सम्मका साधनहरु निर्माण गरी शोध निर्देशकलाई देखाएर, साथीहरुसँग छलफल गरेर तथा अन्य विज्ञ सरहरुलाई देखाएर परिमार्जन गरी वैधानिक साधन निर्माण गरी प्रयोग गरिएको थियो ।

## ३.४ तथ्याङ्क संकलन प्रक्रिया

यो अध्ययन कार्य पूरा गर्न अध्ययनकर्ता स्वयम् अध्ययन क्षेत्रमा गएर सूचना संकलन गरिएको थियो । छनोटमा परेका विद्यालयका सम्बन्धित बालविकास केन्द्रमा पुगेर प्र.अ. र स.का.लाई भेटी अध्ययनको उद्देश्य स्पष्ट पारी अधययन गर्ने अनुमति र सहयोग लिएको थियो । समूह छलफलको लागि अभिभावक भेला गर्न र बालबालिका छनोट गर्न प्र.अ. र स.का.को सहयोग लिएको थियो । अध्ययन कार्यलाई अगाडि बढाउँदै वास्तविकता पत्ता लगाउन निम्नानुसारको प्रक्रियाद्वारा सूचना संकलन गरिएको थियो ।

- ३.३.१ अनुसारको अवलोकन फाराम प्रयोग गरी प्राप्त कुराहरु फाराममा भरिएको थियो ।
- ३.३.२ अनुसारको अन्तर्वाता फाराम तयार गरी अन्तर्वार्ता सञ्चालन गरिएको थियो । प्राप्त सूचनाहरु फाराममा भरिएको थियो ।
- ३.३.३ र ३.३.४ अनुसार समूह छलफल निर्देशिका प्रयोग गरी छलफल सञ्चालन तथा सूचना सञ्चालन गरिएको थियो ।
- ३.३.५ अनुसार प्रश्नावली प्रयोग गरी सूचना संकलन गरिएको थियो ।

## ३.५ सूचनाको विश्लेषण प्रक्रिया

अध्ययनको उद्देश्य पूरा गर्न निर्माण गरिएका अवलोकन फाराम, अन्तर्वार्ता फारम समूह छलफल निर्देशिका र प्रश्नावली आदिबाट प्राप्त तथ्यांक तथा सूचनालाई आवश्यकतानुसार सांकेतिकरण वर्गीकरण तथा तालिकीकरण गरी वर्णनात्मक विधिबाट उद्देश्य अनुरुप सिलसिला मिलाएर शाब्दिक रुपमा विश्लेषण र व्याख्या गरिएको छ ।

## ३.६ नैतिकताको मापदण्डहरु

यो अध्ययन गर्दा उत्तरदाताहरुसँग सुमधुर सम्बन्ध कायम गर्दै उनीहरुको व्यक्तित्वमा आँच आउने कुनै पनि कार्य गरिएको थिएन । सूचना संकलन गर्दा उत्तरदाताको सूचनाहरुलाई गोप्य राखिने आश्वासन दिइएको थियो । साथै उनीहरुको व्यक्तित्वमा असर पुऱ्याउने कुनै पनि कुरालाई प्रतिवेदनमा समावेश गरिएको छैन । उत्तरदाताको सम्मानमा पूर्णतया ध्यान दिइएको छ ।

# परिच्छेद - चार

# तथ्याङ्कको प्रस्तुतीकरण, विश्लेषण र व्याख्या

कुनै पनि अध्ययन अनुसन्धान कार्यका लागि तथ्याङ्कहरुको सङ्कलन गरी सकेपछि ती तथ्यांकहरुलाई उपयुक्त ढंगबाट प्रस्तुत गरी विश्लेषण र व्याख्या गर्नुपर्ने हुन्छ । यस अध्ययनमा प्रारम्भिक बालविकास केन्द्रको शिक्षण सिकाइ क्रियाकलापको अवस्था पहिचान गर्ने र प्रारम्भिक बालविकास केन्द्रमा शिक्षण सिकाइ क्रियाकलापको सवल र दुर्वल पक्षहरु पहिचान गर्ने प्रमुख उद्देश्य रहेको छ । यिनै उद्देश्यहरु पूरा गर्नको लागि पर्वत जिल्लाका तीनवटा सामुदायिक विद्यालयमा आधारित प्रारम्भिक बालविकास केन्द्रमा पुगी कक्षा अवलोकन, विद्यालयका प्र.अ. र सहयोगी कार्यकर्तासँग अन्तर्वार्ता, आन्तरिक र बाह्य व्यवस्थापनको स्थलगत अवलोकन, स्रोतव्यक्तिसँग प्रश्नावली, अभिभावक र बालबालिकासँग समूह छलफल गरी संकलन गरिएका सूचनाका आधारमा विश्लेषण र व्याख्या गरिएको छ । सूचना संकलनको क्रममा छनोटमा परेका प्र.अ., स.का., अभिभावक, बालबालिका, स्रोतव्यक्ति आदिको थप सुझाव, सल्लाह र विचारलाई समेत समावेश गरिएको छ । मूलतः यो अध्ययन सामुदायिक विद्यालयमा सञ्चालित प्रारम्भिक बालविकास केन्द्रमा भइरहेको शिक्षण सिकाइ क्रियाकलापको अवस्था अध्ययन गरिएको हुँदा बालविकास केन्द्रमा शिक्षण सिकाइको योजना देखि मूल्याङ्कन भित्र वषयवस्तु र बालबालिकाको प्रारम्भिक विकासको अवधारणा अनुसार के कस्तो क्रियाकलाप सञ्चालित छ भन्ने कुरालाई आधार बनाइएको छ । जसमा सहयोगी कार्यकर्ताको प्रस्तुतीकरण, विद्यार्थीको सहभागिता र सक्रियता, आवश्यक आन्तरिक र बाह्य भौतिक कक्षा व्यवस्थापन, शैक्षिक तथा खेल र संगीत सामग्रीको व्यवस्थापनको अवस्था कस्तो रहेको छ भन्ने कुरालाई मुख्य केन्द्रविन्दु बनाइएको छ । साथै प्रारम्भिक बालविकास केन्द्रमा भइरहेको शिक्षण सिकाइ क्रियाकलापका सवल र दुर्वल पक्षहरु खोजी गरी विश्लेषण व्याख्या गरिएको छ ।

यसरी प्रारम्भिक बालविकास केन्द्रमा शिक्षण सिकाइ क्रियाकलाप सम्बन्धी तथ्यांक संकलन गरी प्राप्त तथ्यांकलाई निम्नानुसार विश्लेषण र व्याख्या गरिएको छ ।

## ४.१ बालविकास केन्द्रमा शिक्षण सिकाइ क्रियाकलापको अवस्था

प्रारम्भिक बालविकास नै मानव विकासको जग भएकोले जग बलियो र दरिलो भएमा मानवको सर्वाङ्गीण विकास हुन सक्दछ । हाम्रा बालबालिका भोली कस्तो बन्दछन भन्ने कुरा उनीहरुलाई प्रारम्भिक अवस्थामा गरिएको सर्वाङ्गीण विकाससँग सम्बन्धित क्रियाकलापले बनाउँछन् । अतः प्रारम्भिक बालविकास केन्द्रमा सञ्चालन गरिने शिक्षण सिकाइ क्रियाकलापका विभिन्न पक्षहरुको अवस्था खोजी गरी प्राप्त सूचनाको आधारमा छुट्टाछुट्टै बुँदामा निम्नानुसार प्रस्तुतिकरण, विश्लेषण र व्याख्या गरिएको छ ।

### ४.१.१ शिक्षण सिकाइ क्रियाकलापको लागि पूर्व तयारीको अवस्था

प्रारम्भिक बालविकास केन्द्रमा बिना तयारी गरिएको क्रियाकलापले बालकको विकाससँग सम्बन्धित सबै पक्षलाई समेट्न सक्दैन । के क्रियाकलाप गर्ने, कुनै पक्षको विकासमा सहयोग पुग्ने क्रियाकलाप गर्ने, कसरी गर्ने, के सामग्री प्रयोग गर्ने भन्ने कुराले अर्थपूर्ण र प्रभावकारी शिक्षण सिकाइमा सहयोग पुग्ने भएकोले पूर्वतयारीको अवस्थासँग सम्बन्धित सूचनालाई संकलन गरी निम्नानुसार प्रस्तुतीकरण, विश्लेषण व्याख्या गरिएको छ ।

**तालिका ४.१**
**शिक्षण सिकाइ क्रियाकलापको लागि पूर्व तयारीको अवस्था**

| क्रियाकलाप | पशुपति बालबाविकास केन्द्र | सरस्वती बालविकास केन्द्र | स्यानीपोखरी बालविकास केन्द्र |
|---|---|---|---|
| पाठ्यक्रम | छ | छैन | छैन |
| शिक्षक निर्देशिका | छैन | छैन | छैन |
| तालिमबाट प्राप्त सामग्री | छ | छैन | छ |
| वार्षिक कार्यतालिका | बनाएको | बनाएको | बनाएको |
| वार्षिक योजना | बनाएको छ | छैन | छैन |
| दैनिक योजना | मानसिक तयारी | मानसिक तयारी | मानसिक तयारी |
| स्थानीय सामाग्री | संकलन गरेको | संकलन गरेको | संकलन गरेको |
| बजारबाट किनेको | छैन (विद्यालयले व्यवस्था गरेको भने छ) | छैन (विद्यालय व्यवस्था गरेको भने छ) | छैन (विद्यालयले व्यवस्था गरेको भने छ) |
| समय विभाजन | गरेको छ | गरेको छ | गरेको छ |

स्रोत : स्थलगत अध्ययन: २०६७ ।

माथिको तालिका अध्ययन गर्दा एउटा मात्र बालविकास केन्द्रमा पाठ्यक्रम छ । अन्य बालविकास केन्द्रमा पाठ्यक्रम नभएको पाइयो भने सबै बालविकास केन्द्मा शिक्षक निर्देशिका छैन तर २ ओटा बालविकास केन्द्रको सहयोगी कार्यकर्ताले तालिम गर्दा प्राप्त गरेको तालिम सामग्रीबाट तयारी गरेको पाइयो । विद्यालयमा आधारित बालविकास भएकोले सबै बालविकास केन्द्रको वार्षिक कार्यतालिका विद्यालयको वार्षिक कार्यतालिका अनुरुप तयार गरी प्रयोग गरिएको देखिन्छ तर वार्षिक कार्ययोजना र दैनिक कार्ययोजनाको लिखित तयारी भएको पाइएन । स.का., प्र.अ. स्रोतव्यक्ति सबैसँग सोध्दा मानसिक तयारी गरी कार्य भएको पाइयो । शिक्षण सिकाइ क्रियाकलापको लागि समय विभाजन गरिएको पाइयो । क्रियाकलापमा बजारबाट किनेको सामाग्री प्रयोग गर्ने गरेको पाइएन । स्थानीय स्तरमा पाइने सामाग्रीहरु संकलन गरेको पाइयो । अभिभावकसँग समूह छलफल गर्दा बजारबाट किन्न पाइने सामग्रीको लागि आर्थिक स्रोतको अभाव भएकोले सो तयारी हुन नसकेको भन्ने कुरा पाइयो । स्यानीपोखरी बालविकास

केन्द्रका स.का. सँगको अन्तर्वार्ताका क्रममा पूर्व तयारी गर्न आवश्यक सन्दर्भ र अध्ययन सामग्री नभए पनि प्रि प्राइमरी शिक्षण विधि (२०६४) मा उल्लेख भएका कुराहरुका आधारमा मानसिक तयारी गरेर शिक्षण सिकाइ गर्ने गरेको पाइयो ।

यसरी पाठ्यक्रम, शिक्षक निर्देशिका लगायतका सन्दर्भ सामाग्रीको अभावमा वार्षिक योजना र दैनिक योजना बनाइएर शिक्षण सिकाइ क्रियाकलाप हुन नसकेको पाइयो । आर्थिक अभावका कारण बजारमा पाइने सामाग्रीको तयारी नभएता पनि स्थानीय सामग्री संकलन गरी पूर्वतयारी गरेको पाइयो ।

### ४.१.२ बालविकास केन्द्रको कक्षाकोठामा भौतिक व्यवस्थापनको अवस्था

कक्षाकोठा भित्र गरिने विभिन्न क्रियाकलापको लागि कक्षाकोठाको उपयुक्त आकार, फर्निचरको व्यवस्था, कार्पेट वा गुन्दीको व्यवस्थापन, झ्याल ढोकाको अवस्था तीनतीर सेतोपाटी कालोपटी, फराकिलो हावा खेल्ने, प्रकाश आवतजावत गैर वा उज्यालो देखिने बिजुली बत्ती, पंखाको व्यवस्था, शिक्षण सिकाइ क्रियाकलाप गर्दा घुमफिर गर्ने ठाउँ, शैक्षिक सामग्री राख्ने ठाउँ सिकाइ क्षेत्र, प्रदर्शन गर्ने स्थान सम्पूर्ण विद्यार्थीले देख्न सक्ने बसाइको व्यवस्था, आराम गर्ने वा सुन्ने स्थान, भित्ते लेखन आदिको व्यवस्थापन हुनुपर्दछ । प्रारम्भिक बालविकास केन्द्रका लागि करिब ७९ वर्गमिटर अथवा ६ मिटर चौडाइ र १२ मिटर लम्बाइ भएको कोठा स्तरीय मानिन्छ । ( नेपालमा प्रारम्भिक बालविकास सम्बन्धी रणनीति २०६१) त्यस्तै न्यूनतम प्रति विद्यार्थी १/२५ वर्गमीटरको क्षेत्रफलको कोठा उपयुक्त मानिन्छ (शिक्षा विभाग २०६५)

प्रारम्भिक बालविकास केन्द्रमा शिक्षण सिकाइको अवस्था पहिचान गर्ने क्रममा कक्षाकोठाको भौतिक अवस्थाको स्थलगत अवलोकन अभिभावक र बालबालिकासँग छलफल, स्रोतव्यक्ति र प्र.अ.सँग अन्तर्वार्ताका माध्यमबाट तथ्यांक संकलन गरिएको थियो । छनोट गरिएका बालविकास केन्द्रको कक्षाकोठा व्यवस्था सम्बन्धी संकलित सूचनालाई निम्नानुसार प्रस्तुत गरी विश्लेषण र व्याख्या गरी गरिएको छ ।

## तालिका ४.२

## कक्षाकोठामा भौतिक व्यवस्थापनको अवस्था

| भौतिक विवरण | पशुपति बालबाविकास केन्द्र | सरस्वती बालविकास केन्द्र | स्यानीपोखरी बालविकास केन्द्र |
|---|---|---|---|
| कक्षाकोठा | लम्बाई : १२ मिटर<br>चौडाई : ६ मिटर | लम्बाई : १२.४ मिटर<br>चौडाई : ६.२ मिटर | लम्बाई : १२ मिटर<br>चौडाई : ५ मिटर |
| ढोका | संख्या :१<br>उपयुक्त छ । | संख्या : १<br>उपयुक्त छ । | संख्या :१<br>उपयुक्त छ । |
| झ्याल | संख्या :२<br>एकैतिर छन् | संख्या :३<br>दुईतिर छन् | संख्या : २<br>दवैतिर छन् |
| फर्निचर | डेस्क : छैन (विद्यार्थीको लागि)<br>बेन्च :छैन (विद्यार्थीको लागि)<br>कुर्चीः १ (शिक्षकको लागि) | डेस्क : ५ वटा ( विद्यार्थीको लागि)<br>बेन्च ५ वटा (विद्यार्थीको लागि)<br>कुर्चीः (शिक्षकको लागि) | डेस्क : ७ वटा (विद्यार्थीको लागि)<br>बेन्च ७ वटा (विद्यार्थीको लागि)<br>कुर्चीः (शिक्षकको लागि) |
| कालोपाटी/सेतोपाटी | संख्या : १<br>प्रकार : कालोपाटी | संख्या :१<br>प्रकार : कालोपाटी | संख्या २ (दुइतिर छ):<br>प्रकार : कालोपाटी |
| कार्पेट/चकटी | कार्पेट : १ (पातलो)<br>चकटी : २० ओटा (फर्मको) | कार्पेट : छैन<br>चकटी : छैन | कार्पेट : छैन<br>चकटी : छैन |
| भित्ते लेखन | चारैतिर (कालोपाटी बाहेक) | छैन | तीन तीर |
| पुस्तकालय | कक्षाकोठा भित्रै एउटा दराज | छुट्टै कोठा छ | छैन, विद्यालयको कार्यालयमा पुस्तक छन् |
| आराम गर्ने स्थान | छ (ओढ्ने, ओछ्याउने छैन) | छैन | छैन |
| वसाइ व्यवस्था | यू आकार | यू आकार | यू आकार |

स्रोत : स्थलगत अध्ययनः २०६७ ।

माथिको तालिकालाई अध्ययन गर्दा तीनवटै बालविकास केन्द्रमा कक्षाकोठा फराकिलो वा उपयुक्त भएको पाइयो । प्रत्येक बालविकास केन्द्रमा एक एक ओटा उपयुक्त ढोका भएको पाइयो । पशुपति बालविकास केन्द्रमा २ वटा झ्यालमात्र भएको र दुवै झ्याल एकैतिर भएकोले हावाको आवतजावत कम हुने देखियो । अन्य दुइवटा बालविकास केन्द्रमा दुईतिर उपयुक्त झ्याल भएकोले हावा र प्रकाशको आवतजावत हुने देखियो । पशुपति बालविकास केन्द्रमा कार्पेट र चकटीको व्यवस्था भएको र सरस्वती बालविकास केन्द्रमा डेस्क बेन्चको व्यवस्था भएको पाइयो । बालविकास केन्द्र कक्षाकोठाको अवधारणा अनुसार २ वटा बालविकास केन्द्रका कार्पेट र चकटीको व्यवस्थापनको कमी भएको पाइयो । सबै विकास केन्द्रमा एकापट्टी मात्रै कालोपाटी भएको देखियो । दुईवटा बालविकास केन्द्रमा भित्तेलेखन भएकोले शिक्षण सिकाइमा सहयोग पुग्ने देखियो । सरस्वती बालविकास केन्द्रमा भित्ते लेखन देखिएन । बालविकास केन्द्रभित्र पुस्तकालय हुनुपर्नेमा सरस्वती बालविकास केन्द्रको नजिकै छुट्टै भएको पाइयो भने पशुपति बालविकास केन्द्रमा कोठाभित्र एउटा कुनामा दराज राखेर पुस्तकालय कुना बनाएको

पाइयो । सबै बालविकास केन्द्रमा यू आकारको बसाइ व्यवस्था भएको पाइयो । सरस्वती र स्यानीपोखरी बालविकास केन्द्रमा आराम गर्ने स्थान भएको पाइएन तर पशुपति बालविकास केन्द्रमा आराम गर्ने छुटै ठाउँ भए पनि ओढ्ने र ओछ्याउने सामग्री व्यवस्थापन भएका पाइएन ।

कक्षाकोठा व्यवस्थापनको सूचना संकलन गर्न प्र.अ. सँग र अन्तर्वार्ता स्रोतव्यक्तिसँग प्रश्नावली र अभिभावकसँग समूह छलफल गर्दा सरस्वती बालविकास केन्द्रका प्र.अ.ले भुई प्लाष्टर गरिएको आर्थिक अभावका कारण भित्ते लेखन, कार्पेट र चकटी व्यवस्थापन गर्न नसकिएको बताएका थिए भने स्यानीपोखरी बालविकासका प्र.अ. ले व्यवस्थापन सामान्य भएको बताएका थिए । स्रोतव्यक्ति र अभिभावकले सामान्य व्यवस्थापन भएको भने माथि उल्लेखित कुराहरु बताएका थिए । व्यवस्थापन समिति र अभिभावकको पहल हुनुपर्ने सरस्वती बालविकास केन्द्रका प्र.अ.को भनाई थियो भने अभिभावकहरु विद्यालय र स.का.को पनि सक्रियता बढाउनुपर्ने भन्ने भनाइ आएको पाइयो ।

यसरी बालविकास केन्द्रको कक्षाकोठा ढोका झ्यालउपयुक्त भए पनि फर्निचरको सट्टा कार्पेट र चकटीको अभाव भएको पाइयो । बालविकास केन्द्रमै पुस्तकालय स्थापना गर्नुपर्ने, देखियो । सबै बालविकास केन्द्रमा आराम गर्ने स्थानको उचित व्यवस्थापन नभएको पाइयो । तीनतीर कालोपाटी नभएको तर भित्ते लेखन भएको पाइयो ।

### ४.१.३ शिक्षण सिकाइ क्रियाकलापमा आन्तरिक व्यवस्थापनको अवस्था

प्रभावकारी र अर्थपूर्ण शिक्षण सिकाइको लागि भौतिक व्यवस्थापन महत्वपूर्ण पूर्वसर्त भएजस्तै शिक्षण सिइकौका आन्तरिक व्यवस्थापन वा सिकाइ क्षेत्रको व्यवस्थापन पनि अति नै महत्वपूर्ण मानिन्छ । विशेष गरी प्रारम्भिक अवस्थका बालबालिकाहरुको सर्वाङ्गीण विकास गर्ने खालका सिकाइ क्षेत्र व्यवस्थापन भएको कक्षाकोठाबाट विषयवस्तु अनुसार शिक्षण सिकाइ प्रभावकार बनाउन सकिन्छ । यही मर्मलाई आत्मसाथ थरी शिक्षण सिकाइ क्रियाकलापमो आन्तरिक व्यवस्थापनको अवस्था पहिचान गर्न स्थलगत अवलोकन, अभिभावक र बालबालिकासँग समूह छलफल, प्र.अ. र स.का.सँग अन्तर्वार्ता काध्यमबाट सूचना संकलन गरी निम्नानुसार विश्लेषण र व्याख्या गरिएको छ ।

**तालिका ४.३**

**भाषा क्षेत्रको अवस्था**

| अवस्था | पशुपति बालबाविकास केन्द्र | सरस्वती बालविकास केन्द्र | स्यानीपोखरी बालविकास केन्द्र |
|---|---|---|---|
| १. क्षेत्र छुट्टाएको | छैन | छैन | छैन |
| २. सामग्रीको अवस्था | झलकपती - २३ वटा<br>परिवार चार्ट - २ वटा<br>अक्षर चक्र चार्ट- २५ प्रति<br>कक्षा किताब- १० वटा<br>तस्वीर- २ वटा<br>चित्रकथा- १५ वटा<br>लुडो - १ वटा | झलकपती - २३ वटा<br>परिवार चार्ट - २ वटा<br>अक्षर चक्र चार्ट- २ प्रति<br>कक्षा किताब- १६ वटा<br>तस्वीर- ७ वटा<br>चित्रकथा- ४ वटा<br>लुडो - ५ वटा (प्लाष्टिक) | झलकपती - २३ वटा<br>परिवार चार्ट - छैन<br>अक्षर चक्र चार्ट- २ प्रति<br>कक्षा किताब- ५ वटा<br>तस्वीर- छैन<br>चित्रकथा- छैन |
| ३. सामग्री राखिएको स्थान | पुस्चक राख्ने दराजमा कक्षाकोठा भित्रै | पुस्तकालयमा | विद्यालयको अफिसमा |
| ४. शिक्षण सिकाइ विधि | **शिक्षक** : प्रदर्शन, निर्देशन वर्णन<br>**विद्यार्थी** : सहभागितात्मक, छलफल, अभिव्यक्ति | **शिक्षक** : निर्देशन, वर्णन<br>**विद्यार्थी** : सहभागितात्मक | **शिक्षक** : वर्णन<br>**विद्यार्थी** : छलफल, अक्षरलेखन |

स्रोत : स्थलगत अध्ययन: २०६७ ।

माथिको तालिका अध्ययन गर्दा कुनै पनि बालविकास केन्द्रमा भाषा क्षेत्र को स्थान छुट्टाएको पाइएन । भाषा क्षेत्रको सिकाइको लागि आवश्यक सामग्रीहरु सबै बालविकास केन्द्रमा रहेको पाइयो । पशुपति बालविकास केन्द्र सरस्वती बालविकास केन्द्रमा अधिकांश सामग्री भएको पाइयो भने स्यानीपोखरी बालविकास केन्द्रमा तस्वीर र चित्रकथा जस्ता सामग्री भएको पाइएन । क्षेत्र नछुटाएकोले भाषा क्षेत्रका सामग्री बालविकास केन्द्रको दराज, विद्यालयको पुस्तकालय र अफिसमा राख्ने गरेको पाइयो । डोमिनोज भाषा पंक्ति, पजल, टेलिभिजन जस्ता सामग्री भएको पाइएन । भएका सामग्री अनुसार सबै बालविकास केन्द्रमा शिक्षक र विद्यार्थीका क्रियाकलाप भएको पाइयो । २ ओटा बालविकास केन्द्रमा बालविकासको सहभागिता गार्ड दिँदै स.का. ले सहजीकरण गरेको पाइयो भने एउटा बालविकास केन्द्रमा शिक्षकको वर्णन पछि विद्यार्थीबाट छलफल र लेखन कार्य भएको पाइयो ।

यसरी सबै बालविकास केन्द्रमा भाषा क्षेत्र छुट्टाएर सामग्री राखेको पाइएन । सामग्री छुट्टै नभए पनि भाषा क्षेत्र अन्तर्गतका शिक्षण सिकाइ क्रियाकलाप भएको पाइयो ।

**तालिका ४.४**

**गोटीक्षेत्रको अवस्था**

| **अवस्था** | **पशुपति बालबाविकास केन्द्र** | **सरस्वती बालविकास केन्द्र** | **स्यानीपोखरी बालविकास केन्द्र** |
|---|---|---|---|
| १. क्षेत्र छुट्टाएको | छैन | छैन | छैन |
| २. सामग्रीको अवस्था | ढुंगाका गोटीहरु : ५ सेट<br>काठका गोटीहरु : ३ सेट<br>लठ्ठीहरु : ४ वटा | ढुंगाका गोटी : २ सेट | लट्ठी - ४ वटा |
| ३. सामग्री राखिएको स्थान | बाकसमा | बालविकास केन्द्रको भित्ताको खोपामा | एउटा कुनामा |
| ४. शिक्षण सिकाइ क्रियाकलाप | **शिक्षक** : गोटी खेल्न लगाएको<br>**विद्यार्थी** : गोटी खेलेको लठ्ठीबाट आकार बनाएको | **शिक्षक** : गोटी खेल्न दिएको<br>**विद्यार्थी** : २/२ जनाको समूहमा गोटी खेलेको | **शिक्षक** : चर्को आवाज निकाल्ने बालबालिकालाई लठ्ठी देखाइएको<br>**विद्यार्थी** : डराएको |

स्रोत : स्थलगत अध्ययनः २०६७ ।

माथिको तालिका अनुसार अध्ययन गर्दा ३ वटै बालविकास केन्द्रमा गोटी क्षेत्र छुट्टाएको पाइएन । २ वटा बालविकास केन्द्रमा काठ र ढुङ्गाका गोटीहरु र २ वटा बालविकास केन्द्रमा ४/४ वटा लट्ठीहरु भएको पाइयो । २ वटा बालविकास केन्द्रमा गोटी क्षेत्र नभए पनि व्यवस्थित तरिकाले बाकस र खोपामा राखेको र शिक्षण सिकाइ क्रियाकलापमा उपयोग गरी बालबालिकालाई खेल्न दिएको पाइयो । एउटा बालविकास केन्द्रमा बालविकासको अवधारणा विपरित चर्को आवाजलाई दमन गर्न लट्ठी प्रयोग गरिएको पाइयो । लट्ठीलाई शिक्षण सिकाइ क्रियाकलापमा प्रयोग गरेको पाइएन ।

यसरी सबै बालविकास केन्द्रमा गोटी क्षेत्र छुट्टाएको पाइएन । गोटी क्षेत्रमा हुने सिकाइ क्रियाकलाप भएको र विद्यार्थी आफै सहभागी भएर सिकेको पाइयो ।

**तालिका ४.५**

**विज्ञान क्षेत्रको अवस्था**

| **अवस्था** | **पशुपति बालबाविकास केन्द्र** | **सरस्वती बालविकास केन्द्र** | **स्यानीपोखरी बालविकास केन्द्र** |
|---|---|---|---|
| १. क्षेत्र छुट्टाएको | छैन | छैन | छैन |
| २. सामग्री | चुम्बक : ५ सेट<br>नाप्ने भाडा (लिटर र किलोग्राम) का ७ वटा<br>भित्ते घडी<br>तराजू (स्प्रिङ्ग+भौतिक) | चुम्बक ५ सेट<br>नाप्ने भाडा - एक लिटरको भाँडो, १ किलोको ढक १/२ किलोको ढक, १/४ किलोको ढक, तराजू (स्प्रिङ्ग+भौतिक) | चुम्बक - ५ सेट<br>नाप्ने भाडा - ४ वटा<br>१ किलोको ढक, १/२ किलोको ढक, १ लिटर र १/२ लिटरको भाडो |
| ३. सामग्री राखेको स्थान | बाकसमा | बाकसमा | अफिसमा |
| ४. शिक्षण सिकाइ क्रियाकलाप | चुम्कब प्रयोगको क्रियाकलाप भएन नाप्ने भाडाको क्रियाकलाप<br>**शिक्षक :** प्रदर्शन<br>**विद्यार्थी :** सहभागी भएर आफै नापेर हेरेको | देखिएन | देखिएन |

स्रोत : स्थलगत अध्ययनः २०६७ ।

माथिको तालिका अध्ययन गर्दा विज्ञान क्षेत्रका सामग्री भएको र निश्चित क्षेत्रमा राखेको पाइयो । क्षेत्र भने छुट्टाएको देखिएन सामग्री अनुसार दुईओटा बालविकास केन्द्रमा शिक्षण सिकाइ क्रियाकलाप भएको पाइएन । एउटा बालविकास केन्द्रमा सामग्री अनुसार शिक्षक विद्यार्थी दुवै सक्रिय भई क्रियाकलाप भएको पाइयो । सबै बालविकास केन्द्रका स.का. र. प्र.अ. सँग लिएको अन्तर्वार्तामा विज्ञान क्षेत्रका क्रियाकलाप भएको र क्षेत्र नछुट्टाएको बताएकाले । शिक्षण सिकाइ क्रियाकलाप भएको पाइयो ।

यसरी बालविकास केन्द्रमा विज्ञान क्षेत्र नछुटाए पनि सामाग्री व्यवस्थापन र सो अनुसार शिक्षण सिकाइ क्रियकलाप भएको पाइयो ।

**तालिका ४.६**

**गणित क्षेत्रको अवस्था**

| **अवस्था** | **पशुपति बालबाविकास केन्द्र** | **सरस्वती बालविकास केन्द्र** | **स्यानीपोखरी बालविकास केन्द्र** |
|---|---|---|---|
| क्षेत्र छुट्टाएको | छैन | छैन | छैन |
| सामग्री | काठका आकारहरु १० सेट<br>जियो बोर्ड १ | काठका आकारहरु १० सेट | छैन |
| सामाग्री राखिएको स्थान | बाकसमा | बाकसमा ५ सेट<br>पुस्तकालयमा ५ सेट | छैन |
| शिक्षण सिकाइ क्रियाकलाप | **शिक्षक** : आकारहरुको चिनारी (प्रदर्शन)<br>**विद्यार्थीः** आफै मिलाएर हेरेको छलफल गरेका | छैन | **शिक्षकः** गणितीय आकारहरुको बारेमा कालोपाटीमा चित्र बनाइ छलफल र प्रश्नोत्तर<br>**विद्यार्थी** : छलफल र प्रश्नोत्तरमा भाग लिएको |

स्रोत : स्थलगत अध्ययनः २०६७।

माथिको तालिका अध्ययन गर्दा गणित क्षेत्र पनि नछुट्टाएको पाइयो । गणित क्षेत्रको सिकाइका आवश्यक सामग्री नभएको पाइयो । शिक्षण सिकाइ क्रियकलाप एउटा बालविकास केन्द्रमा मात्र भएको पाइयो । उक्त बालविकास केन्द्रमा शिक्षकले काठका आकाराहरु प्रदर्शन गरी चिनाएपछि विद्यार्थीलाई आफै खेलाउन, मिलाउन लगाइयो, छलफल पनि गरेको पाइयो । एउटा बालविकास केन्द्रमा गणितीय आकारहरुको कालोपाटीमा चित्र बनाइ त्यसमा छलफल र प्रश्नोत्तरबाट शिक्षण सिकाइ क्रियाकलाप भएको पाइयो ।

यसरी सबै बालविकास केन्द्रमा गणित क्षेत्र नछुट्टाएको पाइयो । सबै बालविकास केन्द्रमा गणित क्षेत्रको सिकाइका लागि आवश्यक सामग्रीको अभाव भएको पाइयो । पशुपति बालविकास केन्द्रमा भएको सामग्री अनुसार शिक्षण सिकाइ भएको पाइयो भने सरस्वती बालविकास केन्द्रमा सो भएको पाइएन । स्यानीपोखरी बालविकास केन्द्रमा सामग्री केही पनि नभएको र परम्परागत शिक्षण विधि अनुसार कालोपाटीमा आकार प्रदर्शन गरी छलफल भएको पाइयो ।

यसरी सबै बालविकास केन्द्रमा गणित क्षेत्रका सामग्रीको अभाव भएको पाइो । गणित क्षेत्रको सिकाइ क्रियाकलाप पनि प्रभावकारी नभएको पाइयो ।

**तालिका ४.७**
**सृजनात्मक क्षेत्रको अवस्था**

| अवस्था | पशुपति बालबाविकास केन्द्र | सरस्वती बालविकास केन्द्र | स्यानीपोखरी बालविकास केन्द्र |
|---|---|---|---|
| क्षेत्र छुट्टाएको | छैन | छैन | छैन |
| सामग्री | - विभिन्न रंगीन कागजहरु<br>- समाचार पत्रहरु<br>- रंगिन सिसाकलम | - विभिन्न रंगका कागज र सिसाकलमहरु | - केही सेवा कागजहरु |
| सामाग्री राखिएको स्थान | - दराजमा<br>- सिसाकलम बाकसमा | बाकसमा | विद्यालयको अफिसमा |
| शिक्षण सिकाइ क्रियाकलाप | **शिक्षकः**<br>- समाचार पत्रका चित्रहरु प्रदर्शन<br>- रंगीन सिसाकलामबाट चित्रमा रंग भर्न लगाइएको<br>- कागज पट्टाएर आकार बनाउन लगाएको<br>**विद्यार्थीः** शिक्षकको निर्देशन अनुसार सहभागी भएको | **शिक्षकः** आकार बनाएर संकेत गर्न लगाएको<br>**विद्यार्थीः** आकार बनाएर संकेत गरेको | **शिक्षकः** आकार बनाउन लगाइएको<br>**विद्यार्थीः** बनाएको |

स्रोत : स्थलगत अध्ययनः २०६७।

माथिको तालिका अध्ययन गर्दा सबै बालविकास केन्द्रमा सृजनात्मक क्षेत्र छुट्टाएर शिक्षण सिकाइ क्रियाकलाप गरेको पाइएन । सृजनात्मक क्षेत्र अन्तर्गत प्रयाप्त सामग्री भएको पाइएन । पशुपति बालविकास केन्द्रमा अन्य दुई केन्द्रभन्दा बढी सामग्री भएको पाइयो । सामग्री अनुसार उक्त बालविकास केन्द्रमा शिक्षण सिकाइ क्रियाकलाप भएको पाइयो । अन्यमा सामग्री पनि कम र क्रियाकलाप पनि भएको पाइयो । स.का., प्र.अ. को अन्तर्वार्तामा तीनवटै बालविकास केन्द्रमा सृजनात्मक क्षेत्र नछुट्टाएको बताएका थिए भने स्रोतव्यक्तिले प्रश्नावलीमा क्षेत्र नछुटाएको तर सामान्य क्रियाकलाप भएको बताएका थिए ।

यसरी सबै बालविकास केन्द्रमा सृजनात्ममक क्षेत्र नछुट्टाएको पाइयो । सबै बालविकास केन्द्रमा उक्त सिकाइ क्षेत्रसाग सम्बन्धित सामग्रीको अभाव भएको पाइयो । सृजनात्मक क्षेत्रको शिक्षण र सिकाइ क्रियाकलाप सामान्य रहेको पाइयो ।

**तालिका ४.८**

**संगीत क्षेत्रको अवस्था**

| अवस्था | पशुपति बालबाविकास केन्द्र | सरस्वती बालविकास केन्द्र | स्यानीपोखरी बालविकास केन्द्र |
|---|---|---|---|
| क्षेत्र छुट्टाएको | छैन | छैन | छैन |
| सामग्री | बासुरी, ड्रम, मादल, टिनको भाँडो, लट्ठी | मादल | - बाँसुरी<br>- मादल |
| सामाग्री राखिएको स्थान | - बासुरी दराजमा<br>- ड्रम, मादल, टिनको भाँडो भित्तामा झुन्ड्याएको<br>- लट्ठी कुनामा ठडाइएको | भित्तामा झुन्ड्याइएको | - भित्तामा झुन्ड्याएइको<br>- बासुरी टिनको छानाको चरमा राखिएको |
| शिक्षण सिकाइ क्रियाकलाप | **शिक्षक** : मादल बजाएको<br>**विद्यार्थी** : गीत गाएर नाचेका ड्रमका तालमा हिंड्ने अभ्यास गरेको सहभागितात्मक /मनोरञ्जनात्मक | मादल बजार नाचगान (मनोरञ्जनात्मक) | **शिक्षकः** बासुरी र मादल प्रत्येकलाई बजाउन लगाइएको शिक्षकले बजाएर देखाएको गीत गाएको, नचाएको,<br>**विद्यार्थीः** सहभागितात्मक/ मनोरञ्जणात्मक |

स्रोत : स्थलगत अध्ययनः २०६७।

माथिको तालिका अध्ययन गर्दा तीनवटै बालविकास केन्द्रमा संगीत क्षेत्र छुट्टाइएको पाइयो । बालविकास केन्द्र कक्षा कोठाको कुनामा संगीत सामग्री राखेर त्यही पुगेर संगीत क्षेत्रका क्रियाकलाप गरेको पाइयो । पशुपत बालविकास केन्द्रमा संगीतका लागि मादल, बाँसुरी, ड्रम, टिनको भाँडो, लट्ठी आदि भएको पाइयो । तुलनात्मक रुपमा अन्य बालविकास केन्द्रमा ती सामग्री पाइएन । मादल भने सबै बाल विकास केन्द्रमा भएको र त्यसैको सहायताले संगीत क्षेत्रका सिकाइ क्रियाकलाप भएको पाइयो । दुइवटा बालविकास केन्द्रमा बासुरी पनि भएको पाइयो । सबै बालविकास केन्द्रमा मनोरञ्जनात्मक र सहभागितात्मक शिक्षण सिकाइ क्रियाकलाप भएको पाइयो ।

यसरी सबै बालविकास केन्द्रमा संगीत क्षेत्रको लागि कक्षाकोठाको कुनामा व्यवस्थापन भएको पाइयो । संगीत क्षेत्रका लागि मादल बाहेक अन्य सामग्रीको अभाव भएको पाइयो । शिक्षण सिकाइ क्रियाकलाप मनोरन्जनात्मक र सहभागितात्मक भएको पाइयो ।

### ४.१.४ शिक्षण सिकाइ क्रियाकलापमा बाह्य वातावरणको अवस्था

प्रारम्भिक बालविकास केन्द्रका बालबालिकाको सर्वाङ्गीण विकास हुने खालका कक्षाकोठाभित्र मात्र समेट्न सकिँदैन । बालक प्रकृति प्रेमी हुन्छ । बाहिरी वातावरणमा विभिन्न पक्षहरुले बालकलाई सुरक्षाको अनुभूति दिन सकिन्छ । शारीरिक विकास क्रियाकलाप, खेलको क्रियाकलापको लागि पनि बाह्य वातावरण व्यवस्थापन हुनुपर्दछ । यो अध्ययनको छनोटमा परेका बालविकास केन्द्रको बाह्य वातावरणको स्थलगत अध्ययन अवलोकन गरी त्यहाँ भएको क्रियाकलाप निम्नानुसारको विश्लेषण र व्याख्या गरिएको छ ।

**तालिका ४.९**
**बाह्य वातावरणको अवस्था**

| **अवस्था** | **पशुपति बालबाविकास केन्द्र** | **सरस्वती बालविकास केन्द्र** | **स्यानीपोखरी बालविकास केन्द्र** |
|---|---|---|---|
| बाह्य सामग्री वा वातावरण | विद्यालयको पर्खाल, करेसाबारी, बलौटे क्षेत्र, चढ्ने भऱ्याङ, खम्बा, रुख आदि । | विद्यालयकै पर्खाल, शौचालय, खानेपानी ( धारा छ) (पक्की छ) | - शौचालय (पक्की छ)<br>- खानेपानी (धारा छ) |
| शिक्षण सिकाइ क्रियाकलाप | **शिक्षकः** पालो गरेर पिसाब फेर्न र पानीले हातमुख धुन सिकाएको<br>**विद्यार्थीः** पानी खाएको र पालो गरेर पिसाब फेरेको । | **शिक्षकः** पालो गरेर पिसाब फेर्न र पानीले हातमुख धुन सिकाएको<br>**विद्यार्थीः** पानी खाएको र पालो गरेर पिसाब फेरेको । | **शिक्षकः** शौचालय लाने ल्याउने गरिएको पानीले हातमूख धुन सिकाएको<br>**विद्यार्थीः** पालो गरेर शौचालय गएको । |

स्रोत : स्थलगत अध्ययनः २०६७ ।

माथिको तालिका अध्ययद गर्दा तीनवटै बालविकास केन्द्रमा शौचालय भएको र सो प्रयोग भएको पाइयो । पशुपति बालविकास केन्द्रमा पालो गरेर पिसाब फेर्न जान सिकाएको पाइयो । सबै बालविकास केन्द्रमा खानेपानीको सुविधा भएको पनि पाइयो । पानी प्रयोग गरी हात मुख धुन लगाइएको पाइयो । पिङ, चाकाचुली, चिप्लेटी, पुलहरु भऱ्याङहरु पोखरीहरु जस्ता बाह्य वातावरणका सामग्री व्यवस्थापन गरेर शिक्षण सिकाइ क्रियाकलाप भएको पाइएन ।

यसरी सबै प्रारम्भिक बालविकास केन्द्रमा शौचालय र खानेपानीको व्यवस्थापन भएको पाइयो । बाह्य वातावरणको सबै व्यवस्थापन भएको पाइएन शिक्षण सिकाइ क्रियाकलाप पनि कम भएको पाइयो ।

### ४.१.५ विषयवस्तु अनुसार शिक्षण सिकाइ क्रियाकलापको अवस्था

प्रारम्भिक बालविकास केन्द्रका मुख्य विषयवस्तु बालकको इन्द्रियको विकास, शारीरिक विकास, संवेगात्मक विकास, सामाजिक समायोजनको विकास सहयोगात्मक भावनाको विकास लगायतका पक्षसँग सम्बन्धित हुने भएकोले यो अध्ययन गर्दा अनुसन्धानकर्ताले ती पक्षहरुमा जोड दिएर सूचना संकलन गरेको थियो । त्यसका लागि कक्षा अवलोकन, सहयोगी कार्यकर्ता र प्र.अ.सँग अन्तर्वार्ता, बालबालिकासँग समूह छलफल र स्नातव्यक्तिसाग प्रश्नावलीका माध्यमबाट सूचना संकलन गरिएको थियो । अध्ययनको क्रममा प्राप्त सूचनालाई निम्नानुसार प्रस्तुत गरी विश्लेषण र व्याख्या गरिएको छ ।

**तालिका ४.१०**

**दिमागको लागि शिक्षण सिकाइ क्रियाकलापको अवस्था**

| क्रियाकलाप | पशुपति बालबाविकास केन्द्र | सरस्वती बालविकास केन्द्र | स्यानीपोखरी बालविकास केन्द्र |
|---|---|---|---|
| १. कथा, कविता, भन्ने, सुन्ने | भएको | भएको | भएको |
| २. कथाबाट घटनाक्रम छलफल | भएको | भएको | भएको |
| ३. भित्ते लेखनबाट अक्षर, वर्ण, संख्या चिनाउने | भएको | नभएको | भएको |
| ४. आफ्नो र साथीको उमेर सोध्ने र बताउने | भएको | भएको | भएको |
| **क्रियाकलापको एउटा प्रत्यक्ष उदाहरण** | **शिक्षकः** चलाख वटुवा र कन्जु बुढी शिर्षकमा कथा बताइएको, विद्यार्थीले सुनिसकेपछि त्यसभित्रका घटनाहरु छलफल गर्न लगाइएको । | **शिक्षकः** आफ्नो नाम, उमेर बताएको, बताइसकेपछि विद्यार्थीलाई पनि बताउन लगाइएको । | **शिक्षकः** भित्ते लेखनका अक्षर वर्ण देखाएर छलफल । |
| | **विद्यार्थी :** बालकले पात्रहरुका बारेमा टिकाटिप्पणी गरेका, असल र खराब, सत्य र असत्य छुट्याउन सफल भएका, मनोरञ्जन मानेका । | **विद्यार्थी :** शिक्षकको अनुसार नाम, उमेर बताएका साथीको उमेर र आफ्नो उमेर तुलना गरेको । | **विद्यार्थी** शिक्षकको प्रस्तुति हेरिसकेपछि आफूले पनि भित्तामा गएर अक्षर वर्ण देखाउने गरेको । |

स्रोत : स्थलगत अध्ययनः २०६७ ।

माथिको तालिका अध्ययन गर्दा सबै बालविकास केन्द्रमा कथा भन्ने र सुन्ने कथाका राम्रा, नराम्रा, सत्य, असत्य छुट्टाउने क्रियाकलाप भएको पाइयो । तीनवटै बालविकास केन्द्र कविता

वाचन भएको पाइयो । दुईवटा बालविकास केन्द्रमा भित्ते लेखन भएको त्यहाँ बालकले औंलाले देखाएर अक्षर, वर्ण र संख्या चिन्ने, गन्ती गर्ने गरेको पाइयो । एउटा बालविकास केन्द्रमा भित्ते लेखन नभएको र सो अनुसार क्रियाकलाप पनि नभएको पाइयो । एउटा बालविकास केन्द्रमा विभिन्न रंगहरुको बारेमा छलफल भएको पाइयो । उक्त बालविकास केन्द्रमा बालबालिका र उनीहरुका साथीहरु बीच उमेर सोध्ने बताउने क्रियाकलाप भएको पाइएन । दुईवटा बालविकास केन्द्रमा उमेर, जन्म मिति आदि बारेमा सोध्ने, छलफल गर्ने गरेको पाइयो । स.का. र प्र.अ. अन्तर्वार्ता, स्रोतव्यक्ति प्रश्नावली अनुसार पनि यी क्रियाकलाप भएको पाइयो ।

यसरी तीनवटै बालविकास केन्द्रमा दिमागको विकासको लागि कथा, कविताका माध्यमबाट सत्य, असत्य, राम्रो नराम्रो छुट्टाउने क्रियाकलाप भएको पाइयो भने २ वटामा भित्ते लेखन गरेर अक्षर र वर्ण चिन्ने लेख्ने, देखाउने क्रियाकलाप भएको पाइयो । एउटा पाइएन ।

**तालिका ४.११**

**इन्द्रियका लागि शिक्षण सिकाइ क्रियाकलापको अवस्था**

| **क्रियाकलाप** | **पशुपति बालबाविकास केन्द्र** | **सरस्वती बालविकास केन्द्र** | **स्यानीपोखरी बालविकास केन्द्र** |
|---|---|---|---|
| १. गन्ध पहिचान | छैन | भएको | छैन |
| २. आवाज सुन्ने र सुनाउने | छैन | भएको | भएको |
| ३. स्वाद लिने चाख्ने | छैन | छैन | छैन |
| ४. शरीरका अंग पहिचान | भएको | भएको | छैन |
| ५. रंगहरु छुट्टाउने | भएको | छैन | भएको |
| ६. आकार चिन्ने/छुट्टाउने | भएको | भएको | छैन |
| ७. मौसमी परिवर्तन (बिहान, दिउँसो, बेलुका, झरी बादल वर्षा) | छैन | छैन | छैन |
| ८. स्पर्श अभ्यास | छैन | छैन | छैन |
| **क्रियाकलापको एउटा प्रत्यक्ष उदाहरण** | **शिक्षक:** आफ्नो शरीरका अंग एकपटक क्रमशः हातले देखाएर चिनाएको । | **शिक्षक:** सामग्री प्रदर्शन ( भलिबल, गोटी, चित्र....) आदि आकार पहिचान गर्न लगाएको । | **शिक्षक:** विभिन्न रंग भएको कागज प्रदर्शन । |
| | **विद्यार्थी** :हातले आफ्नो अंग नाक, कान, आँखा आदि देखाएर क्रियाकलापमा भाग लिएको । | **विद्यार्थी** : आकार पहिचान गर्न छलफल गरेको । सानो, ठूलो, गोलो आदि छुट्याएको । | **विद्यार्थी** : रंग छुट्याएको । |

स्रोत : स्थलगत अध्ययन: २०६७ ।

यसरी माथिको तालिका अध्ययन गर्दा शरीरमा भएका अंगहरु पहिचान गर्ने क्रियाकलाप तीनओटै बालविकास केन्द्रमा भएको पाइयो । त्यस्तै मौसमी परिवर्तन, स्पर्श अभ्यास, स्वाद लिने चाख्ने क्रियाकलाप तीनवटै बालविकास केन्द्रमा नभएको पाइयो । एउटा बालविकास केन्द्रमा गन्ध पहिचानको क्रियाकलाप भएको पाइयो । अन्य दुईवटा बालविकास केन्द्रमा गन्ध पहिचानको क्रियाकलाप भएको पाइएन । दुइवटा बालविकास केन्द्रमा आवाज सुन्ने र सुनाउने कार्य भएको पाइयो । त्यस्तै २ वटा बालविकास केन्द्रमा रंगहरु छुट्टाउने क्रियाकलाप भएको पाइयो । दुईवटा बालविकास केन्द्रमा आकार चिन्ने र छुट्टाउने. क्रियाकलाप भएको पाइयो । एउटा बालविकास केन्द्रमा सो क्रियाकलाप भएको पाइएन ।

सहयोगी कार्यकर्तासँग लिएको अन्तर्वार्ताका तीनवटै बालविकास केन्द्रका स.का. ले गन्ध पहिचान र आवाज सुन्ने र सुनाउने क्रियाकलाप भएको बताएका थिए भने एउटा बालविकास केन्द्रका स.का. ले जननावरको आवाज सम्बन्धी क्रियाकलाप भएको बनाएका थिए । त्यस्तै प्र.अ.सँग लिएको अन्तर्वार्तामा एकजना प्र.अ. ले आवश्यक सबै क्रियाकलाप भएको बताएका थिए । अन्य २ वटा बालविकास केन्द्रका प्र.अ. ले इन्द्रियका लागि सामान्य क्रियाकलाप भएको बताएका थिए । त्यस्तै स्रोतव्यक्ति सँग प्रश्नावली प्रयोग गरी सूचना संकलन गर्दा सबै बालविकास केन्द्रमा सामान्य रुपमा केही मात्र क्रियाकलाप भएको बताएका थिए ।

यसरी सबै बालविकास केन्द्रमा स्पर्श अभ्यास, स्वाद लिने, चाख्ने अभ्यास मौसमी परिवर्तनसँग सम्बन्धित क्रियाकलाप भएको पाइएन । शरीरको अंक पहिचान, आकार र आवाज सुन्ने क्रियाकलाप एवं बालविकास केन्द्रमा भएको पाइयो । गन्ध पहिचानका क्रियाकलाप पनि भएको पाइयो । समग्रमा इन्द्रियका लागि केही मात्रामा सामान्य क्रियाकलाप भएको पाइयो ।

**तालिका ४.१२**
**शरीरको लागि शिक्षण सिकाइ क्रियाकलापको अवस्था**

| क्रियाकलाप | पशुपति बालबाविकास केन्द्र | सरस्वती बालविकास केन्द्र | स्यानीपोखरी बालविकास केन्द्र |
|---|---|---|---|
| १. हिंड्ने, कुद्ने | भएको | भएको | भएको |
| २. उफ्रने, ओर्लिने, उक्लिने | भएको | भएको | छैन |
| ३. भाँच्ने/गाँठो पार्ने | छैन | छैन | छैन |
| ४. कपडा, जुत्ता लगाउने, खोल्ने | भएको | भएको | छैन |
| ५. चलाउने, निर्माण गर्ने | छैन | छैन | छैन |
| ६. चित्र कोर्ने रंग भर्ने | भएको | चित्र मात्र कोरेको | कालोपाटी र कपीमा |
| **क्रियाकलापको एउटा प्रत्यक्ष उदाहरण** | **शिक्षकः** प्रत्येक दिन केन्द्रमा पस्दा जुत्ता खोल्न लगाएको | **शिक्षकः** चित्र कोर्न नमुना चित्र प्रदर्शन गरेको । | **शिक्षकः** चौरमा दौडिने अभ्यास गराएको । |
| | **विद्यार्थी** :जुत्ता खोलेर मात्र कक्षामा प्रवेश गरेको । | **विद्यार्थी** : विभिन्न चित्र कोरेको । | **विद्यार्थी** : दौडमा भाग लिएको, मनोरञ्जन मानेको । |

स्रोत : स्थलगत अध्ययनः २०६७ ।

माथिको तालिका अध्ययन गर्दा शरीरको लागि आवश्यक हिंड्ने, कुद्ने, ओर्लने, उक्लिने, उफ्रने क्रियाकलाप तीनवटै बाल विकास केन्द्रमा भएको देखिन्छ। तीनवटै बालविकास केन्द्रमा भाँच्ने, गाँठा पार्ने क्रियाकलाप भएको पाइएन । चित्र बनाउने क्रियाकलाप सबै बालविकास केन्द्मा भएको पाइयो भने एउटा बालविकास केन्द्रमा रङ भर्ने भएको पाइएन ।

सहयोगी कार्यकर्तासँग लिएको अन्तर्वार्तामा खेल्ने, कुद्ने, नाच्ने स्थानीय खेलबाट शरीरको लागि क्रियाकलाप भएको बताएका थिए भने प्र.अ.हरुले शरीरको लागि क्रियाकलाप भएको बताएका थिए । त्यस्तै स्रोतव्यक्तिले प्रश्नावली माफंत् शरीरका लागि विभिन्न क्रियाकलाप सबै बालविकास केन्द्रमा भएको बताएका थिए ।

यसरी तीनवटै बालविकास केन्द्रमा शरीरको लागि, हिंड्ने, उफ्रिने, दौडिने, ओर्लिने, उक्लिने क्रियाकलाप भएको पाइन्छ भने भाँच्ने, गाँठो पार्ने, निर्माण गर्ने क्रियाकलाप नभएको निश्कर्ष निकाल्न सकिन्छ ।

**तालिका ४.१३**

**सामाजिक समायोजनको लागि शिक्षण सिकाइ क्रियाकलापको अवस्था**

| **क्रियाकलाप** | **पशुपति बालबाविकास केन्द्र** | **सरस्वती बालविकास केन्द्र** | **स्यानीपोखरी बालविकास केन्द्र** |
|---|---|---|---|
| १. सामुहिक प्रार्थना | भएको | भएको | भएको |
| २. घरपरिवारको परिचय | भएको | भएको | भएको |
| ३. पालो पर्खिने | भएको | वर्णन | मौखिक रुपमा वर्णन |
| ४. समूह कार्य | भएको | भएको | भएको |
| ५. सरसफाइ | भएको | भएको | भएको |
| ६. अभिवादन | भएको | भएको | भएको |
| ७. माया गर्ने | भएको | भएको | भएको |
| **क्रियाकलापको एउटा प्रत्यक्ष उदाहरण** | **शिक्षकः** दैनिक सामूहिक प्रार्थना गराएको । | **शिक्षकः** एउटा बेञ्चमा ४/४ जना मिलेर बस्ने भनिएको । | **शिक्षकः** शिक्षकले आफ्नो घर परिवारको परिचय दिएको । |
| | **विद्यार्थी** : दैनिक प्रार्थनामा उपस्थित भई प्रार्थना गरेको । | **विद्यार्थी** : मिलेर बसेको । | **विद्यार्थी** :शिक्षकले जस्तै गरी आफ्नो घर परिवारको परिचय दिएको । |

स्रोत : स्थलगत अध्ययनः २०६७ ।

माथिको तालिका अध्ययन गर्दा तीनवटै बालविकास केन्द्रमा सामुहिक प्रार्थना घरपरिवारको परिचय, समूह कार्य, सरसफाइ, माया गर्ने क्रियाकलाप भएको पाइयो भने पालो पर्खन

क्रियाकलापको २ वटा बालविकास केन्द्रमा वर्णन मात्र गरेको पाइयो । तीनवटै बालविकास केन्द्रका स.का. हरुले मिलेर बस्ने क्रियाकलाप गराइएको बताएका थिए । त्यस्तै सानोलाई माया गर्ने, ठूलोलाई आदर गर्ने क्रियाकलाप समेत भएको बताएका थिए । प्रं.अ. र स्रोतव्यक्ति र अभिभावकबाट संकलन गरिएको सूचनामा यी क्रियाकलाप भएको पाइयो ।

यसरी सबै बालविकास केन्द्रमा सामाजिक समायोजनाका धेरैजसो क्रियाकलाप भएको पाइयो । पालो पर्खने क्रियाकलाप वर्णन मात्र पाइयो । क्रियाकलाप नै भएको पाइएन ।

**तालिका ४.१४**

**सहयोगात्मको लागि शिक्षण सिकाइ क्रियाकलापको अवस्था**

| **क्रियाकलाप** | **पशुपति बालबाविकास केन्द्र** | **सरस्वती बालविकास केन्द्र** | **स्यानीपोखरी बालविकास केन्द्र** |
|---|---|---|---|
| १. समूह मेलमिलाप चित्र प्रदर्शन र छलफल | छैन | छैन | छैन |
| २. अन्धोलाई डोऱ्याउने | छैन | छैन | छैन |
| ३. हात समाएर हिंड्ने | चौरमा अभ्यास | शिक्षकको निर्देशनअनुसार | छैन |
| ४. नेतृत्व | मनिटर छानेर | मनिटर छानेको | छैन |
| ५. अनुभव साटासाट | अनुभव प्रस्तुति गर्न लगाएको | सवाद गराइएको | छलफल |
| **क्रियाकलापको एउटा प्रत्यक्ष उदाहरण** | **शिक्षकः** हात समाएर चौरमा हिंड्न सिकाएको । | **शिक्षकः** गोला प्रथाद्वारा मनिटर छानेको । | **शिक्षकः** आफ्नो अनुभव वर्णन गरेको । |
| | **विद्यार्थी :** हात समाएर हिंडेको । | **विद्यार्थी :** मनिटरको नेतृत्व स्वीकार गरी सहभागी भएको । | **विद्यार्थी :** शिक्षक जस्तै पालोपाले आफ्नो अनुभव बताएको । |

स्रोत : स्थलगत अध्ययनः २०६७ ।

माथिको तालिका अध्ययन गर्दा तीनवटै बालविकास केन्द्रमा समूह मेलमिलाप चित्र भएको देखिएन । सो अनुसार क्रियाकलाप पनि भएको देखिएन । तीनवटै बालविकास केन्द्रमा अन्धा अपाङ्गलाई डोऱ्याउने क्रियाकलाप भएको देखिएन । तीनवटै बालविकास केन्द्रमा अनुभव साटासाट गर्ने फरक फरक तरिकाबाट शिक्षण सिकाइ क्रियाकलाप भएको पाइयो । नेतृत्व विकास गर्ने क्रियाकलाप एउटा बालविकास केन्द्रमा देखिएन भने २ वटा बालविकास केन्द्रमा मनिटर छानेर क्रियाकलाप गरेको पाइयो ।

यसरी तीनवटै बालविकास बालविकास केन्द्रमा अनुभव साट्ने र हात समाएर हिंड्ने क्रियाकलाप भएको पाइयो । अन्धोलाई डोऱ्याउने क्रियाकलाप नभएको पाइयो ।

**तालिका ४.१५**

**हातको लागि शिक्षण सिकाइ क्रियाकलापको अवस्था**

| क्रियाकलाप | पशुपति बालबाविकास केन्द्र | सरस्वती बालविकास केन्द्र | स्यानीपोखरी बालविकास केन्द्र |
|---|---|---|---|
| १. सियोमा धागो उन्ने | छैन | छैन | छैन |
| २. कैंचीले कागज काट्ने | छैन | छैन | छैन |
| ३. मादल/बाँसुरी बनाउने | भएको | भएको | भएको |
| ४. माटोबाट आकार बनाउने | छैन | छैन | छैन |
| ५. दात ब्रसिङ गर्ने | वर्णन | छैन | वर्णन |
| ६. रेडियो खोल्ने बन्द गर्ने | छैन | छैन | छैन |
| ७. घडि लगाउने फुकाल्ने | छैन | छैन | छैन |
| ८. गमले कागज टाँस्ने | भएको | भएको | छैन |
| **क्रियाकलापको एउटा प्रत्यक्ष उदाहरण** | **शिक्षकः** गमले चित्र भएको कागज टाँस्न लगाएको । | **शिक्षकः** मादल बजाएको, गीत गाएको । | **शिक्षकः** दाँत ब्रसिङ गर्नुपर्छ भनी वर्णन गरेको । |
| | **विद्यार्थी** : कागज टाँसेको । | **विद्यार्थी** : प्रत्येकले मादल बजाउन अभ्यास गरेको । | **विद्यार्थी** : सुनेको, घरमा गरेको कुरा बताएको । |

स्रोत : स्थलगत अध्ययनः २०६७ ।

माथिको तालिका अध्ययन गर्दा सियोमा धागो उन्ने, कैंचीले कागज काट्ने, माटोबाट आकार बनाउने, रेडियो खोल्ने बन्द गर्ने, घडि लगाउने फुकाउने खालका क्रियाकलाप तीनवटै बालविकास केन्द्रमा नभएको पाइयो । मादल बजाउने क्रियाकलाप तीन वटै बालविकास केन्द्रमा भएको पाइयो । गमले कागज टाँस्ने क्रियाकलाप दुईवटा वटा बालविकास केन्द्रमा भएको केन्द्रमा भएको र एउटा बालविकास केन्द्रमा नभएको पाइयो । दाँत ब्रसिङ गर्नुपर्दछ भनेर शिक्षकले वर्णन गर्ने क्रियाकलाप दुईवटा बालविकास केन्द्रमा भएको र एउटामा नभएको पाइयो । अभिभावकसँगको समूह छलफलमा आर्थिक अभावको कारण हातका लागि आवश्यक सामग्री उपलब्ध नभएकोले बालविकास केन्द्रमा त्यस्ता क्रियाकलाप हुन नसकेको बताएका थिए भने बालबालिकाको समूह छलफलमा यी क्रियाकलाप नभएको बताएका थिए । बालबाललिकाको समूह छलफलमा मादलको प्रयोग भएको बताएका थिए ।

यसरी तीनवटै बालविकास केन्द्रमा हातका लागि क्रियाकलाप कम भएको पाइयो ।

**तालिका ४.१६**

**संवेगात्मक विकासका लागि शिक्षण सिकाइ क्रियाकलापको अवस्था**

| **क्रियाकलाप** | **पशुपति बालबाविकास केन्द्र** | **सरस्वती बालविकास केन्द्र** | **स्यानीपोखरी बालविकास केन्द्र** |
|---|---|---|---|
| १. नक्कल गर्ने, गराउने | छैन | छैन | भएको |
| २. कथा, सुख दुःखका कुराकानी | भएको | भएको | भएको |
| ३. माया र प्रेमको अभ्यास | भएको | भएको | भएको |
| ४. प्रशंसा र पुरस्कार | चकलेट दिएको | छैन | भएको |
| ५. फिल्म/कार्टुन देखाउने | भएको | छैन | छैन |
| **क्रियाकलापको एउटा प्रत्यक्ष उदाहरण** | **शिक्षकः** चकलेट दिएको । | **शिक्षकः** माया गरेको अभ्यास गरेर देखाएको । | **शिक्षकः** आफ्नो दुःखको घटना बताएको । प्रत्येक विद्यार्थीलाई बताउन लगाएको । |
| | **विद्यार्थी :** खुशी भएर खाएको, क्रियाकलापमा खुशी साथ सहभागी भएको । | **विद्यार्थी :** विद्यार्थी पनि गरेको । | **विद्यार्थी :** सुनेको, आफ्नो घटना पनि बताएको, मनोरञ्जन मानेको । |

स्रोत : स्थलगत अध्ययनः २०६७ ।

माथिको तालिका अध्ययन गर्दा माया प्रेमको अभ्यास, सुखः, दुःखका कुराकानी, संवेगात्मक भावना पैदा गर्ने कथाबाट तीनवटै बालविकास केन्द्रमा क्रियाकलाप भएको पाइयो । संवेगात्मक विकासका लागि तीनवटै बालविकास केन्द्रमा फिल्म वा कार्टुन देखाउने क्रियाकलाप भएको पाइएन । नक्कल गर्ने गराउने क्रियाकलाप एउटा बालविकास केन्द्रमा मात्र भएको पाइयो । विद्यार्थी समूह छलफलमा पनि कथा सुख, दुःखका कुराकानी, माया, प्रेम सम्बन्धी क्रियाकलाप भएको कुरा पाइयो ।

यसरी संवेगात्मक विकासका लागि माया, प्रेम, सुःख, दुःखका कुराकानी कथा भन्ने र छलफल गर्ने गरेको पाइयो भने अन्य क्रियाकलाप कम भएको देखियो ।

### ४.१.६ सहयोगी कार्यकर्ताको प्रस्तुतीकरण

प्रारम्भिक बालविकास केन्द्रमा शिक्षण सिकाइ क्रियाकलाप सञ्चालन गर्दा सहयोगी कार्यकर्ताको तालिम, योग्यता, भाषा, धर्म, अनुभव, वैवाहिक स्थिति, लिङ्ग, आदिले प्रभाव पार्दछ । सकेसम्म वैवाहिक र बच्चा भएको स.का. हुनु उपयुक्त मानिन्छ । जसबाट बालबालिकाको बानी व्यवहार आदि पहिचान गरी स्वतन्त्र रुपमा सिक्ने वातावरण प्रदान हुन्छ ।

प्रारम्भिक बालविकास केन्द्रमा सहयोगी कार्यकर्ताको व्यवस्थित प्रस्तुतीकरणबाट शिक्षण सिकाइ क्रियाकलाप प्रभावकारी र अर्थपूर्ण हुनुका साथै बालबालिकाको सक्रियता, सहभागिता बढाउन र अपेक्षित व्यवहार परिवर्तन गर्न सहयोग पुग्दछ । त्यसैले सहयोगी कार्यकर्ताको कक्षमा प्रस्तुतीकरण सम्बन्धी सूचना संकलन गरी निम्नानुसार विश्लेषण र व्याख्या गरिएको छ ।

**तालिका ४.१७**

**सहयोगी कार्यकर्ताको प्रस्तुतीकरण**

| विवरण | पशुपति बालबाविकास केन्द्र | सरस्वती बालविकास केन्द्र | स्यानीपोखरी बालविकास केन्द्र |
|---|---|---|---|
| १. स.का.को योग्यता | एस.एल.सी. टेष्ट | दश जोड दुई | एस.एल.सी. |
| २. स.का.को तालिम | ८ दिने (आधारभूत) | ८ दिने (आधारभूत) | ८ दिने (आधारभूत) |
| ३. स.का.को अनुभव | ५ वर्ष | ५ वर्ष | ५ वर्ष |
| ४. ठीक समयका सुरुवात | भएको | भएको | भएको |
| ५. उत्प्रेरण, पुनर्स्मरण | भएको | भएको | भएको |
| ६. क्रमिकता | थिएन | थिएन | थिएन |
| ७. बोलीमा स्पष्टता | थियो | थियो | थियो |
| ८. समावेशी वसाइ व्यवस्थापन | भएको | भएको | भएको |
| ९. स्थानीय सामग्रीको प्रयोग | भएको | भएको | भएको |
| १०. खाजा समय/विश्राम समय | नछुट्टाएको | नछुट्टाएको | नछुट्टाएको |
| ११. शौचालय प्रयोग | भएको | भएको | भएको |
| १२. सांगितिक अनुभव प्राप्त | भएको | भएको | भएको |
| १३. स्वतन्त्र खेल | समय दिएको | समय दिएको | समय दिएको |
| १४. मूल्याङ्कन | क्रियाकलाप गर्न लगाएर | क्रियाकलाप गर्न लगाएर | प्रश्न सोधेर/भन्न लगाएर |
| १५. पृष्ठपोष्ठन | चकलेट दिएर दोहोऱ्याएको | क्रियाकलाप दोहोऱ्याउन लगाएको | मौखिक सुझाव |
| १६. सारांश | मौखिक बताएको | मौखिक बताएको | मौखिक बताएको |
| १७. गृहकार्य | दिएको | पढ्न, लेख्न भनिएको | दिएको |
| १८. कक्षाको अन्त्य र विदाई गीत | नमस्कार, बाइबाइ विदाइ गीत गाइएन | नमस्कार, बाइबाइ विदाइ गीत गाइएन | नमस्कार, बाइबाइ विदाइ गीत गाइएन |

स्रोत : स्थलगत अध्ययनः २०६७ ।

माथिको तालिका अध्ययन गर्दा तीनओटै बालविकास केन्द्रका सहयोगी कार्यकर्ता न्यूनतम योग्यता भएका, आधारभूत तालिम लिएका र अनुभवी भएका पाइयो । सबै केन्द्रमा शिक्षण सिकाइ क्रियाकलाप ठीक समयमा सुरुवात भएको पाइयो । उत्प्रेरणा प्रदान गर्न अघिल्लो दिनको पुनः स्मरण गर्ने गरेको पाइयो । तर तीनओटै बालविकास केन्द्रका सहयोगी कार्यकर्ताको प्रस्तुतीकरणमा क्रमिकता भएको पाइएन । तीनवटै बालविकास केन्द्रमा जातिगत/लैङ्गिक व्यवस्थापन, स्थानीय सामग्रीको प्रयोग, शौचालयको प्रयोग, सांगितीक अनुभव प्रदान भएको पाइयो । सबै बालविकास केन्द्रका स.का. हरुले क्रियाकलाप गर्न लगाए, प्रश्न सोधेर मूल्यांकन

गरेको पृष्ठपोषण दिइएको पाइयो । मौखिक रुपमा सारांश र सामान्य गृहकार्य दिइएको पाइयो भने नमस्कार गरेर विदा भएको पाइयो । सबै बालविकास केन्द्रमा विदाइ गीत गाएको देखिएन ।

यसरी तीनवटै बालविकास केन्द्रका सहयोगी कार्यकर्ता तालिम प्राप्त, न्यूनतम योग्यता भएका र अनुभवी भएको पाइयो । सबैं स.का. ले ठीक समयमा सुरुवात गरी प्राय सबै आवश्यक प्रस्तुतीकरण गरेको देखियो । प्रस्तुतीकरण क्रमिकता नभएको र बालबालिकाको लागि विश्राम समय र खाजाको समय छुट्टाएको पाइएन । यसको लागि सहयोगी कार्यकर्तालाई पुर्नताजगी तालिम दिनुपर्दछ । अनिमात्र शिक्षण सिकाइमा प्रभावकारिता बढाउन सकिन्छ ।

### ४.१.८ बालबालिकाको सहभागिता र सक्रियता

प्रांरम्भिक बालविकास केन्द्रमा विभिन्न पृष्ठभूमि भएका बालबालिका आउँछन् । उनीहरुको उचित सहभागिता बिना शिक्षण सिकाइ क्रियाकलाप प्रभावकारी हुँदैन । बालविकासको अवधारणा अनुसार उनीहरको पृष्ठभूमि व्यवस्थापन र उचित सहभागिताबाट शिक्षण सिकाइ गर्नुपर्ने हुन्छ । त्यसको लागि बालबालिकाको उपस्थिति हुनुपर्दछ । कक्षा अवलोकनको क्रममा विद्यार्थी उपस्थितिको सूचना संकलन गरिएको थियो । सहभागिता र सक्रियता सम्बन्धी सूचना अवलोकन स.का.सँग अन्तर्वार्ता र प्र.अ.सँग अन्तर्वार्ता लिएर संकलन गरिएको थियो । बालबालिकाको सहभागिता र सक्रियता सम्बन्धी सूचनालाई निम्नानुसार प्रस्तुत गरी विश्लेषण र व्याख्या गरिएको छ ।

**तालिका ४.१८**

**बालबालिकाको उपस्थिति**

| बालविकास केन्द्रको नाम | जम्मा संख्या | उपस्थिति | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | १ | २ | ३ | ४ | ५ | जम्मा | उपस्थिति प्रतिशत |
| पशुपति बालविकास केन्द्र | १५ | १३ | ११ | १२ | १० | १४ | ६७ | ८०.०० |
| सरस्वती बालविकास केन्द्र | १४ | १३ | १४ | १२ | १० | १२ | ६१ | ८७.१४ |
| स्यानीपोखरी बालविकास केन्द्र | १७ | १५ | १३ | १४ | १५ | ११ | ६८ | ८० |

१, २, ३ ४, ५ ले पाँच पटकको कक्षा अवलोकनलाई जनाउँछ ।

स्रोत : स्थलगत अध्ययन: २०६७ ।

माथिको तालिका अध्ययन गर्दा सबै बालविकास केन्द्रको उपस्थिति ८० प्रतिशत भन्दा माथि भएको पाइयो । सरस्वती बालविकास केन्द्रमा अन्य दुई केन्द्रको तुलनामा विद्यार्थी उपस्थिति

करिब ८७.१४ प्रतिशत अथवा राम्रो पाइयो । यसरी हेर्दा विद्यार्थी उपस्थिति सन्तोषजनक देखियो ।

**तालिका ४.१९**

**बालबालिकाको सहभागिता र सक्रियता**

| केन्द्रमा | पशुपति बालविकास केन्द्र | सरस्वती बालविकास केन्द्र | स्थानीपोखरी बालविकास केन्द्र | जम्मा | प्रतिशत |
|---|---|---|---|---|---|
| पूरा समय बसेको | ११ | १२ | १३ | ३६ | ७८.२६ |
| सक्रिय भएको | ११ | १२ | १२ | ३५ | ७६.०८ |
| मनोरञ्जन मानेको | ११ | १३ | १४ | ३८ | ८२.६० |
| खेल्न मन पराएको | १२ | १३ | १५ | ४० | ८६.९५ |

११, १२, १३, १४, १५ ले पाँच पटकको औसत सहभागिता जनाउँछ ।

स्रोत : स्थलगत अध्ययन: २०६७ ।

माथिको तालिका अध्ययन गर्दा बालविकास केन्द्रको शिक्षण सिकाइ क्रियाकलापमा ७८.२६ प्रतिशत बालबीलका पूरा समय बिताएको पाइयो । ७६.०८ प्रतिशत बालबालिका सक्रिया भएको पाइयो । ८२.६० प्रतिशत बालबालिकाले मनोरन्जन मानेको पाइयो भने ८६.९५ प्रतिशत बालबालिका खेल्न मन पराएको पाइयो ।

यसरी सबै बालविकास केन्द्रमा बालबालिकाहरु मनोरन्जन मानेर शिक्षण सिकाइमा सक्रिय भएर समय बिताएको पाइयो भने तुलनात्मक रुपमा बढी खेल्न मन पराएको पाइयो । समग्रमा बालबालिकाको सहभागिता र सक्रियता सन्तोषजनक पाइयो ।

### ४.१.८ अनुगमन र निरीक्षण

प्रारम्भिक बालविकास केन्द्रको नियमित रुपमा अनुगमन र निरीक्षण गरी शिक्षण सिकाइ क्रियाकलापमा देखिएका समस्याहरुमा पृष्ठपोषण दिने गर्नाले अपेक्षित उपलब्धि प्राप्त हुन सक्दछ । त्यसैले यससम्बन्धी सूचना संकलन गर्दा अध्ययनकर्ताद्वारा बालविकास केन्द्रमा अवलोकन गरिएको थियो भने स.का., प्र.अ. र स्रोतव्यक्तिबाट अन्तर्वार्ता प्रश्नावली मार्फत् सूचना संकलन गरिएको थियो ।

सबै बालविकास केन्द्रमा अभिभावक र विद्यालय व्यवस्थापन समितिबाट अनुगमन, निरीक्षण भएको पाइएन, सबै बालविकास केन्द्का प्र.अ. ले पटक पटक कक्षा अवलोकन, निरीक्षण गरेको बताएका थिए भने स.का. सँगको अन्तर्वातार्नमा प्र.अ. ले कहिलकोहीँ अवलोकन गर्नु भएको

बताएका थिए भने पृष्ठपोषण खासै नदिइएको पाइयो् । सबै बालविकास केन्द्रमा शैक्षिक सत्र २०६७ मा स्रोतव्यक्ति दुई तीन पटक पुगेको र सामान्य निरीक्षण भएको पाइयो भने पशुपति बालविकास केन्द्मा वि.नि. एकपटक मात्र अनुगमनमा गएको पाइयो ।

यसरी सबै बालविकास केन्द्रमा प्र.अ.बाट अनुगमन भएको पाइयो भने अभिभावक व्यवस्थापन समिति, जि.शि.का. र अन्य निकायबाट अनुगमन र निरीक्षण भएको पाइएन । यसको लागि समय समयमा व्यवस्थापन समिति जि.शि.क. र अन्य निकायबाट अनुगमन निरीक्षण गर्नुपर्ने देखिन्छ ।

## ४.२ शिक्षण सिकाइ क्रियाकलापका सबल पक्षहरु र दुर्वल पक्षहरु

### ४.२.१ सवल पक्षहरु

प्रारम्भिक बालविकास केन्द्रको शिक्षण सिकाइ क्रियाकलापको अध्ययन गर्ने क्रममा नमुना छनोटमा परेका पर्वत जिल्लाको पशुपति उ.मा.वि. स्रोत केन्द्र भित्रका तीनवटा बालविकास केन्द्रहरुमा अध्ययनकर्ता स्वयम् पुगी स्थलगत अध्ययन गरेको थियो । अधययनकर्ताले छनोटमा परेका प्रत्येक बालविकास केन्द्रमा ५।५ दिन केन्द्रको शिक्षण सिकाइ क्रियाकलापको अवलोकन गरेको थियो । प्रत्येक बालविकास केन्द्रका सयोगी कार्यकर्ता र प्रधानाध्यापकसँग अन्तर्वार्ता लिइएको थियो भने बालबालिका र अभिभावकसँग समूह छलफल गरी सूचना संकलन गरिएको थिए । स्रोतव्यक्तिसँग प्रश्नावली फारामबाट सूचना संकलन गरी प्राप्त सूचनाका आधारमा बालविकास केन्द्रका शिक्षण सिकाइ क्रियाकलापका सवल र दुर्वल पक्षहरुको विश्लेषण र व्याख्या गरिएको छ ।

स्थलगत अध्ययन अवलोकन गर्ने क्रममा तीनओटै बालविकास केन्द्रको शिक्षण सिकाइ क्रियाकलाप ठीक समय सुरु भएर पूरा समय सञ्चालन भएको पाइयो । सहयोगी कार्यकर्ता नियमित उपस्थित भएको पाइयो । बालबालिका पनि नियमित रुपमा उपस्थित भएको पाइयो । शिक्षण सिकाइ क्रियाकलापको क्रममा सहयोगी कार्यकर्ताले स्थानीय सामाग्री जस्तैः ढुङ्गाका गोटीहरु, लठ्ठीहरु आदि प्रयोग भएको पाइयो । सबै बालविकास केन्द्रमा हावा र प्रकाश छिर्ने फराकिलो कक्षाको भएका बालविकास केन्द्र भएको पाइयो । दुइओटा बालविकास केन्द्रमा आकर्षक भित्ते लेखन भएको पाइयो । भित्ते लेखनमा बालगीत, अंक, अक्षर, बाह्रखरी, नेपालको नक्सा, नेपालको झण्डा जस्ता कुराहरु भएको पाइयो । तीनवटै बालविकास केन्द्रमा सिकाइ क्षेत्र (कुना) हरु नछुटाए पनि प्रत्येक सिकाइ क्षेत्रका केही न केही क्रियाकलाप भएको पाइयो । तीनवटै बालविकास केन्द्रमा भाषा क्षेत्र र संगीत क्षेत्रका क्रियाकलाप तुलनात्मक रुपमा बढी भएको पाइयो । विज्ञान क्षेत्रका केही क्रियाकलाप पशुपति बालविकास केन्द्रमा भएको पाइयो । सिकाइ क्षेत्रका सामग्री सरस्वती बालविकास केन्द्मा विद्यालयको पुस्तकालयमा पशुपति

बालविकास केन्द्रको दराजमा र स्यानीपोखरी बालविकास केन्द्रमा विद्यालयको अफिसमा सुरक्षित राखेको पाइयो । स्थलगत अध्ययनको क्रममा बालबालिकालाई स्वतन्त्र खेलको अवसर दिइएको, मादल प्रयोग गरी मनोरञ्जनात्मक शिक्षण सिकाइ भएको पाइयो । स्वतन्त्र खेल र मादलको प्रयोग सम्न्धमा स.का.सँग अन्तवर्वार्ता, बालविकास समूह छलफल गर्दा पनि सो अनुसार भएको पाइयो । एउटा बालविकास केन्द्रमा ड्रमको तालमा हिँड्न सिकाइएको पाइयो । प्रत्येक बालविकास केन्द्रमा भएको विद्यालयमा खानेपानीको धारा, शौचालय भएको पाइयो । क्रियाकलापवका क्रममा प्रत्येक कक्षामा पूर्व कक्षा क्रियाकलापको पुनस्मरण गर्दै क्रियाकलाप सुरुवात गरेको पाइयो । प्रत्येक बालविकास केन्द्रमा विषयवस्तु अनुसार दिमागको लागि, शरीरुको लागि र सामाजिक समायोजनका लागि आवश्यक क्रियाकलाप भएको पाइयो ।

बालबालिका र अभिभावकसँगको समूह छलफल सिकाइ क्षेत्रहरुमध्ये भाषा र संगीत क्षेत्रका क्रियाकलाप भएका । स्वतन्त्र खेल, संगीतपूर्ण सिकाइहरु भएको पाइयो । सहयोगी कार्यकर्ता र प्र.अ.सँग लिएको अन्तवार्तामा उनीहरु नियमित उपस्थित भई शिक्षण सिकाइ क्रियाकलाप भएको बताए । स्रोतव्यक्तिसँग प्रश्नावली मार्फत् संकलन गरिएको सूचनामा पनि स.का. र बालबालिका नियमित उपस्थित भएको स्वतन्त्र खेलको अवसर दिइएको, संगीतपूणं क्रियाकलाप पनि गरिएको कुरा पाइएको छ । स.का. सँगको अन्तर्वार्तामा विषयवस्तु अनुसार दिमागको लागि, इन्द्रियको लागि, शरीरको लागि, सामाजिक समायोजनको लागि क्रियाकलाप भएको बताएका थिए भने प्र.अ.हरुले अन्तर्वार्तामा सो कुरा बताएका थिए । स्रोतव्यक्तिले प्रश्नावलीमा विषयवस्तु अनुसार इन्द्रियका लागि, शरीरका लागि, सामाजिक समायोजनका लागि, सहयोगात्मकका लागि सामान्य क्रियालाप भएको बताएका थिए ।

यसरी विभिन्न सूचना संकलनका साधनबाट प्राप्त भएका सूचनाहरु विश्लेषण गरी प्रारम्भिक बालविकास केन्द्रका शिक्षण सिकाइ क्रियाकलापका सवल पक्षहरुलाई बुँदागत रुपमा निम्नानुसार प्रस्तुत गर्न सकिन्छ

- फराकिलो कक्षाकोठा, हावा र प्रकाश छिर्ने झ्यालढोका भएको
- आककर्षक भित्ते लेखन (वर्ण, शब्द, अक्षर, राष्ट्रियगान)
- सहयोगी कार्यकर्ताको नियमित उपस्थिति
- विद्यार्थीको नियमितता
- स्थानीय सामग्री संकलन र प्रयोग
- स्वतन्त्र खेलको अवसर, मनोरञ्जनात्मक र सांगितिक क्रियाकलाप
- ठीक समयमा सुरुवात र अन्त्य
- भाषा र संगीत क्षेत्रको क्रियाकलाप भएका

- दिमागको लागि शरीरको लागि र सामाजिक समायोजनका लागि आवश्यक क्रियाकलाप भएका
- क्रियाकलाप दोहोर्‍याएर गर्न लगाई मूल्यांकन गरी सामान्य पृष्ठपोषण दिएको ।
- मौखिक रुपमा सारांश बनाइएको ।
- सहयोगी कार्यकर्ता आफ्नो सेवाप्रति सन्तुष्ट भएको ।

### ४.२.२ दुर्वल पक्षहरु

स्थलगत अध्ययन अवलोकन गर्दा तीन ओटै बालविकास केन्द्रमा पाठ्यक्रम र शिक्षक निर्देशिका भएको पाइएन । सहयोगी कार्यकर्ता र प्र.अ. सँगको अन्तर्वार्तामा पनि पाठ्यक्रम र शिक्षक निर्देशिका नभएको बताएका थिए । सहयोगी कार्यकर्ताले तालिम गर्दा प्राप्त भएको तालिम सामग्रीलाई शिक्षणको आधार मानेको बताएका थिए । मानसिक बनाइ शिक्षण सिकाइ क्रियाकलाप सञ्चालन भएको तीनवटै बालविकास केन्द्रका स.का. ले बताएका थिए भने अवलोकनको क्रममा विद्यालयको वार्षिक कार्यतालिका बाहेक वार्षिक योजना, दैनिक योजना नबनाएको पाइयो । एउटा बालविकास केन्द्रमा पातलो कार्पेट र चकटी भएको पाइयो । दुईओटा बालविकास केन्द्रमा डेस्क/वेन्च भएको र बालबालिकाको स्तर अनुरुप नभएको पाइयो । बालबालिका समूह छलफलमा पनि बालबालिकाले बालमैत्री फर्निचर नभएको कुरालाई बढी जोड दिएको पाइयो । स्थलगत अवलोकन गर्दा सिकाइ क्षेत्र वा केन्द्रको व्यवस्थापन नभएको पाइयो । स.का. ले अन्तर्वार्तामा पनि क्षेत्र व्यवस्थापन नभएको तर सिकाइ क्षेत्रका केही केही क्रियाकलाप भने भएको बताएका थिए । कक्षा शिक्षण अवलोकनको क्रममा सहयोगी कार्यकर्ताको प्रस्तुतीकरणमा क्रमिकता देखिएन । स्रोतव्यक्तिले सामान्य मात्रामा क्रामिकत मिलेको बताएका थिए । सहयोगी कार्यकर्ता र प्र.अ. सँगको अन्तर्वार्तामा खेल र संगीत सामग्री प्रयाप्त नहुँदा शिक्षण सिकाइ क्रियाकलाप अपेक्षाकृत प्रभावकारी हुन नसकेको बताएका थिए । बालबालिका सँगको समूह छलफलमा पनि प्रयाप्त भाषामा खेल र संगीत सामग्री नभएको कुरा बताएका थिए । शिक्षण सिकाइ क्रियकलाप अवलोकन गर्दा इन्द्रियको लागि, सहयोगात्मक भावना विकासको लागि, हालको लागि र संवेगात्मक विकासको लागि प्रशस्त क्रियाकलाप भएको देखिएन । स.का. सँगको अन्तर्वार्तामा सामन्य रुपमा यस्ता क्रियाकलाप भएको बताएका थिए । बालबालिकाहरुसँग छलफलमा पनि शरीरको लागि, दिमागको लागि सहयोगात्मक विकाससँग सम्बन्धिक केही क्रियाकलाप भएको तर इन्द्रियको लागि हातको लागि संवग विकासको लागि क्रियाकलाप नभएका बताएका थिए । स.का. र प्र.अ. ले प्रयाप्त सामग्रीको कमी भएकाले क्रियाकलाप प्रशसत मात्रामा गर्न नसकिएको बताएका थिए । स्रोतव्यक्तिले प्रश्नावली मार्फत् यस्ता क्रियाकलाप सामन्य मात्रामा भएको बताएका थिए ।

यसरी विभिन्न सूचना संकलनका साधनबाट प्राप्त भएका सूचनाहरु विश्लेषण गरी शिक्षण सिकाइ क्रियाकलापका दुर्वल पक्षहरुलाई बुँदागत रुपमा निम्नानुसार प्रस्तुत गर्न सकिन्छ ।

- पाठ्यक्रम र शिक्षण निर्देशिकाको अभाव
- बालमैत्री फर्निचरको अभाव
- सहयोगी कार्यकर्ताको प्रस्तुतीकरणमा क्षमिकताको अभाव
- स.का. को न्युन पारिश्रमिक
- आराम गर्ने र खाना खाने समय नछुट्टाएको
- प्रयाप्त मात्रामा संगीत र खेल सामग्रीहरुको अभाव
- सिकाइ क्षेत्र व्यवस्थापनको अभाव
- सिकाइ क्षेत्रका क्रियाकलाप अन्तर्गत गोटी क्षेत्र, गणित क्षेत्र र विज्ञान क्षेत्रका क्रियाकलाप सन्तोषजनक नभएको पाइयो ।
- विषयवस्तु अनुसार इन्द्रियका लागि, हातको लागि, सहयोगात्मकको लागि, संवेगात्मक विकासका लागि कम मात्रामा क्रियाकलाप भएका ।

# परिच्छेद - पाँच

# प्राप्ति, निष्कर्ष र सुझाव

यो अध्ययन पर्वत जिल्लाको पशुपति उ.मा.वि. राम्जाठाँटी स्रोतकेन्द्र अन्तर्गत विद्यालयमा आधारित तीनओटा बालविकास केन्द्रमा शिक्षण सिकाइ क्रियाकलापको अवस्था पहिचान गर्न गरिएको थियो. । त्यसका लागि तीनओटै बालविकास केन्द्रका सहयोगी कार्यकर्ता र बालविकास केन्द्रसँग सम्बन्धित विद्यालयका प्र.अ.सँग अन्ततर्वार्ता, बालबालिका र अभिभावकसँग समूह छलफल, स्रोतव्यक्तिसँग प्रश्नावली जस्ता सूचना संकलनका साधनहरु प्रयोग गरी सूचना संकलन गरिएको थियो । त्यसरी संकलन गरिएका सूचनाहरुको विश्लेषण र व्याख्याका आधारमा निम्नानुसार निष्कर्ष र सुझावहरु प्रस्तुत गरिएको छ ।

## ५.१ प्राप्ति

यो शोध अध्ययनको क्रममा संकलित सूचनाहरुको विश्लेषण र व्याख्याको आधारमा प्राप्त भएका प्राप्तिहरुलाई क्रमशः निम्नानुसार प्रस्तुत गरिएको छ ।

**पूर्वतयारीको अवस्था**

- अध्ययनको क्रममा छनोटमा परेका बालविकास केन्द्रसँग सम्बन्धित विद्यालयले वार्षिक कार्यतालिका बनाइ त्यसमा बालबाविकास केन्द्रको शिक्षण सिकाई कार्यक्रमलाई पनि समावेश गरेको पाइयो ।
- पाठ्यक्रम र शिक्षक निर्देशिका लगायतका सन्दर्भ सामग्रीको अभावमा वार्षिक योजना र दैनिक योजना बनाएर शिक्षकण सिकाइ क्रियाकलाप हुन नसकेको पाइयो ।
- आर्थिक अभावका कारण बजारमा पाइने सामग्रीको तयारी नभएता पनि स्थानीय सामग्री संकलन गरी शिक्षण सिकाइ क्रियाकलाप गरेको पाइयो ।

**आन्तरिक व्यवस्थापन (सिकाइ क्षेत्र) को अवस्था**

- सबै बालविकास केन्द्रमा भाषा क्षेत्र छुट्टाएर सामग्री राखेको पाइएन तर भाषा क्षेत्रका क्रियाकलाप भएको पाइयो ।
- बालविकास केन्द्रमा गोटी क्षेत्र छुट्टाइएको पाइएन । गोटी क्षेत्रमा हुने शिक्षण सिकाइ क्रियाकलाप भएको र विद्यार्थी आफै सहभागी भएर सिकेको पाइयो ।
- विज्ञान क्षेत्रका सामग्री व्यवस्थापन र सो अनुसारका शिक्षण सिकाइ क्रियाकलाप भएको पाइयो ।

- गणित क्षेत्र नछुटाइएको र गणित क्षेत्रको शिक्षण सिकाइको लागि आवश्यक सामग्रीको समेत अभाव भएको भने परम्परागत शिक्षण विधिबाट नै शिक्षण सिकाइ भएको पाइयो ।
- सृजनात्मक क्षेत्र नछुटाएको उक्त क्षेत्रसँग सम्बन्धित सामाग्रीको अभाव भएको र शिक्षण सिकाइ क्रियाकलाप पनि सामान्य रहेको पाइयो ।
- सबै बालविकास केन्द्रमा संगीत क्षेत्रको लागि कक्षाकोठाको एउटा कुनामा व्यवस्थापन भएको पाइयो । मादल भएको अन्य सामाग्री कम भएको पाइयो । यस क्षेत्रको शिक्षण सिकाइ क्रियाकलाप मनोरन्जनात्मक र सहभागीतात्मक भएको पाइयो ।

**बाह्य वातावरणको अवस्था**

- सबै बालविकास केन्द्रमा शौचालय र खानेपानीको व्यवस्थापन भएको पाइयो । शौचालयमा जाने हात धुने क्रियाकलाप गराएइको पाइयो ।
- पिङ चाकाचुर्ला, चिप्लेटी पुल, भऱ्याङ, सुरक्षित पर्खाल जस्ता सामाग्री व्यवस्थापन गरेर शिक्षण सिकाइ क्रियाकलाप भएको पाइएन ।

**विषयवस्तु अनुसार शिक्षण सिकाइ क्रियाकलापको अवस्था**

- सबै बालविकास केन्द्रमा दिमागको विकासको लागि कथा, कविताका माध्यमबाट सत्य, असत्य, राम्रो, नराम्रो छुट्टयाउने क्रियाकलाप भएको भित्ते लेखनबाट वर्ण र अक्षर चिनाइएको पाइयो ।
- सबै बालविकास केन्द्रमा स्पर्श अभ्यास, स्वाद लिने, चाख्ने अभ्यास मौसमी परिवर्तनसँग सम्बन्धित क्रियाकलाप भएको पाइएन भने शरीरको अंग पहिचान, गन्ध पहिचान, आकार र आवाज सुन्ने चिन्ने इन्द्रियको विकासको लागि केही मात्र
- सबै बालविकास केन्द्रमा शरीरको लागि हिंड्ने, उफ्रिने, दौडिने, ओर्लिने, उक्लिने क्रियाकलाप भएको पाइयो भने भाँच्ने, गाँठो पार्ने, नर्माण गर्ने नभएको पाइयो ।
- सबै बालविकास केन्द्रमा सामूहिक प्रार्थना, समूहकार्य, माया गर्ने, अभिवादन सरसफाई, परिचय जस्ता सामाजिक समायोजनका क्रियाकलाप भएको पाइयो ।
- सबै बालविकास केन्द्रमा सहयोगात्मकको लागि अनुभव साट्ने र हात समाएर हिंड्ने क्रियाकलाप भएको पाइयो । अन्धो अपाङ्गलाई डोऱ्याएर हिंड्ने जस्ता क्रियाकलाप भएको पाइएन ।
- हातको लागि मादल बजाउने क्रियाकलापमा भएको पाइयो । सियोमा धागो उन्ने, दाँत ब्रसिङ, रेडियो खोल्ने, माटोबाट आकार बनाउने घडी लगाउने फुकाल्ने, कैंचीले कागज काट्ने क्रियाकलाप भएको पाइएन ।

- संवेगात्मक विकासको लागि माया, प्रेम, सुख, दुःख, कराकानी कथा भन्ने र छलफल गर्ने गरेको पाइयो भने अन्य क्रियाकलाप भएको पाइएन ।

**सहयोगी कार्यकर्ताको प्रस्तुतीकरण**

- सबै बालविकास केन्द्रमा सहयोगी कार्यकर्ताले ठीक समयमा शिक्षण सिकाइ सुरुवात गरेको पाइयो ।
- प्रस्तुतीकरणमा क्रमिकता भएको पाइएन ।
- बालबालिकाको लागि विश्राम समय र खाजाको समय छुट्टाएको पाइएन ।

**बालबालिकाको सहभागिता**

- सबै बालविकास केन्द्रमा बालबालिकाको सहभागिता र सक्रियता सन्तोषजनक भएको पाइयो ।

**अनुगमन र निरीक्षण**

- सबै बालविकास केन्द्रमा सम्बन्धित विद्यालयका प्र.अ.बाट अनुगमन र निरीक्षण भएको पाइयो ।
- अभिभावक, व्यवस्थापन समिति, जि.शि.का. र अन्य निकायबाट अनुगमन निरीक्षण भएको पाइएन ।

**सबल पक्षहरु**

- फराकिलो कक्षाकोठा, हावा र प्रकाश छिर्ने झ्यालढोका र आकर्षक भित्ते लेखन भएको पाइयो ।
- विद्यार्थी र सहयोगी कार्यकर्ताको नियमित उपस्थित भएको पाइयो ।
- स्थानीय सामाग्रीको संकलन र प्रयोग भएको, स्वतन्त्र खेलको अवसर दिइएको र मनोरञ्जनात्मक तथा सांगितिक क्रियाकलाप भएको पाइयो ।
- बालविकास केन्द्रको शिक्षण सिकाइ क्रियकलाप ठीक समयमा सुरुवात र अन्त्य भएको पाइयो ।

**दुर्वल पक्षहरु**

- सबै बालविकास केन्द्रमा पाठ्यक्रम, शिक्षक निर्देशका र बालमैत्री फर्निचरको अभाव रहेको पाइयो ।
- बालबालिकाहरुले आराम गर्ने र खाना खाने समय नछुटाइएको पाइयो ।
- सहयोगी कार्यकर्ताको प्रस्तुतीकरणमा क्रमिकताको अभाव, प्रयाप्त मात्रामा खेल तथा संगीत सामग्री अभाव, सिकाइ क्षेत्र व्यवस्थापनको अभाव रहेको पाइयो ।

- सिकाइ क्षेत्रका क्रियाकलाप अन्तर्गत गोटी क्षेत्र, गणित क्षेत्र र विज्ञान क्षेत्रका क्रियाकलाप सन्तोषजनक नभएको पाइयो ।
- विषयवस्तु अनुसार इन्द्रियका लागि, हातको लागि, सहयोगको लागि र संवेगात्मक विकासको लागि कम मात्रामा क्रियाकलाप भएको पाइयो ।

## ५.२ निष्कर्ष

यस अध्ययनबाट प्राप्त भएका सूचना वा तथ्यांकहरुको विश्लेषण र व्याख्या पछि प्राप्त प्राप्तिहरुको आधारमा निम्नानुसार निष्कर्ष निकालिएको छ ।

पाठ्यक्रम, शिक्षक निर्देशिका र अन्य सन्दर्भ सामग्रीको अभावमा पूर्वतयारी वा योजनाबद्ध शिक्षण सिकाइ नभएको देखिन्छ । बजारबाट खरिद सामग्रीको तुलनामा स्थानीय सागम्रीको प्रयोग बढी भएको देखियो । बालविकास केन्द्रमा आन्तरिक व्यवस्थापन अन्तर्गत सिकाइ क्षेत्रका व्यवस्थापन नभएको  सिकाइ क्षेत्रका क्रियाकलाप पनि नभएको देखियो । बाह्य वातावरण अन्तर्गत खानेपानी र शौचालयको व्यवस्थापन भए पनि पिङ, चाकाचुली चिप्लेटी भऱ्याङ र पर्खालको व्यवस्थापन नभएको देखियो । विषयवस्तु अनुसार दिमागको लागि, शरीरको लागि, सामाजिक समायोजनको लागि सन्तोषजनक क्रियाकलाप भएता पनि इन्द्रियका लागि, हातको लागि र संवेगात्मक विकासका लागि कम मात्रामा शिक्षण सिकाइ क्रियकलापहरु भएको देखिन्छ । स्थानीय सामग्रीको प्रयोग, स्वतन्त्र खेलको अवसर दिइएको र मनोरञ्जनात्मकम क्रियाकलाप भएको देखिन्छ ।

बालबालिकाको सहभागिता र सक्रिया सन्तोषजनक देखिन्छ भने शिक्षण सिकाइको अनुगमन र निरीक्षण आएको देखिएन ।

सबै बालविकास केन्द्रमा पाठ्यक्रम र शिक्षक निर्देशिकाको व्यवस्था गर्नुपर्ने, बालमैत्री फर्निचरको निर्माण गर्नुपर्ने, सिकाइ क्षेत्रको व्यवस्थापन गरी शिक्षण सिकाइ गर्नुपर्ने । विषयवस्तु अनुसारका क्रियाकलाप खासगरी इन्द्रियका लागि, हातका लागि, सहयोगको लागि र संवेगात्मक विकासको प्रशस्त क्रियाकलाप गर्नुपर्ने । समय विभाजन गरी आराम गर्ने र खाजा खाने समय छुट्टाउनुपर्ने र शिक्षण सिकाइमा सहयोगी कार्यकर्ताको प्रस्तुतीकरणको क्रमिकताको अभाव भएकोले पुर्नताजगी तालिम प्रदान गर्नुपर्ने आदि निष्कर्ष निकाल्न सकिन्छ ।

## ५.३ सुझाव

यस अध्ययनबाट प्राप्त निष्कर्षका आधारमा प्रारम्भिक बालविकास केन्द्रको शिक्षण सिकाइ क्रियाकलाप सम्बन्धमा निम्नलिखत सुझावहरु प्रस्तुत गरिएको छ ।

- बालविकास केन्द्रमा पाठ्यक्रम शिक्षक निर्देशिका र अन्य सन्दर्भ सामग्रीको अभाव भएको कारण पूर्वतयारी र योजनावद्ध शिक्षण सिकाइ क्रियाकलाप सञ्चालन गर्न पाठ्यक्रम, शिक्षक निर्देशिका वा अन्य सन्दर्भ सामग्रीको व्यवस्था तुरुन्त गर्नुपर्दछ ।
- बालविकास केन्द्रका फर्निचर बालकको स्तर सुहाउँदो नभएकोले बालमैत्री फर्निचरको व्यवस्था गनुपर्दछ ।
- बालविकास केन्द्रमा आन्तरिक व्यवस्थापन अन्तर्गत सिकाइ क्षेत्र (गोटी क्षेत्र, भाषा क्षेत्र, विज्ञान क्षेत्र, गणित क्षेत्र, सृजनात्मक क्षेत्र आदि) को व्यवस्थापन गरी प्रत्येक सिकाइ क्षेत्रका प्रशस्त क्रियाकलाप गराउनु पर्दछ ।
- बाह्य वातावरणलाई व्यवस्थित बनाइ खेल र मनोरञ्जनबाट प्रभावकारी शिक्षण सिकाइ क्रियाकलाप गर्न पिङ, चाकाचुली, चिप्लेटी, पुल, भऱ्याङ, सुरक्षित पर्खाल जस्ता कुराहरुको व्यवस्थापन गर्नुपर्दछ ।
- विषयवस्तु अनुसार इन्द्रियको लागि, हातको लागि, सहयोगको लागि र संवेगात्मक विकासको लागि सहयोग पुग्ने क्रियाकलाप गराउनु पर्दछ । शरीरको लागि, दिमागको लागि र सामाजिक समायोजनको लागि थप क्रियाकलाप गर्नुपर्दछ ।
- समय विभाजन गरी आराम गर्ने र खाजा खाने समय छुट्टाउनु पर्दछ ।
- शिक्षण सिकाइमा सहयोग कार्यकर्ताको प्रस्तुतीकरणमा क्रमिकता नदेखिएकोले पुर्नताजगी तालिम प्रदान गर्नुपर्दछ । स.का.को पारिश्रमिक पनि बृद्धि गर्नुपर्दछ ।
- बालविकास केन्द्रमा हुने शिक्षण सिकाइ क्रियाकलापको अभिभावक, व्यवस्थापन समिति, स्रोतकेन्द्र, जि.शि.का., आदिबाट समय समयमा अनुगमन निरीक्षण गर्नुपर्दछ । निरीक्षण रअनुगमन पछि शिक्षण सिकइ क्रियाकलाप सम्बन्धमा पृष्ठपोषण पनि प्रदान गर्नुपर्दछ । यसका लागि अभिभावक र व्यवस्थापन समितिलाई अभिभावक जागरण तालिम दिनुपर्छ ।
- स्थानीय खेल, गीत र मादलबाट सामान्य मनोरञ्जनात्मक शिक्षण सिकाइ हुने गरेको भएता पनि शिक्षण सिकाइलाई थप रोचक र प्रभावकारी बनाउन प्रशस्त मात्रामा खेल तथा संगीत जस्तैः रिङ, गुडिया, विभिन्न गोटीहरु, चित्रहरु, लुडो, डोमिनोज, जोडा मिलाउने पत्ती आदि सामग्रीको व्यवस्था गर्नुपर्दछ ।

## सन्दर्भ सामग्री


अधिकारी, मधुसुधन (२०६७ मङ्सिर), *शिक्षक मासिक,* मच्छिन्द्र मार्ग, जावलाखेल, ललितपुर : जगदम्बा प्रेस ।

अर्थमन्त्रालय (२०६७), *आर्थिक सर्वेक्षण,* आर्थिक वर्ष २०६६।०६७, काठमाडौं : नेपाल सरकार ।

कोथारी, सी.आर. (१९९०), *अनुसन्धान विधि : विधि र तरिकाहरु* (अङ्ग्रेजीमा), न्यू दिल्लीः विश्व प्रकाशन ।

खनाल, पेशल (२०६६), *शैक्षिक अनुसन्धान पद्धति,* कीर्तिपुर, काठमाडौंः क्षितिज प्रकाशन ।

गौतम, जयराम (२०६५, फागुन), *शिक्षक मासिक,* मच्छिन्द्र मार्ग, जावलाखेलः ललितपुर : जगदम्बा प्रेस ।

ढुंगाना, गंगाराम (२०६३), प्रारम्भिक बालविकास केन्द्र र यसको वर्तमान अवस्था नामक अप्रकाशित शोधपत्र, काठमाडौं : कीर्तिपुर ।

शिक्षा विभाग (२०५९), *बालविकास आधारभूत तालिम पुस्तिका,* सानोठिमी, भक्तपुर : शिक्षा विकास बालविकास शाखा ।

शिक्षा विभाग (२०६१), *प्रारम्भिक बालविकास कार्यक्रम सञ्चालन सम्बन्धी निर्देशिका,* सानोठिमी, भक्तपुर : नेपाल सरकार ।

शिक्षा विभाग (२०६२), *प्रारम्भिक बालविकास दिग्दर्शन,* सानोठिमी, भक्तपुर : नेपाल सरकार ।

शिक्षा मन्त्रालय (२०६६), *विद्यालय क्षेत्र सुधार योजना,* केशरमहल, काठमाडौं : नेपाल सरकार ।

शैक्षिक जनशक्ति विकास केन्द्र (२०६४), *शिक्षण स्रोत सामग्री (सजाय रहित शिक्षण सिकाइ तरिका),* सानोठिमी, भक्तपुर : नेपाल सरकार ।

सिंह, नागेश्वर (२०६५), *शिक्षाका आधारहरु,* रामशाहपथ, काठमाडौं : पैरवी प्रकाशन ।

जोशी, राधाकृष्ण (२०५९), *विकासको निम्ति शिक्षा,* त्रिपुरेश्वर, काठमाडौं : त्रि.वि. सेरिड ।

सेरिड (२०६२), *समुदायमा आधारित बालविकास केन्द्रहरुमा सहयोगी कार्यकर्ताहरुको प्रभावकारी भूमिका,* कार्यगत अनुसन्धान, काठमाडौं : त्रि.वि. सेरिड ।

सेरिड (२०५५), शिशु शिक्षा कार्यक्रमको प्रभावकारिता अध्ययन, काठमाडौं : त्रि.वि. सेरिड ।

## अनुसूची-१

## छनोटमा परेका सामुदायिक विद्यालयमा आधारित बालविकास केन्द्रहरु

| क.सं. | बालविकास केन्द्रको नाम | सम्बन्धित विद्यालयको नाम | ठेगाना |
|---|---|---|---|
| १ | पशुपति बालविकास केन्द्र | पशुपति उ.मा.वि. | राम्जाठाँटी, पर्वत |
| २ | सरस्वती बालविकास केन्द्र | सरस्वती नि.मा.वि. | राम्जा दभाङ, पर्वत |
| ३ | स्यानीपोखरी बालविकास केन्द्र | स्यानीपोखरी प्रा.वि. | पकुवा सिल्मी, पर्वत |

## अनुसूची-२

## छनोटमा परेका बालविकास केन्द्रका सम्बन्धित विद्यालयका प्रधानाध्यापकको विवरण

| क.सं. | प्रधानाध्यापकको नाम | बालविकास केन्द्र | योग्यता | अनुभव |
|---|---|---|---|---|
| १ | गोविन्दप्रसाद शर्मा | पशुपति बालविकास केन्द्र | एम.ए., एम.एड. | २० वर्ष |
| २ | सूर्य प्रसाद गौतम | सरस्वती बालविकास केन्द्र | आइ.ए. | ३५ वर्ष |
| ३ | राम बहादुर के.सी. | स्यानी पोखरी बालविकास केन्द्र | एस.एल.सी. | २१ वर्ष |

## अनुसूची-३

## छनोटमा परेका बालविकास केन्द्रका सहयोगी कार्यकर्ताहरुको विवरण

| क.सं. | सहयोगी कार्यकर्ताको नाम | बालविकास केन्द्र | योग्यता | अनुभव | तालिम |
|---|---|---|---|---|---|
| १ | सुनिता पौडेल | पशुपति बालविकास केन्द्र | एस.एल.सी. टेष्ट पास | ५ वर्ष | ८ दिने आधारभूत |
| २ | मिना शर्मा | सरस्वती बालविकास केन्द्र | दश जोड दुई | ५ वर्ष | ८ दिने आधारभूत |
| ३ | कमला पौडेल | स्यानी पोखरी बालविकास केन्द्र | एस.एल.सी. | ३ वर्ष | ८ दिने आधारभूत |

**अनुसूची-४**

**छनोटमा परेका अभिभावकहरुको नामावली**

| क्र.सं. | बालविकास केन्द्रको नाम | महिला | पुरुष |
|---|---|---|---|
| १ | पशुपति बालविकास केन्द्र | कृष्ण कु. लामिछाने | विक्रम क्षेत्री |
| | | सरला क्षेत्री | यादव शर्मा |
| | | टिका कुमारी पौडेल | बाबुराम पौडेल |
| | | राधा हमाल | शालिकराम शर्मा |
| | | | शंकर हमाल |
| २ | सरस्वती बालविकास केन्द्र | झरना गौतम | शरण बहादुर थापा |
| | | मनमाया के.सी. | चिन्तामणि गौतम |
| | | चित्र कु. थापा | राम प्रसाद पौडेल |
| | | सरिता गौतम | प्रेम बहादुर थापा |
| ३ | स्यानी पोखरी बालविकास केन्द्र | खगेश्वरी के.सी. | कृष्णप्रसाद पौडेल |
| | | देवकी शर्मा | हरि बहादुर वि.क. |
| | | काली वि.क. | धन बहादुर वि.क. |
| | | | गुरुदत्त पौडेल |
| | | | राम बहादुर वि.क. |

## अनुसूची - ५

## समूह छलफलमा भाग लिएका बालविकाहरुको विवरण

| क.सं. | पशुपति बालविकास केन्द्र | सरस्वती बालविकास केन्द्र | स्यानीपोखरी बालविकास केन्द्र |
|---|---|---|---|
| 1 | कौशल लामिछाने* | सविना थापा* | निकिता पौडेल* |
| 2 | सुदृष्टिना क्षेत्री* | लक्ष्मी पौडेल* | प्रवेश के.सी.* |
| 3 | संगम नेपाली* | गोकूल गौतम* | प्रतिमा के.सी.* |
| 4 | आरती क्षेत्री | सुमन गौतम* | प्रविण के.सी.* |
| 5 | करिना क्षेत्री* | सुस्मिता थापा* | विवेक के.सी.* |
| 6 | उज्ज्वल पौडेल* | आकाश गौतम* | उजेली वि.क.* |
| 7 | प्रवेश लामिछाने * | आदेश गौतम* | सुदिप शर्मा* |
| 8 | कृत्रिका क्षेत्री* | सन्तोषी गौतम | रोसनी क्षेत्री* |
| 9 | प्रतिभा क्षेत्री* | सजिना थापा | रस्मिता वि.क.* |
| 10 | असिम शर्मा* | कामना गौतम* | लक्ष्मी वि.क.* |
| 11 | सुवास पौडेल* | प्रेक्षा थापा* | सीता कु. क्षेत्री |
| 12 | अंकिता शर्मा* | प्रविण थापा* | प्रकाश वि.क.* |
| 13 | जसमिन हमाल* | रञ्जन गौतम* | राम ब. वि.क.* |
| 14 | जम्बि हमाल | गीता के.सी.* | राजेन्द्र पौडेल |
| 15 | सन्ध्या तिमिल्सिना* | | शान्ति पौडेल |
| 16 | | | विपना कु. क्षेत्री |
| 17 | | | अस्मिता क्षेत्री |

* समूह छलफलमा भाग लिएका बालकालिका

## अनुसूची - ६

## प्रारम्भिक बालविकास केन्द्रमा शिक्षण सकाइ क्रियाकलापको अवस्था पहिचान गर्न प्रयोग गरेको अवलोकन फाराम

बालविकास केन्द्रको नाम :
स्थापना : अवलोकन मिति :
ठेगाना : उपस्थिति संख्या :
जम्मा बालबालिका : केटा
केटी

| **१. पूर्व तयारी** | छ | छैन | अवस्था |
|---|---|---|---|
| योजना निर्माण | | | |
| समय विभाजन | | | |
| सन्दर्भ सामाग्रीको व्यवस्था | | | |
| शैक्षिक सामग्रीको तयारी | | | |

| **२. कक्षाकोठाको भौतिक तथा शैक्षिक व्यवस्थापन** | छ | छैन | अवस्था |
|---|---|---|---|
| ➢ झ्याल, ढोका<br>➢ आराम गर्ने स्थान<br>➢ कार्यालय<br>➢ पुस्तकालय<br>➢ भण्डारण कोठा<br>➢ ल्याब<br>➢ किचनकोठा<br>➢ कक्षाकोठामा कार्पेट<br>➢ गुन्द्री<br>➢ चकटी<br>➢ डेक्स/बेन्च<br>➢ मेच, टेबुल<br>➢ कुर्ची<br>➢ तीनतीर<br>➢ कालोपाटी/सेतोपाती | | | |
| **३. प्रस्तुतीकरण** | छ | छैन | अवस्था |
| ➢ ठीक समयमा सुरुवात<br>➢ उत्प्रेरणा<br>➢ पुनरावलोकन<br>➢ प्रस्तुतीकरणमा क्रमिकता<br>➢ धारणामा स्पष्टता<br>➢ समय सिमा<br>➢ हाउभाउ, बोलीमा स्पष्टता<br>➢ जातिगत जातिगत बसाइँ व्यवस्थापन<br>➢ समावेशी बसाइँ व्यवस्थापन<br>➢ स्थानीय र विद्यार्थी निर्माण सामाग्रीको प्रयोग<br>➢ सामूहिक अनुभवहरु<br>➢ खाजाको समय<br>➢ विश्राम समय<br>➢ नाट्य र संगीत अनुभव<br>➢ स्वतन्त्र खेल | | | |

**४. आन्तरिक व्यवस्थापनको अवस्था**

| सिकाइ क्षेत्र | उपलब्ध भएका सामगी | अवस्था | विषयवस्तु अनुसार प्रयोग गरेको विधि/क्रियाकलाप | |
|---|---|---|---|---|
| | | | शिक्षक क्रियाकलाप | विद्यार्थी क्रियाकलाप |
| भाषा क्षेत्र<br>गोटी क्षेत्र<br>विज्ञान क्षेत्र<br>गणित क्षेत्र<br>सृजनात्मक क्षत्र<br>संगीत क्षेत्र | | | | |

**५. बाह्य वातावरणको अवस्था**

| वातावरण | उपलब्ध भएका सामगी | अवस्था | विषयवस्तु अनुसार प्रयोग गरेको विधि/क्रियाकलाप | |
|---|---|---|---|---|
| | | | शिक्षक क्रियाकलाप | विद्यार्थी क्रियाकलाप |
| (क) सुरक्षित वातावरण<br>(ख) उपकरण/सामग्री | | | | |

**६. विषयवस्तु अनुसार शिक्षण सिकाइ क्रियाकलाप अवलोकन फाराम**

**६.१ दिमागको लागि**

| क्र. सं. | क्रियाकलाप | प्रयोग भएका सामाग्री | | | | | प्रयोग भएको विधि/क्रियाकलाप | |
|---|---|---|---|---|---|---|---|---|
| | | निःशुल्क प्राप्त भएको | स्थानीय | निर्माण गरेको | किनेको | छैन | शिक्षक क्रियाकलाप | विद्यार्थी क्रियाकलाप |
| 1 | ➢ कथा भन्ने<br>➢ गीत गाउने<br>➢ कविता वाचन<br>➢ नाटक प्रदर्शन<br>➢ सुन्ने र भन्ने | | | | | | | |
| 2 | ➢ वर्ण र संख्या चिन्ने<br>➢ वर्ण र संख्या लेख्ने<br>➢ गन्ती गर्ने | | | | | | | |
| 3 | ➢ स्वाद लिन/चाख्ने<br>➢ वस्तु छुन लगाएर स्पर्श अभ्यास<br>➢ शरीरका विभिन्न अंग पहिचान | | | | | | | |
| 4 | घटना क्रम पहिचान<br>➢ मौसम, दिन बिहान, दिउँसो, बेलुका<br>➢ मिति<br>➢ जन्म<br>➢ उमेर सोध्ने बताउन लगाउने | | | | | | | |

### ६.२ इन्द्रियको लागि

| क. सं. | क्रियाकलाप | प्रयोग भएका सामाग्री | | | | | प्रयोग भएको विधि/क्रियाकलाप | |
|---|---|---|---|---|---|---|---|---|
| | | निःशुल्क प्राप्त भएको | स्थानीय | निर्माण गरेको | किनेको | छैन | शिक्षक क्रियाकलाप | विद्यार्थी क्रियाकलाप |
| 1 | ➢ स्वाद लिन/चाख्ने<br>➢ शरीरका विभिन्न अंग पहिचान | | | | | | | |
| 2 | गन्ध पहिचान | | | | | | | |
| 3 | आवाज सुन्ने, सुनाउने<br>➢ चर्को<br>➢ मधुरो | | | | | | | |
| 4 | ➢ वस्तु छुन लगाएर स्पर्श अभ्यास | | | | | | | |
| 5 | ➢ हेरेर आकार, | | | | | | | |
| 6 | ➢ रंग आदि पहिचान | | | | | | | |

### ६.३ शरीरको लागि

| क.सं. | क्रियाकलाप | प्रयोग भएका सामाग्री | | | | | प्रयोग भएको विधि/क्रियाकलाप | |
|---|---|---|---|---|---|---|---|---|
| | | निःशुल्क प्राप्त भएको | स्थानीय | निर्माण गरेको | किनेको | छैन | शिक्षक क्रियाकलाप | विद्यार्थी क्रियाकलाप |
| 1 | हिंड्ने, कुद्ने<br>➢ बाँगोटिंगो रेखामा<br>➢ कुद्ने<br>➢ एक खुट्टाले टेकेर<br>➢ हातखुट्टा टेक्ने | | | | | | | |
| 2 | उफ्रने अभ्यास<br>➢ चढ्ने<br>➢ ओर्लने<br>➢ उचाल्ने<br>➢ राख्ने<br>➢ फाल्ने<br>➢ समाउने | | | | | | | |
| 3 | ➢ भाँच्ने अभ्यास<br>➢ गाँठो पार्ने अभ्यास<br>➢ फुकाउने अभ्यास<br>➢ कागज पट्याउने<br>➢ च्यात्ने अभ्यास<br>➢ जुत्ता खोल्ने<br>➢ जुत्ता लगाउने<br>➢ कपडा खोल्ने<br>➢ कपडा | | | | | | | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | लगाउने | | | | | | | |
| 4 | ➢ खेलाउने अभ्यास<br>➢ चलाउने अभ्यास<br>➢ मिलाउने अभ्यास<br>➢ निर्माण गर्ने | | | | | | | |
| 5 | ➢ चित्र कोर्ने<br>➢ रङ्ग भर्ने | | | | | | | |

## ६.४ संवेगात्मक विकासको लागि

| क.सं. | क्रियाकलाप | प्रयोग भएका सामाग्री | | | | | प्रयोग भएको विधि/क्रियाकलाप | |
|---|---|---|---|---|---|---|---|---|
| | | निःशुल्क प्राप्त भएको | स्थानीय | निर्माण गरेको | किनेको | छैन | शिक्षक क्रियाकलाप | विद्यार्थी क्रियाकलाप |
| 1 | अभिव्यक्ति<br>➢ नक्कल गर्ने<br>➢ नक्कल गराउने<br>➢ भाव व्यक्त गर्ने<br>➢ आफूलाई लागेका कुरा व्यक्त गर्ने | | | | | | | |
| 2 | ➢ नाटक<br>➢ कथा<br>➢ सुख दुःखका कुराकानी र चित्र | | | | | | | |
| 3 | ➢ माया, स्नेह र प्रेमको अभ्यास | | | | | | | |
| 4 | ➢ प्रशंसा तथा पुरस्कार | | | | | | | |
| 5 | ➢ फिल्म देखाउने<br>➢ कार्टुन देखाउने | | | | | | | |
| 6 | समान व्यवहारको अभ्यास | | | | | | | |
| 7 | चित्र तथा आकार प्रति प्रतिक्रिया | | | | | | | |

### ६.५ सामाजिक समायोजनकको लागि

| क्र.सं. | क्रियाकलाप | प्रयोग भएका सामाग्री | | | | | प्रयोग भएको विधि/क्रियाकलाप | |
|---|---|---|---|---|---|---|---|---|
| | | निःशुल्क प्राप्त भएको | स्थानीय | निर्माण गरेको | किनेको | छैन | शिक्षक क्रियाकलाप | विद्यार्थी क्रियाकलाप |
| 1 | सामुहिक प्रार्थना | | | | | | | |
| 2 | आफ्नो, साथीको, घरपरिवारको नाम भन्ने | | | | | | | |
| 3 | ➢ नङ काट्ने<br>➢ कपला कार्ने<br>➢ हातमुख धुने | | | | | | | |
| 4 | ➢ वरिपरिको वातावरणमा भएका वस्तुहरु चिनाउने<br>➢ शरीरका अंगहरु चिनाउने | | | | | | | |
| 5 | काम गर्दा पालो पर्खने | | | | | | | |
| 6 | समूह कार्य (छलफल, कुराकानी, गीत आदि) | | | | | | | |
| 7 | सरसफाई, अभिवादन, माया गर्ने अभ्यास | | | | | | | |

### ६.६ हातको लागि

| क्र.सं. | क्रियाकलाप | प्रयोग भएका सामाग्री | | | | | प्रयोग भएको विधि/क्रियाकलाप | |
|---|---|---|---|---|---|---|---|---|
| | | निःशुल्क प्राप्त भएको | स्थानीय | निर्माण गरेको | किनेको | छैन | शिक्षक क्रियाकलाप | विद्यार्थी क्रियाकलाप |
| 1 | ➢ सियोमा धागो उन्ने<br>➢ सिलाउने<br>➢ डारी बाट्ने | | | | | | | |
| 2 | ➢ कैंचीले कागज काट्ने<br>➢ काइयोले कपाल कोर्ने<br>➢ साबुनले हात धुने<br>➢ नङकटरले नङकाट्ने | | | | | | | |
| 3 | ➢ मादल बजाउने, बासुरी बजाउने | | | | | | | |
| 4 | ➢ गिलो माटोबाट आकार बनाउने | | | | | | | |
| 5 | दाँत ब्रसिङ गर्ने | | | | | | | |
| 6 | रेडियो खोल्ने, बन्द गर्ने | | | | | | | |
| 7 | घडी लगाउने, फुकाल्ने | | | | | | | |
| 8 | गमले कागज टाँस्ने | | | | | | | |

### ६.७ सहयोगात्मकको लागि

| क.सं. | क्रियाकलाप | प्रयोग भएका सामाग्री | | | | | प्रयोग भएको विधि/क्रियाकलाप | |
|---|---|---|---|---|---|---|---|---|
| | | निःशुल्क प्राप्त भएको | स्थानीय | निर्माण गरेको | किनेको | छैन | शिक्षक क्रियाकलाप | विद्यार्थी क्रियाकलाप |
| 1 | समूह मेलमिलाप चित्र | | | | | | | |
| 2 | अन्धोलाई डोऱ्याउने अभ्यास | | | | | | | |
| 3 | हात समाएर हिंड्ने | | | | | | | |
| 4 | फुकाउने अभ्यास | | | | | | | |
| 5 | नेतृत्व विकास | | | | | | | |
| 6 | घरमा भएको अनुभव साटासाट | | | | | | | |

| **७. मूल्याङ्कन** | छ | छैन | अवस्था |
|---|---|---|---|
| सिकाइ प्राप्तिको लेखाजोखा | | | |
| पृष्ठपोषण | | | |

| **८. निष्कर्ष** | छ | छैन | अवस्था |
|---|---|---|---|
| सारांश प्रस्तुती | | | |
| गृहकार्य | | | |
| कक्षा अन्त्य र विदाइ गीत | | | |

## अनुसूची-७

## प्रारम्भिक बालविकास केन्द्र रहेको विद्यालय प्र.अ.सँग लिएको अन्तर्वार्ता प्रश्नावली

प्र.अ.को नाम : अन्तर्वार्ता मितिः

विद्यालयको नाम : शैक्षिक योग्यता :

अनुभव वर्ष : तालिम :

१. तपाईको विद्यालयमा सञ्चालित बालविकास केन्द्रको शिक्षण सिकाइसँग सम्बन्धित के के योजना निर्माण गर्ने गराउने गर्नुभएको छ ?

.............................................................................................................

योजना बनाउँदा क-कसको सहभागितामा बताउनुहुन्छ ?

.............................................................................................................

निर्माण गरेको योजना कसरी कार्यान्वयन गर्नुभएको छ ?

.............................................................................................................

२. बालविकास केन्द्रका कक्षाकोठा व्यवस्थापन के कस्तो छ ?

.............................................................................................................

३. बालविकास केन्द्रमा सिकाइ केन्द्र (६ कुना) को व्यवस्थापन भएको छ ? छैन भने के गर्नुपर्ला ?

.............................................................................................................

४. शैक्षिक तथा खेल तथा संगीत सामाग्रीको उपलब्धता के कस्तो छ ?

.............................................................................................................

५. केन्द्रसँग सम्बन्धित निर्देशिका, पाठ्यक्रम, पाठ्यपुस्तक र अन्य सन्दर्भ सामाग्रीको उपलब्ध्धता के कस्तो छ ?

.............................................................................................................

६. शिक्षण सिकाइ क्रियाकलापको लागि केन्द्रमा भएका सामाग्रीहरु प्रयोग गरेको पाउनुभएको छ ? छ भने कुन कुन र कसरी प्रयोग गरिएको छ ?

.............................................................................................................

७. दैनिक समय कार्यतालिका विभाजन भएको छ ? छ भने कार्यतालिका अनुसार कार्य भएको छ ?

.............................................................................................................

८. स.का., बालबालिका र तपाईबीचको सम्बन्ध के कस्तो छ ?

.............................................................................................................

९. स.का.को तालिमको अवस्था के छ ?

.............................................................................................................

१०. स.का. को नियमितता कस्तो छ ?

.................................................................................................

११. बालबालिकाहरु नियमित आउँछन् ? आउँदैनन भने के गर्नुपर्ला ?

.................................................................................................

१२. बालबालिकाको शिक्षण सिकाइमा सक्रियता र सहभागिता कस्तो छ ?

.................................................................................................

१३. प्रारम्भिक बालविकास केन्द्रमा विषयवस्तु अनुसार क्रियाकलाप सञ्चालन भएको छ, छ भने के कसरी भएको छ ?

.................................................................................................

१४. बालविकास केन्द्रको शिक्षण सिकाइ क्रियाकलापको कुन-कुन समय कति पटक अनुगमन गर्नुहुन्छ ?

.................................................................................................

१५. बाह्य निकायबाट अनुगमन तथा सुपरिवेक्षण हुने गरेको छ ?

.................................................................................................

१६. मूल्याङ्कन प्रक्रिया के छ ?

.................................................................................................

१७. पृष्ठपोषणको स्थिति के छ ?

.................................................................................................

१८. अभिभावकबाट के के गुनासोहरु आउँछन् ?

.................................................................................................

१९. अभिभावकको सक्रियता कस्तो छ ? छ भने पृष्ठपोषणको स्थिति के छ ?

.................................................................................................

२०. अभिभावकको सक्रियता र सहभागिता बढाउन के गर्नुपर्ला ?

.................................................................................................

२१. तपाईको देखे अनसार बालविकास केन्द्रको शिक्षण सिकाइ क्रियाकलापमा देखिएका राम्रा पक्षहरु के के छन् ?

.................................................................................................

२२. समस्या वा कमजोर पक्षहरु के के पाउनु भएको छ ?

.................................................................................................

२३. कमजोरी सुधार गर्न के गर्नुपर्ला ?

.................................................................................................

## अनुसूची - ८

## सहयोगी कार्यकर्ताको लागि अन्तर्वार्ता प्रश्नावली

बालविकास केन्दको नाम :

स.का.को नाम : अन्तर्वार्ता मिति :

अस्थायी ठेगाना : शैक्षिक योग्यता :

जन्ममिति : तालिम :

वैवाहिक स्थिति : पद :

१. बालविकास केन्द्रको पाठ्यक्रम प्राप्त गर्नुभएको छ ?

.................................................................................................................

२. गर्नुभएको भए कहाँबाट प्राप्त गर्नुभयो ?

.................................................................................................................

३. शिक्षण निर्देशिका प्राप्त गर्नुभएको छ ?

.................................................................................................................

४. शिक्षण निर्देशिका प्राप्त गर्नुभएको भए, प्रयोग गर्नुभएको छ ?

.................................................................................................................

५. तपाइले बालविकास केन्द्रमा शिक्षण सिकाइ क्रियाकलाप सञ्चालन गर्न के पूर्व तयारी गर्नुहुन्छ ? गर्नुहुन्छ भने के कसरी गर्नु भएको छ ?

.................................................................................................................

६. पूर्व तयारी अनुसार कार्य गर्नुहुन्छ ?

.................................................................................................................

७. तपाईको बालविकास केन्द्रको कक्षाकोठामा सिकाइ केन्द्रको ६ कुना व्यवस्थापन गर्नु भएको छ ?

छ भने कुन कुन केन्द्रको कसरी व्यवस्थापन गर्नुभएको छ ?

.................................................................................................................

छैन भने के गर्नुपर्ला ?

.................................................................................................................

८. के शैक्षिक सामाग्रीहरु प्रयाप्त छन् ? छन् भने के कसरी प्रयोग गर्नुहुन्छ ?

.................................................................................................................

९. शिक्षण सिकाइ गर्दा कुन-कुन विधि प्रयोग गर्नुभएको छ ?

.................................................................................................................

१०. शिक्षण सिकाइमा बालबालिकालाई कसरी सहभागी गराउनु हुन्छ ?

.................................................................................................................

११. विभिन्न शैक्षिक सामाग्री र विधि प्रयोग गर्दा देखिएका समस्याहरु के-के छन् ?

.................................................................................................................

१२. के विषयवस्तु अनुसार क्रियाकलाप सञ्चालन गर्नुभएको छ ? छ भने

इन्द्रियहरुको लागि के के क्रियाकलाप गर्नुहुन्छ ?

..........................................................................................

शरीरको लागि के के क्रियाकलाप गर्नुहुन्छ ?

..........................................................................................

दिमागको लागि के के क्रियाकलाप गर्नुहुन्छ ?

..........................................................................................

सामाजिक समायोजनको लागि के के क्रियाकलाप गर्नुहुन्छ ?

..........................................................................................

१३. बालबालिकाको शिक्षण सिकाइमा सक्रियता र सहभागिता कस्तो छ ,

..........................................................................................

१४. अभिभावकहरुबाट के के गुनासोहरु आउँछन् ?

..........................................................................................

१५. तपाई आफ्नो सेवाप्रति र पारिश्रमिक प्रति सन्तुष्ट हुनुहुन्छ ? यदि हुनुहुन्न भने के गर्नुपर्ला ?

..........................................................................................

१६. तपाई बालविकास केन्द्रमा नियमित आउनुहुन्छ ? आउनुहुन्न भने किन ?

..........................................................................................

१७. बालबालिकाहरु नियमित आउँछन् ? आउँदैनन भने के गर्नुपर्ला ?

..........................................................................................

१८. तपाईलाई बालविकास केन्द्रको शिक्षण सिकाइ क्रियाकलापको संचालन गर्दा राम्रा लागेका पक्षहरु के के हुन् ?

..........................................................................................

१९. शिक्षण सिकाइ क्रियाकलाप सञ्चालन गर्दा देखिएका समस्याहरु के के हुन् ?

..........................................................................................

२०. शिक्षा सिकाइ क्रियाकलाप सञ्चालनमा विद्यालयका प्र.अ. शिक्षक र अभिभावकको सम्बन्ध र सहयोगको अवस्था के छ ?

..........................................................................................

२१. बालबालिकाको व्यवहार परिवर्तनको मूल्याङ्कन कसरी गर्नुहुन्छ ?

..........................................................................................

२२. पृष्ठपोषण दिने गर्नुभएको छ ?

..........................................................................................

२३. तपाईको विचारमा प्रभावकारी शिक्षण सिकाइ क्रियाकलाप गर्न के गर्नुपर्ला ?

..........................................................................................

## अनुसूची - ९
## अभिभावकको लागि समूह छलफल निर्देशिका

१) छलफल संचालन प्रक्रिया

- परिचय
- सहभागिलाई कार्यक्रमबारे जानकारी
- सहभागीलाई कार्यक्रमको उद्देश्यबारे जानकारी
- समूह विभाजन
- छलफल सुरुवात
- सूचनाको रेकर्ड

छलफलको लागि विषयवस्तु

(क) भौतिक क्षेत्र

- भौतिक व्यवस्थापन सम्बन्धी
- सामुदायिक नेतृत्व
- आर्थिक सहयोग
- सिकाइ केन्द्र, कक्षाकोठा व्यवस्थापन, फर्निचर तथा कार्पेटिङ
- भौतिक व्यवस्थापनका सवल पक्षहरु
- भौतिक व्यवस्थापनमा देखिएका समस्या वा दुर्वल पक्षहरु

(ख) शिक्षण सिकाइको लागि आवश्यक शैक्षिक तथा खेल सामाग्री सम्बन्धमा

- उपलब्धता
- उपयुक्तता
- छनोट, निर्माण र प्रयोगका अवस्था
- संरक्षण, रेखदेख सम्बन्धमा
- निरन्तर प्राप्त आर्थिक स्रोत सम्बन्धी समस्या
- सवल र दुर्वल पक्षहरु

(ग) शिक्षण सिकाइ क्रियाकलाप संचालन सम्बन्धमा

- स.का.को नियमितता
- बालबालिकाको नियमितता
- प्राप्त साधन स्रोतको प्रयोग
- बालबालिकाको सहभागिता र सक्रियता
- बाल स्वतन्त्रता र व्यक्तित्व विकास
- बालकको सर्वाङ्गीण विकाससँग सम्बन्धित क्रियाकलाप (शारीरिक, संवेगात्मक, बौद्धिक र सामाजिक)
- स.का. र अभिभावकका प्र.अ. सम्बन्ध

(घ) केन्द्र र समुदाय बीचको सम्बन्ध

- अभिभावक भेला
- ECDMC गठन, बैठक र निर्णय
- नियमित बैठक
- अनुगमन र पृष्ठपोषण
- सम्बन्ध विस्तार र हार्दिकता
- स्रोत जुटाउन सामूहिक पहल
- छलफल र अन्तरक्रिया

## अनुसूची - १०

## बालबालिकासँग समूह छलफल निर्देशिका

प्रारम्भिक बालविकास केन्द्रमा शिक्षण सिकाइ क्रियाकलापको अवस्था पहिचान गर्न बालबालिकाहरुसँग गरिने समूह छलफल निर्देशिका

१. समूह छलफल संचालन प्रक्रिया

(क) परिचय आदानप्रदान

(ख) बालबालिकालाई कार्यक्रमबारे जानकारी

(ग) बालबालिकालाई उद्देश्यबारे सरल भाषामा जानकारी

(घ) समूह विभाजन

(ङ) छलफल सुरुवात

(च) सूचनाहरुको रेकर्ड राख्ने

२. समूहमा छलफल हुने विषयवस्तुहरु

(क) बालविकास केन्द्रको भौतिक व्यवस्थापनको अवस्था सम्बन्धमा

- बस्ने ठाउँ, आराम गर्ने ठाउँ, खेल्ने ठाउँ
- फर्निचर, कार्पेट, गुन्द्री आदि
- नेतृत्व र सहयोग सम्बन्धमा
- झ्याल ढोका
- प्रकाश, कालोपाटी, सेतोपाटी

(ख) शैक्षिक तथा खेल सामाग्री सम्बन्धमा

- बालपुस्तकहरु
- कथा, नाटक, कविता, चित्र सम्बन्धी पुस्तकहरु
- मौसम चार्ट सम्बन्धमा
- शरीरको लागि, इन्द्रियको लागि, सामाजिक समायोजनको लागि, दिमागको लागि प्रयोग भएका सामाग्रीहरु ।

(ग) शिक्षण सिकाइ क्रियाकलापको अवस्था

- नियमितता, स्वतन्त्र खेल र मनोरञ्जन
- नाटक अनुभव र संगीत अनुभव
- विषयवस्तु अनुसारको क्रियाकलाप
- शौचालय प्रयोग
- विश्राम समय

(घ) शिक्षण सिकाइ त्रियाकलापको लागि आन्तरिक तथा बाह्य वातावरणका अवस्था

(अ) आन्तरिक वातावरण

- सिकाइ केन्द्र (६ कुना) (भाषा क्षेत्र, गोरी क्षेत्र, गणित क्षेत्र......)
- स्थानीय सामाग्री

(आ) बाह्य वातावरण

(क) सुरक्षित वातावरण (पर्खाल, तार)

(ख) अपकरण/सामाग्री

- पिङ, चाकाचुली, चिप्लेटी, चढ्ने र घस्रने उपकरणहरु, पुल, जाली, खम्बा, भऱ्याङ

## अनुसूची - ११

## स्रोतव्यक्तिको लागि प्रश्नावली

स्रोत केन्द्रको नाम : ठेगाना :

स्रोतव्यक्तिको नाम : बालविकास केन्द्रको नाम :

१. तपाईको स्रोतकेन्द्रमा कतिवटा प्रारम्भिक बालविकास केन्द्रहरु सञ्चालन भएका छन् ?

..........................................................................................................

२. सञ्चालन भएका प्रारम्भिक बालविकास केन्द्को अनुगमन र सुपरिवेक्षण वर्षमा कति पटक र कहिले कहिले गर्नुहुन्छ ?

..........................................................................................................

३. अनुगमन र सुपरिवेक्षण पछि पृष्ठपोषण दिने गर्नुभएको छ ?

..........................................................................................................

४. दिनुभएको छ भने पृष्ठपोषण पछि सो अनुसार कार्य भएको पाउनु भएको छ ?

..........................................................................................................

५. प्रारम्भिक बालविकास केन्द्रमा शिक्षण सिकाइ क्रियाकलापसँग सम्बन्धित के के योजना निर्माण गरेको पाउनु भएको छ ?

..........................................................................................................

६. निर्माण गरेको योजना अनुसार कार्य गरेको पाउनु भएको छ ?

..........................................................................................................

७. प्रारम्भिक बालविकास केन्द्रको कक्षाकोठा के कसरी व्यवस्थापन गरिएको छ ?

..........................................................................................................

८. प्रारम्भिक बालविकास केन्द्रमा सिकाइ केन्द्र (६ कुना) को व्यवस्थापन भएको छ ?
छ भने कुन कुन केन्द्रको व्यवस्थापन के कसरी गरिएको छ ?
छैन भने के गर्नुपर्ला ?

..........................................................................................................

९. प्रारम्भिक बालविकास केन्द्रमा कुन कुन शैक्षिक तथा खेल सामाग्री उपलब्भ भएको पाउनु भएको छ ?

..........................................................................................................

१०. प्रारम्भिक बालविकास केन्द्रमा शिक्षण सिकाइ निर्देशिका, पाठ्यक्रम, पाठ्यपुस्तक र अन्य सन्दर्भ सामाग्रीको उपलब्धता के कस्तो छ ?

..........................................................................................................

उपलब्ध सामग्री प्रयोगका अवस्था के छ ?

..........................................................................................................

११. शैक्षिक सामग्री छनोट, निर्माण र प्रयोगमा बालबालिकालाई सहभागी गराइएको छ ?

..........................................................................................................

१२. दैनिक समय कार्यतालिका विभाजन भएको छ ? छ भने कार्यतालिका अनुसार कार्य भएको पाउनु भएको छ ?

.............................................................................................................

१३. प्रारम्भिक बालविकास केन्द्रमा शिक्षण सिकाइ क्रियाकलाप गर्दा कुन कुन विधिहरु प्रयोग भएको पाउनु भएको छ ?

.............................................................................................................

के प्रयोग भएका विधि उपयुक्त छन् ? छैन भने के गर्नुपर्ला ?

.............................................................................................................

१४. सहयोग कार्यकर्ताको नियमितताको अवस्था के कति छ ?

.............................................................................................................

१५. सहयोगी कार्यकताृको योग्यता र तालिक के कति छ ?

.............................................................................................................

१६. तालिम भए तालिम अनुसार शिक्षण सिकाई कार्य भएको पाउनु भएको छ ?

.............................................................................................................

१७. प्रारम्भिक बालविकास केन्द्रमा शारीरिक, सामाजिक, बौद्धिक र संवेगात्मक विकास गराउने खालका क्रियाकलाप के के गरिएको पाउनु भएको छ ?

.............................................................................................................

१८. विषयवस्तु अनुसारका क्रियाकलाप के कसरी ंचालन भएको पाउनुभएको छ ? (हातको लागि, सहयोगात्मकको लागि, सामाजिक समायोजनको लागि, इन्द्रियको लागि, दिमागको लागि, शरीरको लागि)

.............................................................................................................

१९. बालबालिकाहरुको नियमितता, सहभागिता र सिकाइ उपलब्धिको स्तर के कसतो पाउनुभएको छ ?

.............................................................................................................

२०. बालबालिकाको व्यवहार परिवर्तनको मूल्याङ्कन प्रक्रिया के कस्तो पाउनु भएको छ ?

.............................................................................................................

२१. मूल्याङ्कन पछि पृष्ठपोषण दिने गरिएको छ ?

.............................................................................................................

२२. प्रारम्भिक बालबालिका केन्द्रमा शिक्षण सिकाइ क्रियाकलापको सवल पक्षहरु के के पाउनु भएको छ ?

.............................................................................................................

२३. प्रारम्भिक बालविकास केन्द्रमा शिक्षण सिकाइ क्रियाकलापका कमजोर पक्षहरु के के पाउनु भएको छ ?

.............................................................................................................

२४. तपाईको विचारमा प्रभावकारी शिक्षण सिकाइ क्रियाकलाप गर्न के गर्नुपर्ला ?

.............................................................................................................

# फोटोहरु



सरस्वती बालविकास केन्द्रका सहयोगी कार्यकर्तासँग अन्तर्वार्ता



सरस्वती बालविकास केन्द्रका प्र.अ.सँग अन्तर्वार्ता



सरस्वती बालविकास केन्द्रमा शिक्षण सिकाइको अवलोकन




सरस्वती बालविकास केन्द्रमा बालबालिकासँग समूह छलफल



सरस्वती बालविकास केन्द्रको शिक्षण सिकाइ क्रियाकलापको अवलोकन




पशुपति बालविकास केन्द्रमा शिक्षण सिकाइ क्रियाकलापको अवलोकन




पशुपति बालविकास केन्द्रमा बालबालिकासँग शिक्षण सिकाइ क्रियाकलापको अवलोकन



स्यानीपोखरी बालविकास केन्द्रमा प्र.अ. सँगको अन्तर्वार्ता



स्यानीपोखरी बालविकास केन्द्रमा बालबालिकासँग समूह छलफल




स्यानीपोखरी बालविकास केन्द्रमा स.का.सँगअन्तर्वा

## अन्य झलकहरु



















बालविकास केन्द्रमा भएका सामाग्रीहरुको अवस्था


पर्वत
अध्ययन क्षेत्र
अध्ययन क्षेत्र

उ.मा.शि.प.बाट सम्बन्धन प्राप्त

# श्री पशुपति उच्च माध्यमिक विद्यालय

**SHREE PASHUPATI HIGHER SECONDARY SCHOOL**

**राम्जाठाँटी-९ पर्वत,नेपाल**

*RAMJATHANTI-9, PARBAT, NEPAL*

स्थापित २०२५

पत्र संख्या : ८३६
Let.No. :
चलानी नम्बर : 29
Ref.No. :

धवलागिरि अञ्चल
मिति : २०६६।१०।१२
Date :

विषय :- सहयोग गरिएको

श्री त्रिभुवन विश्वविद्यालय
शिक्षाशास्त्र संकाय, पाठ्यक्रम तथा मूल्याङ्कन विभाग
कीर्तिपुर, काठमाडौं ।

प्रस्तुत विषयमा त्यस त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र संकाय पाठ्यक्रम तथा मूल्याङ्कन विभागका छात्र याम प्रसाद शर्मा गौतम शोध कार्यका लागि यस श्री पशुपति उच्च माध्यमिक विद्यालयमा रहेको बालविकास केन्द्रको शिक्षण सिकाइ क्रियाकलाप सम्बन्धी सूचना संकलन गर्न आउनु भएकोले उहाँलाई आवश्यक पर्ने सबै प्रकारको सहयोग गरिएको व्यहोरा अनुरोध छ।

सुनिता प
सहयोगी कार्यकर्ता
सुनिता पौडेल

०६६।१०।१२
प्राचार्य

# श्री सरस्वती निम्न माध्यमिक विद्यालय

**राम्जा दभाङ्ग, पर्वत**

स्था. २०२१

पत्र संख्या :- ०६६/६८
चलानी नम्बर :- १८

धवलागिरि अञ्चल
मिति : २०६६/०१/२६

विषय :- सहयोग गरिएको ।

श्री त्रिभुवन विश्वविद्यालय
शिक्षाशास्त्र संकाय
पाठ्यक्रम तथा मूल्यांकन विभाग
कीर्तिपुर, काठमाण्डौं ।

प्रस्तुत विषयमा त्रिभुवन विश्वविद्यालय, शिक्षाशास्त्र संकाय पाठ्यक्रम तथा मूल्यांकन विभाग कीर्तिपुर काठमाण्डौं अन्तर्गत एम. एड. दोस्रो वर्षका छात्र श्याम प्रसाद शर्मा गौतमले शोध पत्र अध्ययनको क्रममा सूचना संकलन गर्न यस श्री सरस्वती निम्न माध्यमिक विद्यालय राम्जा दभाङ्ग पर्वतमा रहेको प्रारम्भिक बालविकास केन्द्रमा आउनु भएकोले उहाँलाई आवश्यक पर्ने सबै प्रकारको सहयोग गरिएको व्यहोरा अनुरोध छ ।

(signature)
सहयोगी कार्यकर्ता

(signature)
प्रधानाध्यापक
प्रधानाध्यापक

☎: ०६७-६९००५०

# श्री स्यानी पोखरी प्राथमिक विद्यालय

पकुवा-१, सिल्की, मानडाँडा

पर्वत

प. स. ०६६

च. नं. २२

मिति: २०६६।१०।२४

विषय: सहयोग गरिएको ।

श्री त्रिभुवन विश्वविद्यालय

शिक्षाशास्त्र संकाय

पाठ्यक्रम तथा मूल्याङ्कन विभाग

किर्तिपुर काठमाण्डौ

महोदय,

प्रस्तुत विषयमा त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र संकाय पाठ्यक्रम तथा मूल्याङ्कन विभाग किर्तिपुर काठमाण्डौ अन्तर्गत एम. एड. चौथो वर्षका छात्र श्याम प्रसाद शर्मा गौतमले शोध पत्र अध्ययनको लागि सूचना संकलन गर्न यस श्री स्यानी पोखरी प्राथमिक विद्यालय पकुवा पर्वत मा रहेको प्रारम्भिक बालविकास केन्द्रमा आउनु भएकोले वहाँलाई आवश्यक पर्ने सबै प्रकारको सहयोग गरिएको व्यहोरा अनुरोध छ ।

[ राम बहादुर केसी

प्रधानाध्यापक ]